सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३१ असार २०८२, मंगलबार (15 July 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ मन्त्री गुप्ताको ७८ लाख घुस 'डिल' प्रकरण

प्रधानमन्त्री ओलीको 'रहस्यमय' मौनता

विपक्षी दल, नागरिक समाज मात्र होइन, सत्तारूढ दलबाट समेत घुस 'डिल' गर्ने मन्त्रीमाथि कारबाही र छानबिनको माग
हुँदासमेत प्रधानमन्त्री ओली भने चार दिनसम्म 'मौन' छन्, गुप्तासहितको मन्त्रिपरिषद् बस्यो, तर चर्चासमेत भएन



सोमबार बसेको मन्त्रिपरिषद् बैठकमा ७८ लाख घुस डिल गर्ने संघीय मामिलामन्त्री राजकुमार गुप्ता (दायाँबाट पहिलो)

सुवास भट्ट, कमलराज भट्ट

संघीय मामिलामन्त्री राजकुमार गुप्ताको ७८ लाख घुस डिल प्रकरणमा प्रधानमन्त्री केपी ओलीले 'रहस्यमय' मौनता साधेका छन् । विपक्षी दलहरू, नागरिक समाजले मात्र होइन, सत्तारूढ एमाले-कांग्रेसकै नेता/कार्यकर्ताले समेत मन्त्री गुप्तामाथि कारबाही र छानबिनको माग गरेका छन् । तर, घुस डिलको अडियो सार्वजनिक भएको चार दिन बित्दा पनि प्रधानमन्त्री मौन छन् । सोमबार गुप्तासमेतको उपस्थितिमा मन्त्रिपरिषद् बैठक बसे पनि यति गम्भीर विषयमा सामान्य चर्चासमेत भएन ।

कास्की मालपोतका तत्कालीन प्रमुखलाई सरुवा थमौती र भूमि समस्या समाधान आयोगको जिल्ला अध्यक्ष नियुक्ति गरिदिन भन्दै मन्त्री गुप्ताले बिचौलियासँग ७८ लाख घुस डिल गरेको अडियो सार्वजनिक भएको थियो । संसद्मा त्यसमाथि निरन्तर प्रश्न उठिरहेको छ । सत्तापक्षकै सांसदहरूले पनि एमाले नेतासमेत रहेका मन्त्री गुप्ताको बर्खास्ती र निष्पक्ष छानबिनको माग गरिरहेका छन् । देशले प्रधानमन्त्रीको 'एक्सन' पर्खिरहेको छ । तर, एमाले

» पृष्ठ २ मा क्रमशः

भूमि व्यवस्थामन्त्री अधिकारीले ७० जिल्लामा गरेको भूमि आयोगका अध्यक्ष नियुक्ति पनि

भूमि समस्या समाधान आयोगका अध्यक्षका लागि भएको घुस डिल प्रकरणले अन्य जिल्लाका नियुक्तिको पारदर्शितामाथि पनि प्रश्न उठाएको छ । २९ पुस ०७९ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले ७० जिल्लामा आयोगका अध्यक्ष नियुक्त गरेका थिए । त्यसपछि बाँकी सात जिल्लामा समेत अध्यक्ष नियुक्त भई हाल ७७ वटै जिल्लामा अध्यक्ष तोकिएका छन् । सत्तासहयात्री कांग्रेस र एमालेको संयुक्त भागबन्डामा आयोगका जिल्ला अध्यक्ष नियुक्ति गरिएका थिए । तर, संघीय मामिलामन्त्री राजकुमार गुप्ताले आयोगको जिल्ला अध्यक्ष नियुक्ति गरिदिन घुस डिल गरेको अडियो सार्वजनिक भएपछि अरू नियुक्तिमाथि पनि प्रश्न उठेको छ । उनले भूमि व्यवस्थामन्त्री अधिकारीले समेत घुस खाइसकेको दाबी अडियोमा गरेका छन् ।



मन्त्री अधिकारी

■ सत्तापक्षकै सांसदहरूको माग-

मन्त्री गुप्तालाई बर्खास्त गरी निष्पक्ष छानबिन गरियोस्

सत्तापक्षकै सांसदहरूले पनि ७८ लाख घुस डिल प्रकरणमा संघीय मामिलामन्त्री राजकुमार गुप्तामाथि कारबाही र छानबिनको माग गरेका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै उनीहरूले दुनियाँले सुनेको घुस डिलको अडियो सरकारले नसुनेझैं गर्नु लोकतन्त्रको अपमान भएको बताएका छन् ।

एमाले सांसद किरणकुमार साहले घुस डिल गर्ने मन्त्री गुप्तालाई बर्खास्त गर्न माग गरे । 'म गम्भीर प्रश्न उठाउन चाहन्छु- सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताजीले घुस डिल गरेको अडियो सार्वजनिक भइसकेको अवस्थामा सरकार किन मौन छ ? दुनियाँले सुनेको अडियो सरकारले नसुनेझैं गर्नु लोकतन्त्रको अपमान हो । म यो सदनमार्फत माग गर्दछु- गुप्ताज्यूलाई बर्खास्त गरियोस् र निष्पक्ष छानबिन होस्,' उनले भने ।

सत्तासाझेदार कांग्रेस सांसद ईश्वरी न्यौपानेले पनि मन्त्रीको अडियोको वास्तविकता खोजिन् । 'मन्त्रीको घुस डिल अडियो आएको छ । यसको वास्तविकता के हो ? सदनमा जानकारी दिइयोस्,' उनले भनिन् ।

बैठकमा विपक्षी दलका सांसदहरूले पनि तस्करी र भ्रष्टाचारको मुद्दा उठाउँदै प्रश्न गरेका छन्- दुईतिहाइको बलमा मन्त्रीहरूलाई कानुनभन्दा माथि राख्न मिल्छ ? आकस्मिक समयमा बोल्दै रास्वपा सांसद अशोक चौधरीले भिजिट भिसामा गृहमन्त्री रमेश लेखक, घुस डिलमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई छानबिन गर्न माग गरे । 'सत्ता संरचना के भ्रष्टाचार र मानव तस्करीमा संलग्नहरूलाई उन्मुक्ति दिने रक्षाकवच हो, वा यो सुनियोजित षड्यन्त्र ?' उनले प्रश्न गरे ।

स्पेनको सेभियामा प्रधानमन्त्री केपी ओली सहभागी कार्यक्रममा विभिन्न संस्थामार्फत

» पृष्ठ २ मा क्रमशः

> कांग्रेस महामन्त्री गगन थापाको टिप्पणी



मन्त्रीले लतारेर अघि लैजान्छु भनेपछि प्रधानमन्त्रीले तुरुन्तै मन्त्रीलाई बर्खास्त गरिहाल्नुहोला भन्ने अपेक्षा थियो । तर, टिप्पणी गर्नुपर्ने अवस्था आयो । यसमा छानबिन गरेर दुधको दुध पानीको पानी हुनुपर्छ । तुरुन्तै मन्त्रीलाई बर्खास्त गर्न म प्रधानमन्त्रीजीलाई आग्रह गर्छु ।

(सोमबार काठमाडौंको एक कार्यक्रममा)

■ प्रचण्डको टिप्पणी

जहाँ सरकार, त्यहाँ भ्रष्टाचार

प्रधानमन्त्री ओलीलाई प्रश्न- **चित्रगुप्तलाई जवाफ दिन्छु भन्नुहुन्थ्यो, अब कसलाई जवाफ दिनुहुन्छ ?**



● प्रधानमन्त्रीज्यूलाई म उहाँले 'चित्रगुप्तलाई बयान दिन तयार छु' भनेको उहाँको अभिव्यक्ति स्मरण गर्न अनुरोध गर्दछु । अहिले त जहाँ सरकार त्यहाँ भ्रष्टाचार र बेथिति भनेजस्तो छ । खुल्लमखुला सरकारका मन्त्रीहरूमाथि एकपछि अर्को भ्रष्टाचारका आरोप लागिरहँदासमेत तपाईंलाई सरकार अझै सुशासनकै दिशामा छ भन्ने लाग्छ ? के दिनुहुन्छ अब बयान ?

● राज्यको स्रोत र साधन दोहन गर्न पाइरहेका सीमित दलाल पुँजीपति र बिचौलियाबाहेक तपाईंहरूसँग को खुसी छ ?

● एक वर्षमा सरकार जसरी प्रस्तुत भयो, संख्याको दम्भमा जसरी कुशासनका पहाड ठडिए, जसरी दलाल, बिचौलियाहरूका पक्षमा सरकार नतमस्तक बन्यो । सरकार आज दलाल र बिचौलियाको स्वार्थपूर्तिमा छ भन्ने कुरा आमनागरिक र सत्तारूढ दलकै नेता-कार्यकर्ताको समेत भाष्य बन्न पुगेको छ ।

● संसदीय समितिबाट पारित भएका विधेयकमाथि बिचौलियाले चलखेल गरे भनेर सत्तारूढ दलकै जिम्मेवार पदाधिकारीले भनिरहेका छन् । सरकारमै रहेका पार्टीका नेताले गठबन्धनको औचित्य पुष्टि गर्न माग गरेका छन् । आमनागरिकका भाषामा पनि सरकार संख्याको बलमा टिकेको त छ, तर त्यहाँ जनभरोसा छैन । सरकार बिचौलियाको आदेशपालक बन्न पुगेको छ ।

● नियुक्तिमा भएको चलखेल, हाकाहाकी भएको कमिसन डिल र बिचौलियाहरूकै इसारामा अघि बढाइएका कार्यहरूबाट यो सरकारको उद्देश्य र चरित्र अझ प्रस्ट हुन गएको छ ।

● अहिले फेरि नयाँ स्टक एक्सचेन्जका लागि निकै ठुलो चलखेल भइरहेको छ । के सरकार अहिलेको प्रक्रिया रद्द गरी लाइसेन्स लिन चाहने इच्छुकहरूलाई निर्धारित मापदण्ड र विधिसम्मत तरिकाले प्रक्रिया अघि बढाएर भ्रष्टाचार रोक्न तयार छ ? यसैगरी विगतमा प्रधानमन्त्रीकै पार्टीले सडकमा आन्दोलन गरेर रोकिएको सुरक्षा निकायको हतियार किन्ने प्रक्रिया अहिले आएर कसको स्वार्थमा अघि बढाउन खोज्नुभएको छ ?

● यो एक वर्षमा कसको विश्वास जित्नुभयो प्रधानमन्त्रीज्यू ? कुनचाहिँ वर्गका मानिस खुसी छन् ? सरकारका गतिविधिले कसले पाउँदै छ लाभ ? जनताको त कुरै छोडौं सरकारका गतिविधि र नेतृत्वको प्रवृत्तिले तपाईंहरूकै कार्यकर्तासमेत सन्तुष्ट हुन सकिरहेका छैनन् ।

● तपाईंहरूकै कुशासनको परिणामस्वरूप मैले एक वर्ष अगाडि प्रकट गरेको चिन्ता केही समयअघि तीनकुने र देशका विभिन्न भागमा भएका प्रतिगामी हर्कतका रूपमा देखापरे । यही कारण व्यवस्था र प्रणालीमाथि नै प्रश्न उठाउनेहरू सक्रिय बने ।

● रातारात विधेयकहरू प्रतिनिधिसभामा पेस हुँदा चलखेल र छेडखानी गरेर कस्तो शासनको अभ्यास गर्रिदै छ ? दुई दलको अहंकारले सार्वभौम संसद्लाई समेत बिचौलियाहरूको खेलमैदान बनाइएको छ । यो देश र जनताका लागि दुर्भाग्यपूर्ण र खेदजनक छ ।

नयाँ पत्रिका

माओवादी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले देशमा भ्रष्टाचार, अराजकता र दलाल प्रवृत्तिको बोलवाला भएको आरोप लगाएका छन् । प्रतिनिधिसभामा सोमबार विशेष समय लिएर बोलेका प्रचण्डले गम्भीर आत्मसमीक्षा र कठोर निर्णय नगरे जनधैर्यको सीमा विस्फोटमा परिणत हुने चेतावनी दिए । उनले सरकार, प्रधानमन्त्री र मन्त्रीहरूमाथि दर्जनौं प्रश्न पनि उठाएका छन् ।

प्रचण्डले सरकार गठन हुँदा आफूले बिचौलियाको स्वार्थ पूर्ति गर्न बनेको भनेको र आज एक वर्षपछि सत्तारूढ दलकै नेता-कार्यकर्ता पनि त्यो

» पृष्ठ २ मा क्रमशः

बिमा प्राधिकरणका अध्यक्ष ओझा निलम्बनमा

ओझाको कार्यसम्पादन योग्यता छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश कृष्ण गिरीको संयोजकत्वमा छानबिन समिति गठन

नयाँ पत्रिका

नेपाल बिमा प्राधिकरणका अध्यक्ष शरद ओझा न्यायिक छानबिनमा तानिएसँगै निलम्बनमा परेका छन् । उनी नियुक्तिको साढे चार महिनामै निलम्बनमा परेका हुन् ।



शरद ओझा

मन्त्रिपरिषद्को सोमबारको बैठकले ओझाको कार्यसम्पादन र योग्यता छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश कृष्ण गिरीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको हो । छानबिन समितिमा पूर्वसहसचिव जीवनप्रकाश सिटौला र तत्कालीन बिमा समितिमा दुईपटकसम्म बोर्ड सदस्य भएका कपिलदेव ओली सदस्य छन् । एक महिना समयावधि पाएको समितिले ओझामाथि छानबिन गरेर सरकारलाई सिफारिस गर्नेछ । समितिको सिफारिसका आधारमा सरकारले आवश्यक निर्णय गर्नेछ ।

सरकारले ओझालाई गत १२ फागुनमा प्राधिकरणमा नियुक्त गरेको थियो । तर, योग्यताबारे उजुरी परेपछि ओझामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरेको थियो । अख्तियारले छानबिन गर्दा सिफारिस समितिमाथि पनि कारबाही हुन सक्ने भएपछि सरकारले अर्को बाटोबाट न्यायिक छानबिन समिति गठन गरेको हो ।

बिमा ऐन, २०७९ को दफा ९ अनुसार अध्यक्षको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुने व्यवस्था छ । सरकारले

» पृष्ठ २ मा क्रमशः

नि:सन्तान दम्पतीलाई सन्तानोत्पादन गराइदिने प्रलोभनमा किशोरीको डिम्ब बेचबिखन

'होप फर्टिलिटी'का पाँच व्यवस्थापक पक्राउ

टेकराज थामी/नयाँ पत्रिका

बबरमहलस्थित 'होप फर्टिलिटी एन्ड डायग्नोस्टिक प्रालि'ले नि:सन्तान दम्पतीलाई बच्चा जन्माउन सहयोग गर्ने नाममा किशोरीहरूको शरीरलाई प्रयोगशाला बनाएको पाइएको छ । किशोरीको भविष्य, स्वास्थ्य र आत्मसम्मानमाथि व्यापार गर्ने कम्पनीका पाँच व्यवस्थापक पक्राउ परेका छन् ।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा नि:सन्तान दम्पतीलाई सन्तानोत्पादन गराइदिने प्रलोभनमा प्रालिले गैरकानुनी ढंगले डिम्बको कारोबार गर्ने गरेको खुलेको हो । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को प्रारम्भिक छानबिनमा १८ वर्षमुनिका किशोरीलाई विभिन्न प्रलोभन देखाई डिम्ब

» पृष्ठ २ मा क्रमशः



'नियोजित' रूपमा सरकारले नै लम्ब्याउँदै छ विद्यालय शिक्षा विधेयक



शिक्षामन्त्री रघुजी पन्तले पाँच दिनको समय मागे, तर आठ दिनसम्म दिएनन् निर्णय, 'असारभरि व्यस्त छु' भन्दै मन्त्री बैठकमा नआएपछि संसदीय समिति नै बन्धक

(विस्तृत पृष्ठ ३)

मधेशमा विपक्षी दलको बहिष्कारबिच प्रदेश सभाबाट बजेट पारित

अर्थमन्त्री सुनीलकुमार यादवले ल्याएको ४६ अर्ब ९८ करोड ३३ लाखको बजेट आवश्यक छलफल र प्रक्रिया नै पूरा नगरी पास

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

१३५ रोपनी जग्गाका लागि संघीय मामिलामन्त्री गुप्तासँग भएको थियो ५३ लाख घुस डिल

यस्तो छ बिचौलियाले भनेको 'टुलुटुलु हेरेर बसिरहेको' पोखराको जग्गा



नयाँ पत्रिका

बिचौलियाले संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तासँगको ५३ लाख घुस डिलको अडियो टेपमा भनेको सुनिन्छ, 'पोखराको जग्गाले टुलुटुलु हेरेर बसिरहेको र त्यसलाई हेरेर बसेर हुन्छ ?' अनि मन्त्री गुप्ताको जवाफ हुन्छ- १५ महिनासम्म के हेरिरहेको ? यो त्यही १३५ रोपनी जग्गा हो, जुन पोखरा महानगरपालिका- १६, बाटुलेचौर (महेन्द्र गुफा जाने बाटो)मा पर्छ । लिचीघारीको जग्गा हत्याउन कास्कीका प्रमुख मालपोत अधिकृतको सरुवा थमौती भएको थियो । उजुरीकर्ताहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता गरेअनुसार त्यसमा ५३ लाख रुपैयाँको डिल भएको थियो ।

■ दशकौंदेखिको विवादमा छिरेका बिचौलिया

पोखरा महानगरपालिका- १६, बाटुलेचौरमा कम्तीमा १३५ रोपनी क्षेत्रफलको लिचीघारीमा दशकौंदेखिको विवाद छ । महेन्द्र गुफानजिकै रहेको जग्गा हत्याउन व्यापारिक समूह लागिरहेको थियो, यही विवादमा केही वर्षयता बिचौलिया छिरेका थिए ।

०१५ सालताका बिर्तामा पाएको सो जग्गा राणा परिवारको स्वामित्वमा थियो । ०१६ मा बिर्ता उन्मूलन भएपछि जग्गालाई लालपुर्जा लिएर, तिरो तिरेर रैकर बनाउनुपर्थ्यो । तर, त्यसो नगरी जग्गा किनबेच चल्यो । व्यक्तिहरूले जग्गाको लिखत नै पास गरे ।

०३२ मा जसले जग्गामा हकभोग गरिरहेको थियो, उनैले नापी गरेर आ-आफ्नो नाममा दर्ता गरेर किनबेच, अंशबन्डासमेत गरेको देखिन्छ । ०५९ सालमा पुनः नापी हुँदा पुर्जा हुनेले हालसाबिक गरेर लगे । यसैगरी चल्दै गयो ।

०८० मा दुर्गादेवी शाह परिवार खलकका चारजनाले उक्त जग्गामा आफ्नो हक दाबी गर्दै मालपोत कार्यालयमा निवेदन दिए । शाह उही राणा परिवारकी पुस्ता हुन् । यसपछि जग्गामा बिचौलिया छिरेका थिए ।

तर, यो जग्गामा शाह खलकमा हकदाबी दिन जटिलता छ । यही जटिलता फुकाउन बिचौलिया सेटिङमा लागेका देखिन्छन् । यसका लागि उनीहरू कास्की मालपोत प्रमुख अधिकारीको थमौतीमा लागेका हुन् । उनीहरूले मन्त्रालयसम्मै पहुँच विस्तार गरिरहेका छन् ।

कास्की जिल्लास्थित तत्कालीन मालपोत कार्यालय प्रमुख रामचन्द्र अधिकारीलाई गत २२ पुसमा कास्की मालपोतबाट सरुवा गरेर लमजुङ मालपोतमा पठाइएको थियो । अधिकारीको ठाउँमा चिरञ्जीवी पौडेल आए । पौडेलबाट काम नहुने निष्कर्षमा पुगेपछि बिचौलिया अधिकारीको थमौतीमा लागेको थियो । त्यही क्रममा घुस डिल भएको थियो ।

जग्गामा आफ्नो हकदाबी लाग्ने भनेर शाह खलकले केही तर्कहरू अघि सारेका छन् । यसबारे ०३१ र ०४० मा जिल्ला अदालतले गरेका केही अस्पष्ट फैसला पनि छन् । यसबारे मुद्दा परेपछि अदालतले जग्गामा चार किल्ला तोकेर यसभित्रको जग्गामा दुर्गादेवी शाहलगायतको हक लाग्ने फैसला गरिदिएको थियो । फैसलामा अदालतले नक्सा नै बनाइदिएको थियो । पुनः ०४० मा यस्तै खालको फैसला अदालतबाट भएको देखिन्छ । यही अदालतको फैसलाका आधार उनीहरूले अहिले जग्गामा दाबी गरिरहेका छन् ।

तर, अदालतको फैसलाले तयार गरेको नक्सा र नापीको नक्सा मिल्दैन । शाह खलकले मालपोतमा हकदाबी गर्दै निवेदन हालेपछि मालपोत कार्यालयले जग्गा यकिन गर्न नापी कार्यालयमा पठाएको थियो । तर, नापीले लामो समयसम्म पनि कुनै जवाफ दिएन । केही समयअघि नापीले जग्गा यकिन गर्न नसक्ने पत्र मालपोतलाई पठाएको छ । अदालतको फैसलाअनुसार जग्गा यकिन नहुने जवाफ नापीको छ । चार किल्लामा भएको र अदालतले तयार गरेको नक्सासँग नापीको नक्सा नै 'म्याच' नहुने अवस्था छ । 'दाबीबमोजिम राणाहरूलाई जग्गा दिन असम्भवझैं छ,' मालपोत स्रोत भन्छ, 'अदालतले पनि फलानो जग्गा बदर गर्ने भनेर लेखेको भए गर्न सकिन्थ्यो । फेरि जग्गा यकिन गर्ने काम नापीको हो । नापीले नै यकिन नगरेपछि मालपोतले निर्णय गर्न सक्दैन,' मालपोतका एक अधिकारीले भने । यही विवादमा खेलेर बिचौलियाले सेटिङ गरिरहेका छन् ।

जसपाले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय पुनर्विचार गर्ने

नयाँ पत्रिका

सरकारको कार्यशैलीमा सुधार गर्ने कांग्रेस र एमालेको प्रतिबद्धतापछि जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय पुनर्विचार गर्ने भएको छ। प्रधानमन्त्री केपी ओलीको पहलमा सोमबार बालुवाटारमा बसेको शीर्ष नेताहरूको बैठकमा कांग्रेस र एमालेका नेताहरूले सरकारको कामप्रति गम्भीर समीक्षा गरी सुधार गर्ने प्रतिबद्धता जनाएपछि जसपा तत्कालका लागि समर्थन फिर्ता नलिने निष्कर्षमा पुगेको हो।

दुई दलले प्रतिबद्धताअनुसार सरकारको कार्यशैली सुधारका लागि ल्याउने ठोस प्रस्तावपछि मात्र समर्थन फिर्ताको निर्णयमाथि पुनर्विचार गर्ने जसपा अध्यक्ष उपेन्द्र यादवको सर्त छ। 'उहाँहरूले निर्मम समीक्षा गरेर त्रुटिहरू सच्याउने र सरकारले कार्यशैली सुधारेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो। हामीले केही दिनमै त्यसका लागि ठोस प्रस्ताव आओस्, त्यसपछि बसेर छलफल गरेर समर्थन फिर्ताबारे पुनर्विचार गर्छौं भनेका छौं,' बैठकपछि जसपा नेता राजकिशोर यादवले नयाँ पत्रिकासँग भने।

बैठक सुरु भएपछि प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले दुई ठुला दल सम्मिलित अहिलेको गठबन्धन २०८४ सम्मकै लागि बनेकाले समर्थन फिर्ता लिएर सहकार्य नतोड्न अध्यक्ष उपेन्द्र यादवको ध्यानाकर्षण गराएका थिए। 'हामी लामो समयदेखि सहकार्यमा छौँ, अहिलेको गठबन्धन ०८४ सम्मकै लागि बनेको हो, तपाईंहरूले किन बिचैमा समर्थन फिर्ता लिन खोज्नुभएको ? पूर्ण कार्यकाल सहकार्य गर्दै अगाडि बढौँ,' बैठकमा प्रधानमन्त्री ओलीको आग्रह थियो।

जवाफमा जसपा अध्यक्ष यादवले दुई ठुला दलको सातबुँदे सहमतिअनुसार संविधान संशोधनदेखि विधेयक निर्माणको काम अगाडि बढ्न नसकेको र दुई दल मिलेर छलफल र निर्णयहरूमा बाइपास गर्ने गरेकाले सरकारमा बस्नुको अर्थ नरहेको गुनासो राखेका थिए। जवाफमा कांग्रेस र एमालेले मंगलबारबाटै प्रभावकारी ढंगले सरकार सञ्चालन गर्ने बताएका थिए। बैठकमा एमालेबाट प्रधानमन्त्री ओलीसहित उपप्रधानमन्त्री विष्णु पौडेल, महासचिव शंकर पोखरेल र उपमहासचिव विष्णु रिमाल, कांग्रेसबाट सभापति देउवासहित गृहमन्त्री रमेश लेखक तथा जसपाबाट अध्यक्ष उपेन्द्र यादव र नेता राजकिशोर यादव सहभागी थिए।

प्रधानमन्त्री ओलीको...

पृष्ठ १ बाट क्रमशः

अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले सार्वजनिक प्रतिक्रिया दिनसमेत आवश्यक ठानेका छैनन्।

प्रधानमन्त्री ओलीले सोमबार मन्त्री गुप्तालाई बालुवाटार बोलाएर कुराकानी गरेको सार्वजनिक भएको छ। तर, यो प्रकरणमा उनीमाथि कारबाही हुने-नहुने अझै रहस्यमै छ।

उजुरीकर्ताहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गुप्ताले लिएको घुसको रकम, नोट नम्बर र फोटोसहित उजुरी गरेका छन्। त्यसभन्दा पनि बढी घुस डिल भएको प्रमाणसहित अडियो नै सार्वजनिक भइसकेको छ। मन्त्री गुप्ताले अप्रत्यक्ष रूपमा यसबारे स्वीकार पनि गरिसकेका छन्। तर, त्यसउपर छानबिनका लागि प्रधानमन्त्रीका तर्फबाट कुनै गुञ्जायस देखिएको छैन।

सोमबार बिहान प्रधानमन्त्री ओलीले मन्त्री गुप्तालाई आफ्नो निवास बालुवाटारमा बोलाएर सोधपुछसमेत गरेका थिए। तर, साँझ आफ्नै निवास बालुवाटारमा डाकेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्रीले मन्त्रीको घुस डिलबारे विषय नै प्रवेश गराएनन्। 'बैठकमा मन्त्रीको घुसकाण्डबारे विषय नै प्रवेश भएन,' एक मन्त्रीले नयाँ पत्रिकासँग भने, 'प्रधानमन्त्री र मन्त्रीहरूले घुस प्रकरणबारे कुनै शब्द नै उच्चारण गरेनन्।'

आफ्नो मन्त्रिपरिषद्का कोही सदस्यमाथि प्रश्न या विवाद सिर्जना हुँदा उसलाई हटाउने पूर्ण अधिकार प्रधानमन्त्रीलाई हुन्छ। तर, यति ठुलो विवादमा पनि प्रधानमन्त्रीले घुस डिल गर्ने मन्त्रीलाई संरक्षकत्व प्रदान गरेका छन्। किनभने ६ महिनाअघिको यस घटनाबारे प्रधानमन्त्री यसअघि नै जानकार थिए। तर, घटना सामसुम पारिएको थियो। सञ्चारमाध्यममा सार्वजनिक भएपछि मात्र विषय आम भएको हो। त्यसपछि पनि प्रधानमन्त्री ओली गम्भीर देखिएका छैनन्।

घुस विवादमा मन्त्री गुप्ताले भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई समेत तानेका छन्। त्यसैले प्रश्न दुवै मन्त्रीमाथि छ। ७८ लाख रुपैयाँ घुसको आरोप बोकेर मन्त्रीहरू पदमै बहाल छन्। दुवैजना मन्त्रीका रूपमा मन्त्रालयमा कार्य गरिरहेका छन्।

मन्त्री गुप्ताविरुद्ध गत १० असारमै अख्तियारमा उजुरी परेको थियो। यसबारे अख्तियारले छानबिन अघि बढाएको जनाए पनि अवस्था यकिन छैन। घुस प्रकरणमा मुछिएका सामान्य प्रशासनमन्त्री गुप्ता र भूमि व्यवस्थामन्त्री अधिकारीलाई मन्त्री पदबाट निलम्बन गरी हदैसम्मको कारबाही गर्न मागसहित प्रधानमन्त्री कार्यालयमा आइतबार उजुरी दर्ता भएको छ।

मन्त्री गुप्तालाई...

पृष्ठ १ बाट क्रमशः

असम्बन्धित व्यक्ति पठाइएको भन्दै चौधरीले यस घटनाले राज्य संयन्त्र संलग्न अपराधलाई पुष्टि गर्ने दाबी गरे। 'मानव तस्करी र भ्रष्टाचार यति ठुलो आकारमा सरकारी संयन्त्रको साँठगाँठविना सम्भव हुँदैन,' उनले भने, 'यसलाई कास्की मालपोत कार्यालय र जिल्ला भूमि आयोगमा सरुवा थमौती घुस डिल मिलेमतो र मन्त्रीहरूबिचको आरोप-प्रत्यारोपले पनि पुष्टि गर्छ।'

घुस डिललगायत गम्भीर आरोपबिच कर्तव्यच्युत भएर मन्त्रीहरू पदमा टिकिरहनु नैतिकताको अपमान भएको उनले बताए। 'जनतालाई जेल र भ्रष्ट मन्त्रीलाई कुर्सी ! यो अन्याय होइन ? शंका मन्त्रीहरूमा छ। घुसको डिल गर्ने, मानव तस्कर गर्ने मन्त्रीहरूलाई संरक्षण गर्ने अधिकार प्रधानमन्त्रीलाई कसले दियो ?' उनले प्रश्न उठाए, 'दुईतिहाइको बलमा शासन गर्ने सरकारले आफ्ना मन्त्रीहरूलाई कानुनभन्दा माथि राख्न मिल्छ ?' गृहमन्त्री रमेश लेखक, भूमिसुधारमन्त्री र संघीय प्रशासनमन्त्रीमाथि लागेका किन छानबिन गरिएको छैन ? यदि उनीहरू संविधानभन्दा माथि छैनन् भने तुरुन्त कारबाही होस्।'

माओवादी उपमहासचिव जनार्दन शर्माले संघीय मामिलामन्त्री र भूमिसुधारमन्त्रीको घुस डिलबारे जवाफ माग गरे। 'उनीहरूको घुस डिल अडियोबारे सरकार किन मौन छ, जवाफ चाहियो,' उनले भने।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले मन्त्रीको घुस डिल आउँदा सुशासन आयोग कहाँ छ भनेर प्रश्न गरे। उनले मन्त्रीहरूले नैतिकताका आधारमा राजीनामा गर्नुपर्ने माग गरे। 'कहाँ छ यो प्रधानमन्त्रीको सुशासन आयोग ? जनता र देशले खोजिरहेको छ। मन्त्रीहरू एकपछि अर्को लेनदेन काण्डमा मुछिइराखेको तथ्य आइरहेको छ। यदि उनीहरूमा नैतिकता र सुशासनप्रति अलिकति प्रतिबद्धता छ भने राजीनामा आउनुपर्ने होइन र ? वा प्रधानमन्त्रीले मन्त्रीहरूलाई बर्खास्त गर्नुपर्ने हो कि होइन ?' उनले सोधे।

उनले थपे, 'दुई ठुला पार्टी मिलेर सरकार बनाएर देश लुटेर बस्ने र अरू जनताले टुलुटुलु हेरेर बस्ने कदापि स्वीकार्य हुँदैन। यसको प्रतिवाद गरिन्छ।' लिङ्देनले भिजिट भिसा प्रकरणमा निरन्तर विरोधमा आवाज उठाइरहेको, तर सत्तापक्षले गलत व्याख्या गरेको भन्दै आपत्ति जनाए।

माओवादी सचिव देवेन्द्र पौडेलले मन्त्रीहरूको घुस डिलबारे प्रधानमन्त्रीले सदनमा आएर जवाफ दिनुपर्ने माग गरे। 'शून्य सहनशीलता र भ्रष्टाचार नियन्त्रणको प्रतिबद्धता कहाँ छ ? लोकतन्त्रको इमानी शासन प्रणाली कहाँ छ ? नैतिक मानक मूल्य-मान्यताको प्रतिबद्धता कहाँ छ ?' उनले प्रश्न गरे।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आफूले कुनै डिलिङ गरेको र पैसा लिएको प्रमाण देखाउन चुनौती दिएका छन्।

नि:सन्तान...

पृष्ठ १ बाट क्रमशः

निष्कासन गराउने र त्यसपछि सामान्य रकम दिएर बिदा गर्ने गरेको देखिएको छ। उजुरी परेपछि प्रहरीले गोप्य ढंगले अनुसन्धान थालेको थियो। त्यसपछि पाँच व्यवस्थापक पक्राउ परेका हुन्। थप अनुसन्धानका लागि उनीहरूविरुद्ध म्याद पनि थप भएको छ। तर, उनीहरूको नाम सार्वजनिक गरिएको छैन।

सिआइबीका प्रवक्ता एसपी युवराज खड्काले घटना सम्बन्धमा अनुसन्धान भएको बताए। 'डिम्बाको अवैध कारोबार भएको सन्दर्भमा सिआइबीले अपरेसन चलाएको हो। यस सम्बन्धमा सिआइबी सम्भवतः आजै(मंगलबार) नै पत्रकार सम्मेलन गर्ने तयारीमा छ,' उनले भने।

प्रहरीका अनुसार होपले पछिल्लोपटक १८ वर्षभन्दा कम उमेरका दुई किशोरीलाई विभिन्न प्रलोभन दिएर बबरमहलस्थित क्लिनिकमा बोलाएको थियो। किशोरीलाई प्रभावमा पारी डिम्बा निष्कासन गरिएको थियो। त्यसबापत किशोरीलाई १० हजार रुपैयाँ दिएर बिदा गरेको थियो। र, किशोरी ल्याई दिने बिचौलियालाई भने २० हजार रुपैयाँ उपलब्ध गराएको थियो। प्रहरी स्रोतले पछिल्लो चरणमा माइनर एजका दुई किशोरीको त्यसैगरी डिम्बा निकालिएको र उनीहरूलाई १०-१० हजार रुपैयाँका दरले रकम दिइएको खुलेको बतायो।

प्रलोभनमा फसेका किशोरीले घटनाबारे अभिभावकलाई बताएपछि तथ्य सार्वजनिक भएको थियो। त्यसलगत्तै, अभिभावक उजुरी दिन मानव बेचबिखन तथा अनुसन्धान ब्युरो पुगेका थिए। घटना गम्भीर प्रकृतिको देखिएपछि ब्युरोले अनुसन्धानका लागि सिआइबीसँग परामर्श लिएको थियो। त्यसलगत्तै घटनाको अनुसन्धानमा सिआइबी संलग्न भएको थियो।

ब्युरो स्रोतले भन्यो, 'सुरुमा घटना मानव अंग तस्करीजस्तो देखियो। त्यसो हुँदा उजुरी हामीले लियौँ। बुझ्दै जाँदा घटना गम्भीर र फरक प्रकृतिको देखियो। त्यसपछि सिआइबीसँग परामर्श भयो। अहिले सिआइबी र ब्युरोको संयुक्त टोलीले घटनाको अनुसन्धान गरिरहेको छ। यसको निष्कर्ष केही दिनमै आउनेछ।' ब्युरोका प्रमुख एसएसपी कृष्ण पंगेनीले मानव बेचबिखन आकर्षित नहुने भएको हुँदा घटनाको अनुसन्धान सिआइबीले गरेको बताए।

प्रहरीले गत २६ असारदेखि घटनाको अनुसन्धान गरेको थियो। त्यसलगत्तै प्रहरीले होपका दुईजनालाई आइतबार र थप तीनजनालाई सोमबार पक्राउ गरेको हो। उनीहरूविरुद्ध थप अनुसन्धानका लागि जिल्ला अदालत काठमाडौंबाट पाँच दिनको म्याद थप भएको छ। जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले घटनामा संलग्नविरुद्ध म्याद थप गर्न सोमबार अदालतसमक्ष माग गरेको थियो। सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता रामहरि काफ्लेले डिम्बाको अवैध कारोबार गर्ने पाँचजनाविरुद्ध थप अनुसन्धानका लागि म्याद थप गर्न अदालतसमक्ष अनुरोध गरेको बताए।

स्वास्थ्य अनुसन्धान तथा यौन रोग विशेषज्ञ डा. खेमबहादुर कार्कीले शुक्रकीट बैंक गर्ने कानुनी प्रावधान रहे पनि डिम्बा दान गर्ने भने कुनै कानुनी प्रावधान नरहेको बताए। उनले भने, 'कुनै स्वस्थ मान्छेको शुक्रकीटलाई लगेर बैंक गर्ने कानुनी प्रावधान छ। तर, महिलाको डिम्बा दान गर्ने कानुनी प्रावधान भने नेपालमा हालसम्म छैन। बेबी सेरोगेट गर्नेसम्मका गतिविधि भएका हुन्। तर, पछिल्लोपटक यसलाई प्रतिबन्ध गरिएको छ।' प्रहरीको अपरेसनपछि होपको कार्यालय बन्द छ। वेबसाइटमा पनि विवरण डिएक्भिट बनाइएको छ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाडौं।

सूचना नं. CRLLP/PCMU/GOODS/G-०१/२०८१-०८२

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२।०३।३१ गते

यस विभागको मिति २०८२।०२।१४ गते राष्ट्रिय दैनिक Risingnepaldaily.com र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्रको सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका बोलपत्रदाताहरूमध्ये सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ बमोजिम न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको निम्न बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) बमोजिम विभागको निर्णयानुसार स्वीकृतिका लागि छनोट गरिएकोले सोही ऐनको दफा २७ को उपदफा (२), (३) र दफा ४७ को उपदफा (१) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	सामानको नाम	ठेक्का नं.	संख्या	छनोट भएको फर्मको नाम ठेगाना	कबोल अंक (भ्याटबाहेक)	कैफियत
१.	PROCUREMENT OF 4 WD DOUBLE CAB PICK-UP	CRLLP/PCMU/GOODS/ G-01/2081.082	३	श्री Agni Incorporated Private Limited, Gairidhara, Kathmandu	१,३५,५३,०९७।३०	

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय धरान

सुनसरीको अत्यन्त जरुरी सूचना
प्रारम्भिक/संशोधित कर निर्धारण (सबुत प्रमाण पेश गर्ने) को सूचना

प्रकाशित मिति : २०८२/०३/३०

यस कार्यालयलको कार्यक्षेत्र अन्तर्गतका देहाय बमोजिमका करदाताहरूको आ.ब. २०७७/०७८ को लागि तपसिल अनुसार मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश, आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम अग्रीम कर निर्धारण र आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गरी क्रमश: मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९ को उपनियम (१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश, आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम अग्रीम कर निर्धारणको आदेश र आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (६) बमोजिम यो सूचना प्रकाशित गरीएको छ। यस कार्यालयबाट भएको कर निर्धारण सम्बन्धमा कर निर्धारण हुनु नपर्ने कुनै आधार, कारण र सबुत प्रमाण भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र करदाता स्वंय वा अख्तियार प्राप्त प्रतिनिधि मार्फत यस कार्यालयमा पेश गर्नु हुन जानकारी गराईन्छ। अन्यथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९ को उपनियम (३) बमोजिम अन्तिम कर निर्धारण आदेश, आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम अग्रीम कर निर्धारणको आदेश र आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम संशोधित कर निर्धारणको सूचना जारी भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

सि. नं	स्थायी लेखा नम्बर	करदाताको नाम	ठेगाना	प्रोप्राईटर/ साझेदार/ संचालकको नाम	प्रारम्भिक कर निर्धारण	अग्रीम कर निर्धारण	संशोधित करयोग्य आय
१	३०४९८८०९३	एच.के.ट्रेडर्स	धरान-१६, सुनसरी	गणेश कुमार भुजेल	४३६५९७२६३.००	०.००	०.००
२	६१५६९१६६०	जलशरी ट्रेडर्स	धरान १६, सुनसरी	ओम बहादुर भुजेल	१५७६९६७२८.००	०.००	०.००
३	६०५९२८०९७	धर्मदेवी कन्स्ट्रक्सन प्रा.लि	चैनपुर ६, संखुवासभा	मनोज बस्नेत	५९१३६७२१.००	०.००	११८३४२९३४.००
४	३०४३६९१९५	यु. डि. बिल्डर्स कम्पनी प्रा.लि.	भोजपुर-३, भोजपुर	उत्तम खड्का	१०९५४४११.००	०.००	१८१७४३५७.१९
५	३००२४४३६६	काका निर्माण सेवा	चैनपुर ६, संखुवासभा	आशिष शाक्य	९७५५७१.००	३५३०९.०८	९४९०२१६.०८
६	६०९६६१०२०	सिप्तुङ बिल्डर्स एण्ड सप्लायर्स	देउराली ६, भोजपुर	संगिता राई	०.००	०.००	३६६७६३३.००

जहाँ सरकार...

पृष्ठ १ बाट क्रमशः

निष्कर्षमा पुगेको बताए। 'त्यति वेला मैले सरकारबारे टिप्पणी गर्दा सत्ता छोड्दाको छट्पटी भनियो। तर, यो एक वर्षमा सरकार जसरी प्रस्तुत भयो, संख्याको दम्भमा जसरी कुशासनका पहाड ठडिए, जसरी दलाल, बिचौलियाहरूका पक्षमा सरकार नतमस्तक बन्यो। सरकार आज दलाल र बिचौलियाको स्वार्थपूर्तिमा छ भन्ने कुरा आमनागरिक र सत्तारूढ दलकै नेता-कार्यकर्ताको समेत भाष्य बन्न पुगेको छ,' उनले भने।

प्रचण्डले प्रधानमन्त्रीको शयनकक्षसम्म बिचौलियाको पहुँच रहेको अब आमजनतालाई जानकारी भएको उल्लेख गरे। 'संसदीय समितिबाट पारित भएका विधेयकमाथि बिचौलियाले चलखेल गरे भनेर सत्तारूढ दलकै जिम्मेवार पदाधिकारीले भनिरहेका छन्। सरकारमै रहेका पार्टीका नेताले गठबन्धनको औचित्य पुष्टि गर्न माग गरेका छन्,' उनले भने, 'आमनागरिकका भाषामा पनि सरकार संख्याको बलमा टिकेको त छ, तर त्यहाँ जनभरोसा छैन। सरकार बिचौलियाको आदेशपालक बन्न पुगेको छ।'

वर्तमान सरकार बन्नुको निहित स्वार्थ लोकले नै लाज मान्ने गरी उदांगो भइसकेको प्रचण्डको भनाइ थियो। 'दलाल र बिचौलियाहरूको स्वार्थ पूरा नहुँदा, रातारात अर्बौंको चलखेल हुने परिस्थिति उल्ट्याउन खोज्दा र सेटिङ भत्काउन खोज्दा अप्राकृतिक गठबन्धन बनेको हो भन्ने तपाईंहरूले नै पुष्टि गर्नुभएको छ,' उनले भने।

प्रचण्डले अहिले एकपछि अर्को गरी हालसम्म सुशासन कायम गर्न सक्षम देखिएका नियामक संस्थालाई पनि बिचौलियाहरूकै तजबिजमा भ्रष्टीकरणतिर लगेको देखिएको बताए। 'नियुक्तिमा भएको चलखेल, हाकाहाकी भएको कमिसन डिल र बिचौलियाहरूकै इसारामा अघि बढाइएका कार्यहरूबाट यो सरकारको उद्देश्य र चरित्र अझ प्रस्ट हुन गएको छ,' उनले भने।

प्रचण्डले धितोपत्र बोर्डदेखि जग्गा काण्डहरू, भुटानी शरणार्थी काण्डदेखि मेरिटोक्रेसी भत्काउनेसम्म, विद्युत् बक्यौता नतिर्नेलाई चोख्याउनेदेखि भूमाफियालाई कानुनी संरक्षण गर्नेसम्मका तथ्यहरूले आफूले भनेको प्रमाणित गरेको उल्लेख गरे। सरुवा र नियुक्तिमा मन्त्रीहरूबाटै लाखौंका डिल भएका विषय सार्वजनिक हुँदासम्म र दलालहरूको स्वार्थपूर्ति गर्ने गरी बजेट ल्याइँदासम्म सरकार केका लागि बनेको थियो भन्ने पुष्टि गरेको उनको आरोप छ।

प्रचण्डले कांग्रेस-एमाले गठबन्धन सरकारको औचित्यमाथि पनि प्रश्न उठाए। 'के तपाईंहरू अझै पनि यो अप्राकृतिक गठबन्धनको औचित्य पुष्टि गर्ने ठाउँमा हुनुहुन्छ ? के अझै पनि सरकारसँग जनताको भरोसा र नैतिक धरातल छ भन्ने ठान्नुभएको छ ?' उनको प्रश्न छ, 'राज्यको स्रोत र साधन दोहन गर्न पाइरहेका सीमित दलाल पुँजीपति र बिचौलियाबाहेक तपाईंहरूसँग को खुसी छ ?'

दुईतिहाइको सरकार हुँदा पनि निराशा बढाउने काम भइरहेको उनको भनाइ छ। '५० औँ हजार शिक्षकहरू सडकमा उत्रिए। हजारौँ निजामती राष्ट्रसेवकहरूले कार्यालय ठप्प पार्ने चेतावनी दिइरहेका छन्। चिकित्सकहरू बारम्बार सडकमा आउने अवस्था छ। सहकारीपीडितको आक्रोश र पीडा उस्तै छ। मिटरब्याजपीडितका समस्या झनै जटिल भइरहेका छन्। भ्रष्टाचारीहरूलाई चोख्याइँदै छ, नागरिक संस्था र समूहमा आक्रोश र असन्तुष्टि छ। जनतामा झन् निराशा बढाउने काम हुँदै छ। यो सबै तपाईंहरूकै कारणले हो,' उनले भने। सरकारको काम-कारबाहीले सत्तारूढ कार्यकर्ता नै सन्तुष्ट हुन नसकेको भन्दै उनले सोधे, 'यो एक वर्षमा कसको विश्वास जित्नुभयो प्रधानमन्त्रीज्यू ? कुनचाहिँ वर्गका मानिस खुसी छन् ? सरकारका गतिविधिले कसले पाउँदै छ लाभ ? जनताको त कुरै छोडौँ सरकारका गतिविधि र नेतृत्वको प्रवृत्तिले तपाईंहरूकै कार्यकर्तासमेत सन्तुष्ट हुन सकिरहेका छैनन्।'

सरकारबाटै गणतन्त्र संकटमा

प्रचण्डले राजावादी वा प्रतिगामी शक्तिभन्दा गणतन्त्रका लागि ठुलो खतरा सरकारको कार्यशैली भएको टिप्पणी गरे। 'तपाईंहरूकै कुशासनको परिणामस्वरूप मैले एक वर्षअगाडि प्रकट गरेको चिन्ता केही समयअघि तीनकुने र देशका विभिन्न भागमा भएका प्रतिगामी हर्कतका रूपमा देखा पर्‍यो। यही कारण व्यवस्था र प्रणालीमाथि नै प्रश्न उठाउनेहरू सक्रिय बने,' उनले भने।

उनले प्रधानमन्त्री ओलीको लोकतन्त्रप्रतिको विश्वासमा शंका गर्नुपर्ने बताए। 'हिजो लोकतन्त्रको आन्दोलनलाई बयलगाडा भनिरहँदा या पटक-पटक संसद् विघटनका शृंखला हेर्दा र प्रतिगमनकारीहरू सल्बलाउँदा वा व्यवस्थामाथि प्रश्न उठ्दा सरकारको नेतृत्वलाई भित्रैबाट चिन्ता लाग्छ भनेर पत्याउन सकिने आधार देखिँदैन,' उनले भने, 'यदि गणतन्त्रमाथि कतैबाट खतरा छ भने त्यो राजावादी या अन्य कसैबाट छैन, सरकारकै कार्यशैलीबाट छ। तर, तपाईंहरू अझै पनि संख्याको दम्भमा जे गरे पनि हुन्छ भनेर कुशासनको तानाशाही गाडा कुदाउँदै हुनुहुन्छ।' प्रचण्डले आत्मसमीक्षा र आफूलाई सच्याउने कठोर संकल्प नगर्ने हो भने जनताको धैर्यको सीमा विस्फोट हुने चेतावनी दिँदै सतर्क हुन अपिल गरे।

कांग्रेस पनि 'स्वर्ग र नर्ककै गोलचक्कर'मा

प्रचण्डले सत्तासाझेदार कांग्रेसमाथि पनि प्रश्न उठाए। 'कांग्रेस संसद्को सबैभन्दा ठुलो दल हो। एकपछि अर्को स्वेच्छाचारिताका शृंखला जसरी अगाडि बढाइएका छन्, जसरी अहंकार र प्रतिशोधपूर्ण व्यवहार हाबी हुँदै गएको छ। यसबाट कांग्रेस पनि 'स्वर्ग र नर्ककै गोलचक्कर'को पासोमा परेको र आफूलाई त्यसमै समर्पण गरेको देखिएको छ,' उनले भने।

मन्त्रीहरू घुस लिएर भूमि आयोगको पदाधिकारी परिवर्तनमा

विपक्षी दलका नेता प्रचण्डले भूमिहीनलाई जग्गाको लालपुर्जा दिनुपर्नेमा सरकारका मन्त्रीहरू घुस लिएर भूमि आयोगका पदाधिकारी परिवर्तनमा लागेको टिप्पणी गरे। 'मेरो नेतृत्वको सरकारले यसै आर्थिक वर्षमा ५ लाख भूमिहीन सुकुमवासीलाई जग्गाधनी प्रमाणपत्र दिने गरी गृहकार्य गरिएको थियो। तर, दुईतिहाइको दम्भ बोकेको सरकारले भूमि आयोगका पदाधिकारी परिवर्तन गर्नुबाहेक सिन्कोसमेत भाँच्न सकेन,' उनले भने, 'भूमिहीनलाई जग्गा स्वामित्वका लागि सघन प्रयास गरिनुपर्नेमा सरकारका मन्त्रीहरू सरुवा तथा भूमिहीनका लागि स्थापना भएको आयोगको पदाधिकारी चयन गर्नसमेत बिचौलियासँग लाखौँको डिल गरिरहेका छन्।'

जहाँ सरकार त्यहाँ भ्रष्टाचार र बेथिति

प्रचण्डले अहिले जहाँ सरकार त्यहाँ भ्रष्टाचार र बेथिति भनेजस्तो भएको टिप्पणी गरे। प्रधानमन्त्रीले दिएको 'चित्रगुप्तलाई बयान दिन तयार छु' भन्ने अभिव्यक्ति स्मरण गर्न उनले अनुरोध गरे। 'राज्यका आधिकारिक निकाय र प्रणालीसँग समानान्तर हुने गरी संरचना नै बनाएर असुली गरिएका समाचार आउन थालेका छन्। देशभित्र मात्र नभएर विदेशमा समेत, जहाँ जहाँ प्रधानमन्त्रीले पाइला टेक्नुहुन्छ, त्यहाँ विवाद हुने गरेको छ,' उनले भने, 'प्रधानमन्त्रीज्यू, खुलमखुला सरकारका मन्त्रीहरूमाथि एकपछि अर्को भ्रष्टाचारका आरोप लागिरहँदासमेत तपाईंलाई सरकार अझै सुशासनकै दिशामा छ भन्ने लाग्छ ? के दिनुहुन्छ अब बयान ? यस्ता अनगिन्ती उदाहरणले प्रधानमन्त्रीज्यूको 'भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्नँ' भन्ने बडो राम्रो भनाइ र गराइ मलाई स्वर्ग र नर्क देखाएर सरकारबाट हटाएजस्तै भ्रष्टाचार गर्न दिन्छु, भ्रष्टाचारीलाई बचाऊँ भन्ने रहेछ भन्ने साबित भएको छ।'

राजनीतिक प्रतिशोध

प्रचण्डले सरकारविरुद्ध भ्रष्टाचारका स्पष्ट प्रमाणहरू हुँदाहुँदै दोषीहरू जोगाइएका र विपक्षीप्रति राजनीतिक प्रतिशोध साधिएको दाबी गरे। 'बिचौलियाका पक्षमा अध्यादेश ल्याउनेदेखि बक्यौता नतिर्नेहरूको तिरो तिर्न प्राधिकरणका निर्देशकलाई निष्कासन गर्नमा तपाईंहरूले भएभरको ऊर्जा खर्चिनुभयो। तपाईंहरू भागबन्डा, मिलेमतो र न्यायालयदेखि सत्ताका हरेक अंगहरूमा चरम राजनीतीकरण, सरुवा आतंक सिर्जना गर्नमै व्यस्त हुनुभयो,' प्रचण्डले भने, 'जनजीविकाका सवाल, सुशासनका मुद्दा, सामाजिक न्याय र आर्थिक समृद्धि तपाईंहरूका लागि घाँडो भएका छन्। एउटै मुद्दामा आफ्नाहरूलाई बचाउने र विपक्षीलाई राजनीतिक प्रतिशोधसहित फसाउने कुरामा त तपाईंहरूको सरकारको विश्व रेकर्ड नै बनेको छ। दुनियाँले हेरिराखेका छन्।'

सरकारले हाकाहाकी भ्रष्टाचारी जोगाउँदै छ

प्रचण्डले देश सम्पत्ति शुद्धीकरणको सघन अनुगमन सूची (ग्रे-लिस्ट)मा परेका वेला भ्रष्टाचारविरुद्ध कडा कदम चाल्नुपर्नेमा सरकारका कदमहरू भ्रष्टाचार नियन्त्रणतर्फ नदेखिएको बताए। 'मैले त्यतिवेलै भनेको थिएँ- यो सरकार सुशासनको डरले बनेको हो भनेर। सुशासनसँगको त्यो डर आज पर्यन्त कायमै छ। त्यही डरले दुई ठुला दल मिलायो अनि अहिले त्यही डरले सरकारले हाकाहाकी भ्रष्टाचारीहरूलाई जोगाउँदै छ,' उनले भने, 'भ्रष्टाचारका फाइलहरू बन्द गरिँदै छन्। भ्रष्टाचार झन् मौलाउँदै गएको छ। सम्पत्ति शुद्धीकरणका क्रियाकलाप बढ्दै गएका छन्। अनि देश कसरी आउँछ ग्रे-लिस्टबाट बाहिर ?'

भिजिट भिसा प्रकरण

अध्यक्ष प्रचण्डले भिजिट भिसाको विषय केवल प्रशासनिक त्रुटि मात्र नभई गम्भीर राष्ट्रिय अनुसन्धानको विषय भएको बताए। 'यो समस्या लामो समयदेखि चल्दै आएको देखिन्छ र यसमा अन्तर्राष्ट्रिय कैयन संस्थाहरूको संलग्नता पनि कतै न कतै देखिन गएको छ,' उनले भने, 'त्यसैले यस विषयमा गहिरो र निष्पक्ष छानबिनको सर्तमा विधेयकहरू पारित गराउन एक जिम्मेवार प्रतिपक्षका हैसियतले सदनको अवरोध हटाएका हौँ।'

संसद् बिचौलियाको खेलमैदान

संसद्को गरिमा बिचौलियाको चलखेलमा क्षतविक्षत भएको आरोप लगाउँदै प्रचण्डले दुई ठुला दलको मिलेमतोमा संसद्लाई बिचौलियाको खेलमैदान बनाइएको बताए। 'आज संसद् र संसदीय समितिहरू कसरी चलेका छन् ? हामीले अनुभूति गरेकै छौँ। हजारौँ पेसाकर्मी शिक्षकहरूसँगको सहमति पालना नगरी विद्यालय शिक्षा विधेयकलाई बिचौलियाको हितमा बन्धक बनाइँदै छ,' उनले भने, 'संवैधानिक निकायमा राजनीतिक भागबन्डा, अदालतमा आफ्ना मान्छे र संसदीय समितिबाट सर्वसम्मत रूपमा पारित भएका विधेयकहरू रातारात प्रतिनिधिसभामा पेस हुँदा चलखेल र छेडखानी गरेर कस्तो शासनको अभ्यास गरिँदै छ ?' उनले थपे, 'दुई दलको अहंकारले सार्वभौम संसद्लाई समेत बिचौलियाहरूको खेलमैदान बनाइएको छ।'

बिमा प्राधिकरणका...

पृष्ठ १ बाट क्रमशः

मनासिव देखेमा थप एक पदावधिका लागि पुनः नियुक्त गर्ने व्यवस्था पनि उक्त दफामा छ। तर, कार्यकालको पूर्वार्द्धमा नियुक्ति विवादकै भूमरीमा ओझा परे।

ओझाको नियुक्तिमा विवाद छ। पत्रकारिता पृष्ठभूमिका ओझाको प्राधिकरण अध्यक्ष बन्न अनुभव नपुग्ने र पेस गरेका अनुभवका प्रमाणपत्र पनि फर्जी रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनले नै देखाएको छ। अख्तियारले छानबिनका क्रममा उनलाई सिफारिस गर्ने सिफारिस समितिका केही सदस्यको बयान नै लिएको थियो। प्राधिकरण अध्यक्षको नियुक्ति सिफारिसका लागि मन्त्रिपरिषद् बैठकले ९ पुसमा समिति गठन गरेको थियो। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी संयोजकत्वको सिफारिस समितिमा तत्कालीन अर्थसचिव डा. रामप्रसाद घिमिरे र विज्ञका रूपमा ज्योतिचन्द्र ओझा थिए।

ओझाको नियुक्तिमाथि अख्तियारले कारबाही अघि बढाउँदा सिफारिस समितिका उच्चपदस्थ अधिकारीसमेतलाई तान्नुपर्ने र नियुक्तिको निर्णय गर्ने सरकार नै बदनाम हुने भएपछि ओझालाई राजीनामा दिन दबाब दिइएको थियो। उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले कर्मचारी प्रतिनिधिमार्फत ओझालाई राजीनामाको दबाब दिएका थिए। तर, ओझाले मानिरहेका थिएनन्। राजीनामा दिन नमानेपछि उनीविरुद्ध न्यायिक छानबिनको तयारी सरकारले अघि बढाएको थियो।

नियुक्तिमा कैफियत

अध्यक्षको नियुक्ति लिन ओझाले पेस गरेका अनुभवका कतिपय कागजातमै कैफियत भेटिएको छ। पत्रकारिता पृष्ठभूमिका ओझाले प्राधिकरणको अध्यक्षमा आवेदन हाल्दा योग्यता र अनुभवका कागजात पेस गरेका थिए। तर, पेस भएका कागजातका आधारमा उनी अध्यक्षका लागि योग्य नभएको स्रोतको दाबी छ। उनको शैक्षिक योग्यता पुगे पनि बिमा क्षेत्रमा काम गरेको अनुभव भने नपुगेको बताइन्छ। बिमा ऐनले सम्बन्धित क्षेत्र (बिमा क्षेत्र)मा कम्तीमा पाँच वर्षको उच्च व्यवस्थापकीय कार्यानुभव हासिल गरेको हुनुपर्ने व्यवस्था गरेको छ। तर, उनमा त्यो अनुभव छैन।

ओझाले पेस गरेको कागजातमा १९ अक्टोबर २०१९ देखि १६ नोभेम्बर २०२१ सम्म ट्रिनिटी एक्जिम प्रालिमा सिनियर मेनेजर (रणनीति तथा सञ्चार)को पदमा काम गरेको उल्लेख छ। त्यस्तै, चाणक्य मिडिया प्रालिमा १६ डिसेम्बर २०२१ (१ पुस ०७८) देखि २०२५ जनवरी (०८१ माघ) सम्म सिनियर मेनेजर (कम्युनिकेसन स्ट्राटेजिस्ट) तथा विशेष संवाददाताका रूपमा काम गरेको अनुभव पनि उनले पेस गरेका थिए। यहीबिचमा चाणक्य मिडियामा प्रेस प्रतिनिधि (पत्रकार)का रूपमा समेत उनले काम गरेको देखिएको छ। यसैगरी, देशसञ्चार, हिमालखबरलगायतका मिडियामा काम गरेको अनुभव पनि उनले पेस गरेका छन्। राजधानी, एपेक्स र इम्पेरियल कलेजमा अध्यापन गरेको कागजात पनि उनले पेस गरेका थिए। अनुभवका यी कागजातमा पनि कैफियत देखिएको स्रोतको दाबी छ।

ओझाको सर्वोच्चमा पनि मुद्दा

प्राधिकरण अध्यक्ष ओझाको मुद्दा सर्वोच्च अदालतसम्मै छ। तोकिएको योग्यता नपुगेकोमा ओझाको नियुक्ति गैरकानुनी भएको भन्दै बदरको मागसहित गत १७ चैतमा सर्वोच्चमा रिट दायर भएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, सिफारिस समिति र ओझालाई विपक्षी बनाएर अधिवक्ता इन्दिरा धमलाले दायर गरेको रिटउपर २० चैतमा न्यायाधीश नहकुल सुवेदीको इजलासले सरकारका नाममा कारण देखाऊ आदेश र अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि आदेश जारी गरेको थियो। पेसी चढेर पनि ६ पटक हेर्न नभ्याइनेमा पर्दै आएकामा ५ जेठमा सुनुवाइ भएको थियो। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश नित्यानन्द पाण्डेको इजलासले ओझालाई प्राधिकरण अध्यक्षमा नियुक्ति गरेको आधारसहितका कागजात पेस गर्न आदेश दिएको थियो। यसबारे सिफारिस समिति र मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश भएको थियो। गत १९ जेठमा न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र बालकृष्ण ढकालको संयुक्त इजलासले रिटउपर पूर्ण सुनुवाइका निम्ति पेस गर्ने आदेश गरेको छ। अब यो मुद्दा पूर्ण इजलासबाट सुनुवाइ हुनेछ।

‘नियोजित’ रूपमा सरकारले नै लम्ब्याउँदै छ विद्यालय शिक्षा विधेयक

शिक्षामन्त्री रघुजी पन्तले पाँच दिनको समय मागे, तर आठ दिनसम्म दिएनन् निर्णय, ‘असारभरि व्यस्त छु’ भन्दै मन्त्री बैठकमा नआएपछि संसदीय समिति नै बन्धक



● **अम्मरबहादुर थापा**, सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

शिक्षामन्त्री र कांग्रेसका प्रमुख सचेतकले रोक्नुपर्‍यो भन्नुभएको छ। शिक्षामन्त्रीले त अझ ३२ असारसम्म म व्यस्त हुन्छु, यो काम रोकौं भन्नुभएको छ। उहाँहरूको वास्तविकता र चाहना के हो मलाई थाहा भएन।



● **श्याम घिमिरे**, प्रमुख सचेतक, कांग्रेस

विधेयकमा अझै दुई-चारवटा कुरा समाधान हुन बाँकी छन्। समितिमा सहमति जुटेको छैन। यही दिन विधेयक पारित हुन्छ भनेर तोक्न सक्दिनँ।



शिवहरि घिमिरे/नयाँ पत्रिका

शिक्षामन्त्री रघुजी पन्तले संसदीय समितिलाई बन्धक बनाउँदा फेरि एकपटक विद्यालय शिक्षा विधेयक संसद्मा टेबुल हुन ढिलाइ भएको छ। शिक्षामन्त्री पन्तले विधेयकमाथि सहमति र निर्णय नभएको भन्दै संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिलाई प्रतिवेदन नटुंग्याउन ‘निर्देश’ गर्दै आएका छन्। जबकि समितिले सबैजसो विवाद टुंगिएको र सहमतिको विन्दुमा पुगिसकेको भन्दै सरकारबाट चाँडो सहमति माग्दै आएको छ।

२२ असारमा बसेको समिति बैठकमा सभापति अम्मरबहादुर थापाले सहमति जुटाउन शिक्षामन्त्री पन्तलाई पाँच दिनको समयसीमा दिएका थिए। तर, आठ दिन बित्दा पनि शिक्षामन्त्री पन्तले सहमति जुटाउन सकेका छैनन्। बरु, आफ्नो व्यस्तता देखाउँदै उनले अझै समय मागेका छन्। उनलाई कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले पनि साथ दिएका छन्। यसअघि २२ असारको बैठकमा मन्त्री पन्तले अनिश्चितकालका लागि बैठक स्थगन गर्न दबाब दिएका थिए।

समितिलाई लगातार अवज्ञा गरेकोमा सभापति थापा असन्तुष्ट छन्। पटक-पटक समय लिए पनि सरकारले सहमति जुटाउन नसकेको र उल्टै बैठक पछाडि सार्न भनिएको उनको गुनासो छ। ‘शिक्षामन्त्री र कांग्रेसका प्रमुख सचेतकले रोक्नुपर्‍यो भन्नुभएको छ। शिक्षामन्त्रीले त अझ ३२ असारसम्म म व्यस्त हुन्छु, यो काम रोकौं भन्नुभएको छ,’ उनले भने, ‘उहाँहरूको वास्तविकता र चाहना के हो मलाई थाहा भएन।’

सभापति थापाका अनुसार २२ असारको बैठकमा पाँच दिनको समयसीमा दिँदै विधेयक समितिबाट पास गरेर संसद्मा टेबुल गर्ने योजना बनाइएको थियो। तर, शिक्षामन्त्री पन्तले थप एकपटक परामर्श उपसमितिको बैठक माग गरिरहेका छन्। सभापति थापाले ३२ असारमा परामर्श उपसमितिको बैठक बस्ने र त्यसपछि बल्ल अन्तिम एवं निर्णायक बैठक बसिने बताए। ‘मैले त २२ असारमै पास गरौं, टुंग्याऊँ भनेको हो। तर, शिक्षामन्त्रीले मान्नुभएन। अझै पनि उहाँले मान्ने हो वा होइन थाहा भएन,’ उनले भने, ‘बैठक त धेरै बसिसकियो। तैपनि फेरि बैठक बसौं भन्ने माग भएपछि उपसमितिको बैठक राख्न लागेका हौं।’

शिक्षा विधेयक २०८०, भदौ ०८० मा संसद्मा दर्ता भएको थियो। तर, एक वर्षभन्दा धेरै समयदेखि छलफल चलाए पनि विधेयक अझै टुंगोमा पुग्न सकेको छैन। नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले अझै दुई-चारवटा कुरा समाधान हुन बाँकी रहेको भन्दै बिस्तारै सहमति जुट्ने बताए। ‘अझै समय लाग्छ, सहमति जुटेको छैन। सहमति गर्नुपर्ने दुई-चारवटा विषय छन्, यही दिन भनेर तोक्न सक्दिनँ,’ उनले भने।

विधेयकमा मुख्य गाँठो फुकिसकेको छ। तर, अहिले विधेयक आवधिक बढुवामा आएर रोकिएको छ। कतिपयको आवधिक बढुवा हुने-नहुनेमा विवाद छ। सरकारले आवधिक बढुवा हुनुपर्ने बताउँदै आएको छ। तर, समिति र समितिका केही सदस्यले आवधिक बढुवा हुँदा माथिल्लो तहमा सिट खाली नभए पनि बढुवा गर्नेपर्ने बाध्यात्मक स्थिति राख्दा त्यसले असर गर्ने बताउँदै आएका छन्। समितिका सभापति थापाले पनि आवधिक बढुवाको विषय पेचिलो भएकाले यसबारेमा थप सोचविचारसमेत आवश्यक रहेको बताए।

■ फेरि आन्दोलन गर्ने शिक्षक महासंघको चेतावनी

विगतको सहमतिअनुसार तोकिएको समयमा ऐन नल्याएको भन्दै नेपाल शिक्षक महासंघले विरोध गरेको छ। सोमबार विज्ञप्ति जारी गर्दै महासंघले सरकारले प्रतिबद्धता गरे पनि झुलाएको र तत्काल विधेयक नआए आन्दोलन गर्ने चेतावनी दिएको छ। ‘महासंघ र सरकारबिच भएका विगतका सबै सहमति सम्बोधन हुने गरी ०८२ असार १५ गतेभित्र विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभाबाट पारित गर्ने भनी प्रतिबद्धतामा हस्ताक्षर भएको थियो, तर सो प्रतिबद्धताअनुरूप आजका मितिसम्म विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभामा पेस हुन सकेको छैन। तत्काल ऐन नल्याए पठनपाठन छाडेर आन्दोलनमा आउन महासंघ बाध्य हुनेछ,’ विज्ञप्तिमा छ।

■ त्रिविले परीक्षा सारेपछि काठमाडौं आइसकेका विद्यार्थी अलपत्र

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयले परीक्षा तालिका परिवर्तन गरेपछि स्नातकोत्तर तह प्रथम वर्ष मौका परीक्षा दिन तयार भएका विद्यार्थी तनावमा परेका छन्। १ साउनदेखि तोकिएको स्नातकोत्तर तह प्रथम वर्षको परीक्षा त्रिविले २६ साउनदेखि हुने गरी सारिएको हो। तर, परीक्षा मिति सारेपछि काठमाडौं आइसकेका कतिपय विद्यार्थीहरू अलपत्र परेका छन्। बर्खाको वेला समयमै पुग्न कठिन हुने भन्दै विद्यार्थीहरू परीक्षा आउनुअघि नै काठमाडौं आइपुगेका छन्। तर, त्रिविले अचानक परीक्षा सारेपछि उनीहरू घर जाने कि यतै बस्ने भन्ने द्विविधामा परेका छन्। घर फर्किउँ टाढा, नफर्किउँ परीक्षा झन्डै एक महिना पर सारिएपछि समस्यामा परेको विद्यार्थीहरूले सुनाए। काठमाडौं आएपछि परीक्षा तालिका फेरिएको थाहा पाउँदा तनाव भएको कैलालीका जीवन साउदले बताए। ‘त्रिभुवन विश्वविद्यालयले २३ असारमा परीक्षा तालिका निकालेर १ साउनदेखि परीक्षा सञ्चालन गर्ने भनेको थियो, तर झुक्याएर साऱ्यो,’ उनले भने, ‘बर्खाको वेला सडक अवरुद्ध हुने डरले र प्लेनमै काठमाडौं आयौं, तर फेरि परीक्षा तालिका सारेको छ। हामीसँग आउने कतिपयले आठमहिने दुधे बालक साथमा लिएर परीक्षा दिन आउनुभएको छ, परीक्षा तोकिएको मितिमै हुनुपर्ने हाम्रो माग हो।’

सुर्खेत बहुमुखी क्याम्पसका भीमबहादुर बुढाथोकीले त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर तह प्रथम वर्षको मौका परीक्षा हालसम्म तीनपटक सारिसकेको बताए। ‘यसले हामीलाई अत्यन्त मानसिक, शैक्षिक र आर्थिक रूपमा पीडित बनाएको छ। म सल्यानबाट नेपालगन्जसम्म फोर्स गाडीमार्फत यात्रा गरी, त्यहाँबाट हवाईजहाजमा काठमाडौं आएको थिएँ,’ उनले सुनाए, ‘काठमाडौंमा परीक्षा दिन बस्दा र आवतजावत गर्दा मात्र झण्डै ५०/५५ हजार रुपैयाँ खर्च भइसकेको छ। अब पुनः परीक्षा सारिँदा फेरि यस्तै खर्च व्यहोर्नुपर्ने हुन्छ, जुन हाम्रा लागि निकै अन्यायपूर्ण छ। परीक्षा दिन बारम्बार काठमाडौं आउनु र होटेलमा बस्न कठिन भइसकेको छ, अबको परीक्षा पूर्वनिर्धारित मितिमा अनिवार्य रूपमा सञ्चालन गरियोस् भन्ने माग गर्दछु।’

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रक कार्यालय बल्खुले भने विद्यार्थीको मर्कालाई बेवास्ता गरेर परीक्षा मिति परिवर्तन गरेको थियो। १ साउनदेखि हुने भनिएको परीक्षाको मिति २९ असारमा परिवर्तन गर्दा परीक्षा दिन आएका टाढाका विद्यार्थी मारमा परेका हुन्। परीक्षा नियन्त्रक कार्यालय बल्खुका परीक्षा नियन्त्रक पुष्प जोशीले तयारी नपुगेका कारण सारिएको बताए। ‘परीक्षाको प्रश्नपत्रै ९७ वटा बनाउनुपर्ने थियो, तयार गर्न सकिएन, अन्य जनशक्ति व्यवस्थापनमा पनि समस्या भयो, त्यसैले परीक्षा सार्नुको विकल्प भएन,’ उनले भने, ‘फेरि स्नातक तह प्रथम वर्षको परीक्षा पनि एकै समयमै सञ्चालन गर्दा अझ कठिन हुने अवस्था देखिएपछि स्नातकोत्तर तहको परीक्षा सारेका हौं।’ त्रिविले यसपटक ०५८ यताका बिचमा पढाइ छुटेका विद्यार्थीलक्षित मौका परीक्षा तोकेको थियो। झन्डै पाँच हजार विद्यार्थी परीक्षामा सामेल हुँदै छन्।

राहदानी टेन्डर प्रक्रिया रोक्न सर्वोच्चको अस्वीकार

नयाँ पत्रिका

सर्वोच्च अदालतले राहदानी विभागद्वारा दुई जर्मन कम्पनीहरूलाई दिन लागिएको ६४ लाख थान विद्युतीय राहदानी आपूर्ति, वितरण तथा व्यक्तिगत विवरण छपाइ (पर्सनलाइजेसन) सम्झौता प्रक्रिया रोक्न माग गर्दै दायर गरिएको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। अधिवक्ता कुसुमकिशोर कोइरालाद्वारा दायर रिटमाथि सोमबार सुनुवाइ गर्दै न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र टेकप्रसाद दुंगानाको संयुक्त इजलासले राहदानी विभागले जर्मन कम्पनी मुहलबाउर र भेरिडोससँग ठेक्का सम्झौता गर्न पाउने बाटो खुला गरिदिएको छ।

जर्मन कम्पनीहरूको तर्फबाट सर्वोच्चमा बहस गर्दै वरिष्ठ अधिवक्ता सुशील पन्तले टेन्डर सम्झौता रोक्नुपर्ने विषय सार्वजनिक हितको मुद्दा नभएको तर्क गरे। ‘यो साँच्चिकै सार्वजनिक हितको मुद्दा हो भने, टेन्डर आह्वान भएदेखि नै वा कम्तीमा प्राविधिक प्रस्ताव मूल्यांकनपछि रिट दायर गर्न सकिन्थ्यो, यो रिट मूल्य प्रस्ताव खुलेर आईडिमिया कम्पनी सफल भएपछि मात्रै दर्ता भएको हो,’ पन्तले इजलासमा भने, ‘जर्मन कम्पनीहरूको संयुक्त प्रस्ताव अर्को प्रस्तावभन्दा १२ मिलियन अमेरिकी डलर सस्तो थियो र यस्तो अवस्थामा सस्तो मूल्यमा गुणस्तरीय सेवा प्राप्त गर्ने सरकारको निर्णयलाई रोक्नु सर्वसाधारणको हितविरुद्ध हुनेछ।’



इजलासमा सरकारको तर्फबाट बहस गर्दै सहन्यायाधिवक्ता डा. टेक घिमिरेले राहदानी सेवामा ढिलाइले अत्यावश्यक सेवाप्रवाहमा असर पार्ने भएकाले प्रक्रिया छिटो टुंग्याउनु अपरिहार्य रहेको बताए। रिटमा नेपाल सरकारको सेक्युरिटी प्रिन्टिङ सेन्टरलाई छपाइको जिम्मा दिनुपर्ने माग गरिएको थियो। अधिवक्ताहरू हरिहर दाहाल, बाबुराम दाहाल, राजेश्वर श्रेष्ठ, शम्भु थापा, सतीश खरेल र सेमन्त दाहालले सेन्टरसँग प्राविधिक जनशक्ति, उपकरण, अनुभव र बजेट नभएको तथा सेन्टरले नै गर्न सकिँदैन भनेर विभागलाई पत्र दिइसकेको जिकिर गरेका थिए।

‘सर्वोच्चको निर्णयसँगै सरकारले राहदानी सेवाप्रवाह डिजिटल प्रविधिबाट छिटो, पारदर्शी र अन्तर्राष्ट्रिय मापदण्डअनुसार बनाउन थालेको परियोजना अघि बढाउने बाटो खुलेको छ,’ राहदानी विभागका एक अधिकारीले भने, ‘विभागले पारदर्शी र कानूनसम्मत तरिकाले टेन्डर प्रक्रिया पूरा गरेको छ। अदालतले यसको उचित मूल्यांकन गरेको छ। सम्झौता सम्पन्न भएपछि ६४ लाख ई-राहदानीको आपूर्ति, वितरण तथा व्यक्तिगत विवरण छपाइ (पर्सनलाइजेसन) सेवा निरन्तर हुनेछ।’ विभागले सात अर्ब ६६ करोड ४६ लाख ४१ हजार ६९५ रुपैयाँ ९५ पैसामा दुई जर्मन कम्पनीलाई दिने निर्णय गरेपछि अदालतमा मुद्दा परेको थियो। विभागले गत २२ जेठमा दुई जर्मन कम्पनीलाई आगामी पाँच वर्षमा ६४ लाख थान ई-पासपोर्ट खरिद तथा छपाइ गर्न दिने निर्णय गरेको थियो।

संक्षेप

तरकारीले छोपेर लैजाँदै गरेको ४३६ किलो गाँजा बरामद

उदयपुर/ कटारी नगरपालिकामा तरकारीले छोपेर बोलेरो गाडीमा लैजाँदै गरेको ४३६ किलो गाँजा बरामद भएको छ। कटारी नगरपालिका- २ खोक्साबाट सशस्त्र प्रहरी बल सुरक्षा बेसक्याम्पले चेकजाँजको क्रममा सोमबार सो परिमाणको गाँजा बरामद गरेको हो। सशस्त्र प्रहरी बल सुरक्षा बेसक्याम्प कटारीका प्रमुख इन्सपेक्टर मेघराज राउतले चेकजाँचका क्रममा को१ज १२७५ नम्बरको बोलेरो गाडीबाट गाँजा बरामद गरी इलाका प्रहरी कार्यालय कटारीलाई जिम्मा लगाइएको बताए। ‘बोलेरो गाडीको तल सेतो बोरामा गाँजा राखेर माथिबाट मुला, बन्दालगायतका तरकारीका बोराले छोपेर सिराहातर्फ ढुवानी गरिएको भेटिएको छ,’ उनले भने। राउतले बोलेरोचालक २९ वर्षे तेज राई पक्राउ परेको बताए। पछिल्ला दिनमा कटारी नाकामा सशस्त्र प्रहरीले निगरानी र चेकजाँच कडा बनाउँदै लगेपछि अवैध रूपमा हुने तस्करी नियन्त्रण हुँदै गएको छ। सशस्त्र प्रहरीले यसअघि पनि कटारीआसपासका क्षेत्रमा अवैध सामान तथा लागुऔषध नियन्त्रणका लागि नियमित गस्ती तथा चेकजाँच गर्दै आएको छ।



एमालेले सबै पार्टी सदस्यसँग विधानमाथि सुझाव आह्वान गर्ने

काठमाडौं/ एमालेले पार्टीका सबै संगठित सदस्यबाट सुझाव संकलन गर्ने भएको छ। केन्द्रीय संगठन विभागको सोमबारको बैठकले विधान संशोधन र संगठनात्मक प्रस्तावमाथि पार्टीका सबै सदस्यलाई सक्रिय सहभागी भएर सुझाव दिन आह्वान गर्ने निर्णय गरेको हो। एमालेले विधान महाधिवेशनको तयारीलगायतका विषयमा छलफल गर्न ५ साउनमा केन्द्रीय कमिटी बैठक बोलाएको छ। बैठकलगत्तै सुझाव प्राप्त हुने गरी केन्द्रीय संगठन विभागले केही दिनभित्रै सुझावका लागि सबै पार्टी सदस्यलाई आह्वान गर्ने निर्णय भएको विभागका सदस्य तथा पूर्वमन्त्री गणेश पहाडीले बताए। २० देखि २२ भदौसम्म ललितपुरको गोदावरीमा एमालेले पार्टीको विधान महाधिवेशन आयोजना गर्दै छ। विभागले पार्टीको वडाकेन्द्रित जरा अभियान, सदस्यता नवीकरणलगायतका विषयमा समीक्षा गरेको छ। महाधिवेशन वर्ष भएकाले विगतभन्दा सदस्यता नवीकरणलगायतका संगठनात्मक काम उत्साहजनक रूपमा सम्पन्न भएको बैठकले निष्कर्ष निकालेको छ। सोमबारसम्म नवीकरणसहित कम्तीमा पार्टी सदस्य संख्या ६ लाख नाघेको एमालेले अनुमान गरेको छ। असार मसान्तभित्र सबै जिल्लाबाट नवीकरणको अभिलेख आएपछि संगठित सदस्य संख्या यकिन हुनेछ। बैठकमा महासचिव शंकर पोखरेलले पार्टीको दशौं महाधिवेशनले विधान सम्बन्धमा गरेको निर्णयलाई अपव्याख्या गरेर भ्रम सिर्जना खोजिएको प्रस्ट्याएका थिए। उनले दशौं महाधिवेशनबाटै कार्यकारी पदमा उम्मेदवारी र कुनै पनि व्यक्ति अध्यक्ष पदमा कतिपटक निर्वाचित हुन पाउने विषय हटाइसकिएको जानकारी पनि दिएका थिए।

करेन्ट लागेर मजदुरको मृत्यु

नवलपुर/ नवलपुरको कावासोती- ३ मा करेन्ट लागेर एक मजदुरको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायब उपरीक्षक मधु नेपालका अनुसार निर्माणाधीन सभाहलमा ड्रिल गर्ने क्रममा करेन्ट लागेर बर्दियाको ठाकुरबाबा नगरपालिका- २ घर भई हाल कावासोती नगरपालिका- २ मा डेरा गरी बस्ने ३५ वर्षीय सरोज थारूको मृत्यु भएको हो। सोमबार दिउँसो काम गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते थारूलाई उपचारका लागि मध्यविन्दु प्रादेशिक अस्पताल डन्डा लगिएकोमा अस्पतालले मृत घोषणा गरेको हो। भवन समानान्तर जेभी बुद्ध हिमाली कन्ट्रक्सनले निर्माण जिम्मा लिएको हो। सरकारी भवनको सभाहलमा फर्मा सेटिङका लागि ड्रिल गर्ने क्रममा अचानक करेन्ट लागेको प्रहरीले जनाएको छ। मजदुर झम्कबहादुर श्रेष्ठले राति पानी परेको र पानी जमेका कारण करेन्ट लागेको बताए।

छाउगोठ भत्काउन स्थानीय तहलाई पत्राचार

कञ्चनपुरमा **मोहन विष्ट**

जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले छाउगोठ भत्काउन स्थानीय तहहरूलाई पत्राचार गरेको छ। प्रशासन कार्यालय कञ्चनपुरले सोमबार जिल्लाका नौवटै पालिकालाई पत्राचार गर्दै आ-आफ्नो तहमा रहेका छाउगोठ भत्काउन पत्राचार गरेको हो। पिरियड भएर छाउ बार्न छाउगोठमा सुतेकी कृष्णपुर नगरपालिका- १ निगालीकी २८ वर्षीया कमला आउजीको विषालु सर्पले टोकेर मृत्यु भएपछि प्रशासनले महिला सुरक्षाका लागि पालिकालाई अभियान सञ्चालन गर्न पत्राचार गरेको हो।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले कुरीति अन्त्यका लागि कृष्णपुर नगरसहित दोधारा-चाँदनी, भीमदत्त, बेदकोट, शुक्लाफाँटा, पुनर्वास, बेलौरी नगरपालिका र बेलडाँडी, लालझाडी गाउँपालिकालाई पत्राचार गरेको बताए। उनले आ-आफ्नो पालिकामा रहेका छाउगोठ भत्काउनुका साथै नागरिकको मानसिकतामा सकारात्मक सचेतनाका कार्यक्रम सञ्चालन गर्नसमेत जोड दिएका छन्।

ढकाल जिल्लास्थित सुरक्षा अधिकारी, कृष्णपुर नगरप्रमुख हेमराज ओझासहितका जनप्रतिनिधिले सोमबार कमलाका परिवारसँग भेटघाट गरेका छन्। घटनास्थलको स्थलगत अनुगमन गर्दै प्रजिअ ढकालले अब उपरान्त कुनै पनि महिलाले कमलाको जस्तै ज्यान गुमाउने वातावरण अन्त्य गरिने उद्घोष गरे। गुजारा चलाउन श्रीमान्सँगै भारतको केरालामा रहेकी निगालीकी कमला गत वैशाखमा तीन सन्तान पढाउन स्वदेश आएकी थिइन्। श्रीमान् पुरन दमाईसँगै रहेकी कमला दुवैजनाले पक्की घर बनाए पनि कमला छाउ बार्न कच्ची छाउगोठमा सुतेपछि विषालु सर्प काल बनेर आएको थियो। कमलाको शव अहिले पनि सेती प्रादेशिक अस्पतालमा राखिएको छ। श्रीमान् पुरनसहित परिवार र आफन्त भारतबाट आएपछि मात्रै अन्त्येष्टि गरिने भएको छ।



कैलाली पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा

धनगढी/ कैलालीलाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना जिल्ला घोषणा गरिएको छ। जिल्ला पूर्ण खोप समन्वय समितिका अनुसार यस वर्ष जिल्लाभरि पाँच वर्षमुनिका सबै बालबालिकाले खोपको पूर्ण मात्रा प्राप्त गरेकाले पूर्ण खोप जिल्ला घोषणा गरिएको हो। सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री मेघराज खड्काले धनगढीमा सोमबार आयोजित कार्यक्रममा कैलालीलाई पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरे। चालू आर्थिक वर्षमा घरधुरी सर्भेक्षण गर्दा जिल्लाभरिका १५ महिनादेखि ६९ महिनासम्मका सबै ३३ हजार ६५९ बालबालिकाले पूर्ण खोप लगाएको सुनिश्चित भएको जिल्ला स्वास्थ्य कार्यालय कैलालीले जनाएको छ।

स्वास्थ्य कार्यालय कैलाली निमित्त प्रमुख रमेश कुँवरले घरधुरी सर्भेक्षणका क्रममा खोप लगाउन छुटेको पाइएका बालबालिकालाई राष्ट्रिय खोप तालिकाअनुसार पछि खोप लगाइएको जानकारी दिए। जिल्ला पूर्ण खोप समन्वय समितिका सदस्यसचिव रहेका कुँवरका अनुसार १५ देखि ५९ महिनासम्म ३३ हजार ६५९ बालबालिकामध्ये ३३ हजार ८५ जनाले पूर्ण खोप प्राप्त गरेको पाइएको थियो।

त्यस्तै, १५ जना बालबालिकाले कुनै पनि खोप नलगाएको र चार सय ९६ जनाले खोपको मात्रा बिचमै छाडेको पाइएकोमा उनीहरूलाई राष्ट्रिय खोप तालिकाअनुसार खोपको पूर्ण मात्रा लगाइएको कुँवरले बताए। कैलालीमा तीन सय ६१ वटा खोप केन्द्रबाट बालिबालिकालाई खोप लगाइँदै आएको स्वास्थ्य कार्यालयले जनाएको छ। कार्यालयका अनुसार जिल्लाभरि बर्सेनि करिब १३ हजार बालबालिकालाई खोप लगाउने गरिन्छ। इँटाभट्टामा काम गर्ने अभिभावकका बालबालिका, पहाडी क्षेत्र तथा सीमाक्षेत्रका बस्तीमा सबै बालबालिकालाई पूर्ण खोप लगाउन चुनौती सामना गर्नुपरेको कार्यालय प्रमुख कुँवरले बताए। त्यस्तै, परम्परागत सोच र खोपसम्बन्धी विभिन्न अफवाहलाई चिरेर बालबालिकालाई खोप लगाउन स्वास्थ्यकर्मीले चुनौती खेप्नु परिरहेको उनले बताए।

रोल्पा अस्पतालसहित आसपासका बस्ती पहिरोको जोखिममा

रोल्पामा **नवीन लोचनमगर**

रोल्पाको रेउघास्थित जिल्ला अस्पताल पहिरोको जोखिममा परेको छ। अस्पताल भवनमुनिको भाग खोलाले कटान गर्ने र जमिन भासिने क्रम नरोकिएपछि रेउघा अस्पताल जोखिममा परेको हो। निकै कमजोर जमिनमा पहिरो झर्न नरोकिएपछि ५० शय्याको अस्पताल भवनका साथै आसपासको बस्तीसमेत जोखिममा परेको छ।

पहिरो नियन्त्रण तथा रोकथामका लागि केही प्रयास गरिए पनि जोखिम भने अझै टरेको छैन। रोल्पा नगरपालिका- २, रेउघास्थित रोल्पा अस्पतालको मुनि धाङ्सीखोलाको कटान रोक्न लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालयले काम गरिरहेको छ। जसकारण पहिरो झर्ने क्रम केही हदसम्म रोकिए पनि निकै कमजोर भूबनोटका कारण जोखिम कायमै छ।

पहिरो रोकथामका लागि आर्थिक वर्ष ०८१/८२ मा ७५ लाख बजेट विनियोजन गरी रोल्पास्थित भू तथा जलाधार व्यवस्थापन कार्यालयमार्फत खोलाक्षेत्रमा एक हजार दुई सय ४२ घनमिटर ग्याबिन पर्खाल लगाइएको छ। अष्टविनायक निर्माण सेवाले निर्माण ठेक्का लिएको योजना सम्पन्न भइसकेको भू तथा जलाधार कार्यालय रोल्पाका प्रमुख रोबर्ट महराले बताए। उनका अनुसार ठेक्का प्रक्रियामा जाँदा निर्माण कम्पनीले ४० लाखको लागतमा सम्झौता गरेको थियो। आर्थिक वर्ष ०८१/८२ मा पहिरोग्रस्त क्षेत्र तथा धाङ्सीखोला तटबन्ध निर्माणका लागि भन्दै जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय रोल्पाबाट १० लाख र अघिल्लो वर्ष २० लाख बजेट विनियोजन गरिएको थियो।



रेउघास्थित रोल्पा अस्पताल भवनमुनि धाङ्सीखोलाले कटान गर्दा भासिएको जमिन।

■ ठुलो पहिरो तर रोकथामको प्रयास सानो

पहिरो झर्ने भूभाग ठुलो भएका कारण हालसम्म विनियोजित बजेटबाट पूर्ण रूपमा नियन्त्रण हुने अवस्था देखिँदैन। ‘अस्पतालको नजिकको क्षेत्रमा यसअघि लगाइएका विभिन्न बोटबिरुवाले निरन्तर बग्ने अवस्थालाई रोकेको छ,’ रोल्पा नगरपालिका- २ का वडाध्यक्ष प्रकाश डाँगीले भने, ‘बजेट निकै कम विनियोजन हुने, तर यहाँको जोखिम क्षेत्र धेरै भएकाले पूर्ण रूपमा नियन्त्रण हुने अवस्था छैन।’ डाँगीले प्रदेश तथा संघीय सरकारसँग आफूहरूले निरन्तर बजेट व्यवस्थापनका लागि पहल गरिरहेको भए पनि उचित बजेट विनियोजन हुन नसक्नु दुःखद भएको गुनासो गरे।

रोल्पास्थित भू तथा जलाधार कार्यालयले पनि पहिरो नियन्त्रणका लागि कार्यालयमार्फत पहल गरिरहेको कार्यालय प्रमुख रोबर्ट महराले बताए। हालसम्मको प्रयासले बाहिरी भूभागको माटो बग्ने क्रम केही रूपमा रोकिए पनि भित्रैदेखि जमिन कमजोर रहेकाले पूर्ण रूपमा नियन्त्रण गर्न बजेट धेरै आवश्यक पर्ने उनको भनाइ छ। जलाधार कार्यालयको अगुवाइमा बायोइन्जिनियरिङ र कम खर्चिलो भू संरक्षण प्रविधिको प्रयोग गरिएको छ। पहिरोको रोकथाम गर्न स्थानीय खुलखुले महिला सामुदायिक वन समूह पनि सक्रिय छ। पहिरो रोकथामका लागि भुजेत्रो, बाँसलगायतका बोटबिरुवा लगाएर संरक्षण गरिरहेको वन समूहकी अध्यक्ष दुर्गादेवी पुनले बताइन्।

पहिरोको जोखिम दिनानुदिन बढ्दै गएको र हालसम्म गरिएको साना प्रयासले पूर्ण रूपमा नियन्त्रणको सम्भावना नरहेकाले भूगर्भविद्को अध्ययनसहितको योजना निर्माण गर्नुपर्ने रोल्पा अस्पतालका सूचना अधिकारी कुलबहादुर डाँगी बताउँछन्। केही वर्षअघि मात्र निर्माण सम्पन्न भएको अस्पतालको आधुनिक भवन बचाउन सरकारको उच्च प्राथमिकता हुनुपर्ने डाँगीको भनाइ छ। पहिरोग्रस्त क्षेत्रमा पुगेका लुम्बिनी प्रदेशका पूर्वस्वास्थ्यमन्त्री तथा सांसद दीपेन्द्रकुमार पुनले पहिरो नियन्त्रणका लागि आफूले सक्दो पहल गर्ने आश्वासन दिए।

‘कुलिङ अफ पिरियड’ प्रकरणका दुई तीर

समितिको छलफलमा ‘कुलिङ अफ पिरियड’बारे एउटा निष्कर्षमा पुग्नु र सभामा प्रस्तुत हुँदा अर्कै रूपमा लगिनु गम्भीर सन्देहको विषय हो



● गोपीनाथ मैनाली


अग्रलेख

प्रतिनिधिसभाबाट पारित निजामती सेवा विधेयकमा राज्य व्यवस्था समितिबाट निर्णय भएको प्रावधानलाई सभामा प्रस्तुत गर्दा ‘कुलिङ अफ पिरियड’बारे हेरफेर भई निर्णयको ठिक विपरीत प्रावधान रहन गएको विषयले संसद् र संसदीय समितिमा निकै ठुलो विवाद उठेको देखियो । यस विषयमा संसदीय छानबिन समितिले जेजस्तो सत्यतथ्य निर्क्योल गरे पनि यस प्रकरणले संसदीय समिति, सांसद र कर्मचारीतन्त्रमाथि गम्भीर प्रश्न उठाएको छ । प्रस्तुत लेखमा कुलिङ अफ पिरियडबारे बहस विमर्श गर्न खोजिएको होइन, जेजस्ता प्रावधान भए पनि छनोट गर्ने पदाधिकारीको स्तर र इमानदारीसापेक्ष नै अमुक पदाधिकारी नियुक्ति हुने भएकाले त्यसतर्फ विश्लेषण गर्नु खासै सान्दर्भिक पनि छैन । लेख केवल यस प्रकारणमा उठाइएको चासोबारेको विश्लेषणमा केन्द्रित छ ।

संसद् सर्वसाधारणको भावना मुखरित हुने थलो हो, राज्यइच्छालाई संस्थागत गर्ने प्रक्रिया हो । नेपालको संसद् यस विषयमा सैद्धान्तिक अपवादमा नदेखिए पनि व्यावहारिक आधारमा विवेचना गर्न सकिने अवस्था केही घटनाक्रमले देखाएका छन् । संसदीय व्यवस्थालाई मर्यादित र आदर्श बनाउने काम जनप्रतिनिधिको हो । सर्वसाधारणले आफ्ना ट्रस्टी (हितरक्षक) का रूपमा प्रतिनिधिलाई विश्वास गरी खास अवधिका लागि सार्वभौम शक्ति हस्तान्तरण गरेका हुन्छन् । सार्वभौम शक्ति वरण गर्ने जनप्रतिनिधिहरू नागरिक आस्थाका धरोहर, ईश्वरजत्तिकै आदरका पात्र हुन् । त्यसैले, बेलायतमा कहावत छ, संसद्ले दिनलाई रात र रातलाई दिन तथा महिलालाई पुरुष र पुरुषलाई महिला बनाउने कामबाहेक जे पनि गर्ने सामर्थ्य राख्छ । लोकतन्त्रमा जनप्रतिनिधिको बोली, बहस र व्यवहारमा जतिखेर पनि जनभावना मुखरित भइरहेको हुन्छ । यसकारण प्रतिनिधित्व गर्ने पात्र, प्रतिनिधित्व हुने पक्ष, प्रतिनिधित्व हुने विषय र प्रतिनिधित्व हुने अवस्थाप्रति सधैं जागरुक संवेदनशीलतामा रहन्छन् ।

राज्यइच्छा निर्धारणको महत्त्वपूर्ण काम विधि निर्माण हो । जुन औपचारिक होइन, सावधानी र विज्ञता चाहिने संवेदनशील विषय हो । ऐनका अक्षर र भावना उपयुक्त नभए त्यसले समाज व्यवस्थामाथि उत्पात मचाउन सक्छ । यसका तत्कालीन मात्र होइन, दीर्घकालीन प्रभावसमेत हुन्छन् । यही तथ्यलाई हृदयङ्गम गरेर विधि निर्माणको प्रक्रिया व्यवस्थित गरिएको हुन्छ । विधायनपूर्वका चरणमा सरकारले सावधानी अवलम्बन गरेर, असर प्रभाव, लाभहानि विश्लेषण गरेर निष्कर्षमा प्रस्तावलाई विधायनको चरणमा प्रवेश गराउँछ । विधायनको प्रक्रियामा विषयले प्रवेश पाएपछि पनि प्रथम वाचन, दोस्रो वाचन, समिति छलफल, समिति प्रतिवेदन र तृतीय वाचनका लामो प्रक्रिया दुवै सभामा पार गरेपछि मात्र प्रस्ताव विधि बन्छ । विधायन प्रक्रियामा प्रस्तावका एक-एक बुँदाका सबै आयाममा गहन विवेचना गर्न समितिमा छलफल गर्ने, समितिले आवश्यक मानेका सन्दर्भमा विज्ञसँग राय लिने र प्रस्तावले परिपक्वता पाएपछि सभामा प्रतिवेदनसाथ प्रस्तुत गर्ने मान्य प्रचलन छ । सभाको ठुलो संरचनाका कारण विधि-निर्माताबाट छलफलमा गाम्भीर्य प्रदर्शन नहोला कि भनी समितिको व्यवस्था र त्यहा ‘ननपार्टिसन बेसिस’मा साझा निष्कर्ष निकाल्ने गरिन्छ । नेपाललगायत संसदीय लोकतन्त्र भएका मुलुकमा विधायन प्रक्रियामा भावावेग र उत्तेजना (इमोसन एन्ड एक्साइटमेन्ट) नरहोस् र एक सभालाई अर्काले परिपक्वताको परिपूरण गरोस् भनी दोस्रो सभाको व्यवस्था गरिएको छ । राष्ट्रिय सभालाई राष्ट्रिय स्वरूप दिन विशिष्ट क्षमता, क्षेत्र र सम्प्रदायका व्यक्तित्वको प्रतिनिधित्व गराइने प्रचलन छ । दुई सभाको व्यवस्थाको आशय विधि र राज्यइच्छा निर्माणका प्रक्रियालाई निष्पक्ष, आग्रहरहित र परिपक्व बनाउनु हो । समितिको व्यवस्था विषयको बहसलाई गहन र मिहीन बनाउनु हो । समितिमा सहयोगीका रूपमा रहने कर्मचारीतन्त्रले मागिएको विशेषज्ञ सेवा दिई निर्णयलाई सहज बनाउने गर्छन् ।

विषयको गाम्भीर्य र लाभग्राहीको चाखका कारण विषयहरूले अतिरिक्त सावधानीको माग गर्छन् । निजामती सेवा, विद्यालय शिक्षा र गुठी ऐनका विधेयक संसदीय प्रक्रियामा प्रवेश गरेर पनि परिपक्वता नपुगेका (वा प्रभाव) का कारण फर्केका विधेयक हुन्, जसले विषयको गाम्भीर्यलाई पुष्टि गर्छ । विधेयकहरू संसदीय प्रक्रियामा प्रवेश गर्दै फर्कदै गर्ने प्रवृत्तिले लाभग्राही/स्वार्थ समूहले खेल्ने, चाख राख्ने अवसर पाउने गर्छ । यी विधेयक ऐन



> समितिबाट पारित भएका विषयमा पारित भएका बुँदाबाहेक अन्य केही थपघट गर्न र वा, यदि, तर जस्ता अन्य शब्द कसैले थप्न या हटाउन सक्दैन

बन्न संविधान बन्नभन्दा बढी समय लागेकाले पनि स्वार्थ समूहको प्रभाव (र लबिङ) विधि निर्मातामा पर्न सक्छ भन्ने स्पष्ट छ । प्रक्रिया जति ‘लिंगरिङ’ भयो, झनै अन्योल हुन्छ र उभयपक्षको प्रभाव पर्न सक्छ । जस्तो कि संविधानको धारा २९० अनुसार संविधान जारी हुनासाथ बनिसक्नुपर्ने गुठी ऐन संसदीय प्रक्रियामा प्रवेश भए बाहिरियो, प्रक्रियाले पुनः प्रवेश कहिले पाउँछ, यसै भन्न सकिने अवस्था छैन । संविधानको धारा २८५ अनुसार सात-आठ वर्षअघि बन्नुपर्ने निजामती सेवा र विद्यालय शिक्षा ऐन पनि यही अवस्थामा छ । एकात्मक शासन पद्धतिका समयका कानुन संघीयतामा लागू हुन्छन् भन्न संविधानतः सकिने अवस्था छैन । यसले संघीयता कार्यान्वयन र सेवा व्यवस्थापनमा पनि प्रभाव पारेको छ । अहिलेको विषयतर्फ जाऊँ । कुलिङ अफ पिरियडबारे एकै दफाका दुई उपदफा परस्पर प्रतिस्पर्धी

> संसदीय समितिको यो घटनाले दिएको अर्को सन्देश राज्यसंस्थामा जहिले पनि इमानदार र उच्च व्यावसायिक नैतिकता भएका पात्रको दरकार पर्छ भन्ने पनि हो

देखिएका छन् । समितिमा छलफलमा एक प्रकारको निष्कर्षमा पुग्नु र सभामा प्रस्तुत हुँदा अर्कै रूपमा पुग्नु सन्देहको विषय हो । यसले एकै समय एकसाथ दुईतिर तीर हानेको छ । पहिलो तीर प्रशासनिक संयन्त्र (जो संसदीय समितिको सहयोगी हो) तर्फ र अर्को सर्वोच्च शक्तिमान संसदीय समितितर्फ सोझिएको छ । राज्य व्यवस्थामा यी दुवै संयन्त्र विशिष्ट र अपरिहार्य महत्त्वमा छन् । कतिपयका बुझाइमा विधायन प्रक्रियालाई स्वार्थ सौदाले प्रभाव पारेको हो, कतिपयको बुझाइमा सतहीपनले यसो भएको हो भन्ने छ । संस्थाप्रति आरोप लाग्ने स्थिति आउँदा यिनीहरूप्रतिको सामाजिक विश्वासमा ह्रास आउँछ । वैधताको आधार विश्वास हो । जनादेशले सज्जित सांसद र योग्यतामा प्रवीण सार्वजनिक प्रशासनको एक-अर्काप्रतिको सहयोगले संस्थाहरू मर्यादित क्रियाशीलतामा पुग्छन् । एकले अर्कोको कमजोरीप्रति खेल्ने गरेमा दुवैको मर्यादामा आँच आउन सक्छ । मर्यादित लोकतन्त्रमा अमर्यादित शब्दबाट कसैप्रति आरोप लगाउनु उचित होइन, तर संस्थाहरू मर्यादित बन्न पात्रहरूकै क्रियाकलाप व्यावसायिक मर्यादामा रहनुको विकल्प छैन ।

समितिबाट पारित भएका विषयमा पारित भएका विषयबाहेक अन्य कुरा थपघट, र वा, यदि, तर, वा, अन्य यस्तै शब्द कसैले राख्न सक्दैन । कसैलाई मन पर्नु नपर्नु अलग हो, तर भूमिकाको मर्यादामा रहनु सबैको कर्तव्य हो । सार्वजनिक प्रशासन त सधैं तटस्थ दक्षताको लक्ष्मणरेखामा रहन्छ । यो विधिको मात्र विषय होइन, सामान्य नैतिकताको कुरा पनि हो । भन् कर्मचारीले त यस्ता विषयमा प्रवेश गर्नु भनेको सार्वजनिक प्रशासनको मूल्य र व्यावसायिक सदाचारिताका दृष्टिले सोच्नसमेत नसकिने विषय हो । यस वर्षको बजेट वक्तव्यमा ‘टेक अर पे’ वा ‘टेक एन्ड पे’ले पनि यस्तै प्रकारको विवाद उठायो । संविधानको धारा ७० मा राष्ट्रपति वा उपराष्ट्रपति फरक-फरक लिंग वा समुदायको हुने प्रावधान संविधान निर्माणको आधार सन्दर्भले ‘वा’ को सट्टा ‘र’ हुनुपर्ने हो कि भन्ने प्रश्न पनि यदाकदा उठ्ने गरेको छ । भलै यसले त्यति ठुलो विवाद ल्याएको छैन, न संविधान निर्माणका प्रमुख दलले यसलाई प्रस्ट पार्न नै उचित ठानेका छन् । अहिलेको प्रकरणले यसअघि बनेका कानुनमा समेत यस्ता कार्य भए कि भन्ने पनि सन्देह उठाउन सक्छ । यस्ता विषय संसदीय विशेषाधिकार र सार्वजनिक जीवनका सिद्धान्तसँग पनि जोडिने गर्छन् ।

संस्थाको गरिमा स्थापित गर्न समय लाग्छ । आफ्ना आशय र मूल्यमा नै संस्था स्थापित हुन्छन् । तर, त्यसका पात्रका क्रियाकलापले निर्मित छवि केही घटनामै स्खलित हुन बेर लाग्दैन । निजामती प्रशासन र संसदीय समिति दुवैको इतिहास लामो छ । यी दुईको एक-अर्काप्रति विश्वास टुट्दा दुवैलाई समाजले गर्ने विश्वास भन्दै घट्न पुग्छ ।

संस्थाहरू सावधान, गहन र स्वार्थभन्दा माथि रहँदा मात्र पवित्र रन्छन् । संसदीय समितिको यो घटनाले दिएको अर्को सन्देश राज्यसंस्थामा जहिले पनि इमानदार र उच्च व्यावसायिक नैतिकता भएका पात्रको दरकार पर्छ भन्ने पनि हो । सार्वजनिक प्रशासन र राजनीति दुवै क्षेत्रमा ख्याति हासिल गरेका अमेरिकी तत्कालीन राष्ट्रपति उड्रो विल्सनले भनेका थिए- सार्वजनिक जिम्मेवारीका पदमा सबैको अधिकार रहे पनि खास योग्यता र चरित्र रहेका व्यक्ति मात्र त्यस पदका वास्तविक हकदार हुन्छन् । संस्था बिग्रिएमा तत्काल त्यो संस्था मात्र बिग्रिएको देखिए पनि अन्ततः त्यसले सभ्यतामाथि नै तीर चलाउँछ । कुलिङ अफ पिरियड प्रकरणले दिएको निष्कर्ष पनि यही हो ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



वर्तमान सरकारको एक वर्षलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?

यो सरकार सफल पनि छैन र असफल पनि छैन । सरकार सुशासन प्रवाहमा पूरै असफल देखियो । मन्त्रीहरूमाथि विभिन्न प्रश्न उठे । संविधान संशोधन गरेर यसप्रति जनताको भरोसा जगाउन सरकार असफल रह्यो । यो सरकार गणतन्त्रविरोधी आन्दोलनलाई मत्थर पार्न सफल भयो । महिनैपिच्छे सरकार ढल्छ भन्ने मानसिकतालाई चिर्न र यो सरकार स्थिर रहन्छ भन्ने मनोविज्ञान स्थापित गर्न पनि यो सरकार सफल भयो ।

अहिलेको गठबन्धन गर्दा गरिएको सातबुँदे सहमति कार्यान्वयनको अवस्था कस्तो देख्नुहुन्छ ?

सरकार बन्दाको सातबुँदे सहमति पूर्णतः ओझेलमा परेको छ । सातबुँदे कार्यान्वयनभन्दा काग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री केपी शर्मा ओलीका व्यक्तिगत भित्री चाहना र मोलमोलाइ दुवै नेताको प्राथमिकतामा परेका छन् । देउवाका प्रभाव र दबाब छल्न ओलीले कहिले महामन्त्री गगन थापासित तथा कहिले शेखर कोइरालासित नजिक भएर खेलिरहनुभएको छ भने काग्रेसभित्र सरकारबारे उठ्ने असन्तुष्टिको स्वर देउवाका लागि बलियो हतियार बनेको छ । उनले यसलाई माहुतेको हातमा रहेको अंकुशजस्तै प्रयोग गर्दै आएका छन् ।

भविष्यमा पहिलो र दोस्रो दलको गठबन्धन दोहोरिनु ठिक होला कि नहोला ?

पहिलो दलले सरकार चलाउनु र दोस्रो दल प्रतिपक्षमा रहनु नै गणतन्त्रको सुन्दरता हो । पहिलो र दोस्रो दलले गठबन्धन बनाएर सरकार चलाउनु ‘डेमोक्रेटिक’ भावनामाथि गम्भीर कुठाराघात हो । जेजस्ता तर्क गरेर यो गठबन्धन बनाइएको थियो, त्यसअनुसार काम भएको देखिएन । संसद्भित्र सन्तुलन कायम राख्न पनि पहिलो र दोस्रो दलको सरकार बन्नुहुँदैन । जसरी पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपति सक्रिय राजनीतिमा फर्किनु स्वाभाविक हुँदैन भनिँदै छ, त्यसैगरी पहिलो र दोस्रो दलको सरकार पनि सकभर नबन्नु नै जाती हुन्छ ।

प्रेरक प्रसंग

दाजुको थप्पड

एक दिन १० र १२ वर्ष उमेरका दाजुभाइ नदीकिनारमा घुम्दै थिए । हिँड्दाहिँड्दै भूलवश भाइले दाजुको खुट्टामा कुल्चियो । दाजुलाई निकै दुख्यो । पीडाले रन्थनिएको दाजुले भाइलाई ‘राम्ररी हिँड्न जान्दैनस्’ भनेर गालामा एक थप्पड लगायो । भाइ गाला सुमसुम्याउँदै अघि बढ्यो । ऊ केही बोलेन । केही पर पुगेपछि उसले बालुवामा लेख्यो- आज दाजुको खुट्टामा झुक्किएर कुल्चिँदा उहाँले एक थप्पड हिर्काउनुभयो । मलाई धेरै दुख्यो । भोलिपल्ट दाजुभाइ खोलामा पौडी खेल्न गए । पौडी खेल्दाखेल्दै अचानक भाइलाई खोलाले बगायो । दाजुले हत्तपत्त हात समातेर उसलाई बचायो । पानीबाट बाहिर



निस्किएपछि उसले एकछिन आराम गऱ्यो र ढुंगामा लेख्यो- आज पौडी खेल्दा नदीले मलाई बगायो । दाजुले हत्तपत्त हात समातेर बचाउनुभयो । दाजु महान् हुनुहुन्छ । भाइको अघिल्लो दिनको र आजको लेखाइ देखेको दाजुले सोध्यो- भाइ, हिजो तिमीले बालुवामा लेख्यौ, आजचाहिँ ढुंगामा लेखिरहेका छौ । यसको कारण मैले बुझ्न सकिनँ । यस्तो किन गऱ्यौ तिमीले ? भाइले नम्र स्वरमा भन्यो- दाजु, आमाले भनेको बिर्सिनुभयो हजुरले ? उहाँले नराम्रो कुरा जहिले पनि बालुवामा लेख्नुपर्छ र राम्रो कुराचाहिँ ढुंगामा लेख्नुपर्छ भन्नुभएको होइन ? भाइको कुरा सुनेर दाजुचाहिँ ट्वाल्ल परेर भाइलाई हेर्न थाल्यो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सम्पत्ति तत्काल सार्वजनिक गर

केपी ओली नेतृत्वको सरकारले लगातार सुशासनको पक्षमा काम गर्दै आएको दाबी गरे पनि यो सरकारको पालामा जस्तो अव्यवस्था देशमा कहिल्यै थिएन भन्दा पनि हुन्छ । यो सरकारका मन्त्रीहरू दिनदिनै घुस, भिजिट भिसामा सेटिङलगायत अनेकौँ काण्डमा मुछिन्छन् । यस्ता आरोपबारे छानबिनसम्म गरिँदैन । हुँदाहुँदा प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरणसमेत अझै गोप्य नै राखिएको छ । सरकार बनेको एक वर्ष पूरा भइसक्यो । तर, अझै पनि प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो सम्पत्ति सार्वजनिक नगर्नु भ्रष्टाचार गरेर जेजसरी, र जति कमाए पनि हुन्छ भन्ने मानसिकताको प्रमाण हो । सरकारले सबैको सम्पत्ति विवरण तत्काल सार्वजनिक गरोस् । यसलाई गोप्य राख्नु भनेको भ्रष्टाचारलाई प्रश्रय दिनु हो ।

● **संगीता चौधरी**, सिफल, काठमाडौं

छाउगोठ भत्काउन लगाऊ

यतिखेर शक्तिशाली स्थानीय सरकार गाउँलेको घरआँगनमै छ । दूरदराजका गाउँबस्तीमा अझै पनि अन्धविश्वासका नाममा मानिसको ज्यान गइरहेका समाचार बारम्बार आइरहेका छन् । तैपनि, स्थानीय सरकार यस्ता अन्धविश्वास हटाउन तथा सामाजिक कुरीतिविरुद्ध जनचेतना जगाउन कत्ति पनि जागरुक भएको देखिन्न । विशेषगरी पश्चिम नेपालमा कायम रहेको छाउगोठ प्रथाका कारण एकपछि अर्की महिलाको ज्यान गएका समाचार आइरहँदा पनि स्थानीय सरकार के हेरिरहेको छ ? छाउगोठ तत्काल भत्काऊ र अन्धविश्वास मेटाऊ ।

● **बबिता साह**
कुपन्डोल, ललितपुर

स्पष्टीकरण कि राजीनामा ?

प्रधानमन्त्री केपी ओलीले ७८ लाख घुस ‘डिल’ प्रकरणमा जोडिएका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तालाई स्पष्टीकरण सोधेको भन्ने समाचार पढियो । तर, घुस डिल गर्दै गरेको अडियो प्रस्ट हुँदाहुँदै उनलाई राजीनामा गर्न लगाउनुको साटो स्पष्टीकरण किन सोध्नु ? के प्रधानमन्त्री ओली उनलाई स्पष्टीकरण सोधेर टालटुले कारबाहीको नाटक मञ्चन गर्न चाहन्छन् हो ? नभए, मन्त्री गुप्तालाई स्पष्टीकरण सोध्नुभन्दा सिधै राजीनामा गर्न लगाउनुपर्ने होइन र ?

● **अजिता चौधरी**
भरतपुर-४, चितवन

भाषिक वर्चस्व लादेर एकता सम्भव छैन

प्राथमिक तहमा तीन-भाषा नीति वैज्ञानिक छैन र यो सूत्र शैक्षिकभन्दा बढी राजनीतिक र सांस्कृतिक प्रस्ताव हो



देश / विदेश

● अपूर्वानन्द

भारतमा भाषा प्रायः हिंसासँग जोडिने बहसको विषय बन्छ । यसपटक मुम्बई केन्द्रमा रह्यो, जहाँ भारतीय विद्यालयमा भाषाशिक्षा नीति कस्तो होस् ? के गैरहिन्दी क्षेत्रमा हिन्दी लादिँदै छ ? के मुम्बईमा सबैले मराठी बोल्नैपर्छ ? जस्ता प्रश्न उठेका छन् । विवाद महाराष्ट्र सरकारले विद्यालयमा हिन्दीलाई तेस्रो अनिवार्य भाषा बनाउने आदेशबाट सुरु भयो । उद्धव र राज ठाकरेले यसलाई भाजपाद्वारा हिन्दी लाद्ने प्रयास भन्दै विरोध गरे । दबाबपछि सरकार आदेश फिर्ता लिन बाध्य भयो । र, त्यसपछिको संशोधित आदेशमा २० जना विद्यार्थीले रोजेको भाषा तेस्रो भाषा बन्न सक्ने व्यवस्था गरियो । तर, यसलाई पनि हिन्दी लाद्ने प्रयास भन्दै आलोचना गरियो र अन्ततः फिर्ता लिइयो । ठाकरे नेतृत्वका दलहरूले यसलाई आफ्नो विजय भन्दै जुलुस नै निकाले ।

मूल मुद्दामा प्रवेश गरौं, के बहुभाषिक भारतमा एकल भाषाशिक्षा नीति सम्भव वा उचित हो ? के तीन-भाषा सूत्र शैक्षिक दृष्टिले ठिक हो ? केन्द्र सरकारले राष्ट्रिय शिक्षा नीति २०२० अन्तर्गत विद्यालयमा तीन भाषा अनिवार्य पढाउनुपर्ने भनेको छ । तर, यो सिफारिस नयाँ होइन । शिक्षा समवर्ती सूचीमा पर्छ, जसले राज्यलाई आफ्नै नीति बनाउने संवैधानिक अधिकार दिन्छ । तर, केन्द्र सरकारले तीन-भाषा सूत्रलाई बाध्यकारी बनाउँदै सबै राज्यमा लागू गर्न खोज्नु संवैधानिक व्यवस्थाको उपेक्षा हो । तमिलनाडुले दशकौँदेखि दुई-भाषा नीति अपनाउँदा त्यहाँका विद्यार्थी पछि परेका छैनन् । पहिलोपटक केन्द्र सरकारले तमिलनाडुले नीति नअपनाएको भन्दै बजेट रोक्यो र आफूलाई तमिल बालबालिकाको अधिकार रक्षकका रूपमा प्रस्तुत गर्दै राज्यलाई दोष दिएको देखियो । हालका वर्षमा केन्द्र सरकारले तीन-भाषा सूत्रलाई कठोर रूपमा लागू गर्न खोजेको छ । यद्यपि, धेरै शिक्षाविद्का अनुसार यो सूत्र भाषाशिक्षाको समस्या समाधान गर्ने उपाय होइन ।

प्राथमिक तहमा तीन भाषा अनिवार्य बनाउनु वैज्ञानिक छैन । यो सूत्र शैक्षिकभन्दा बढी राजनीतिक र सांस्कृतिक प्रस्ताव हो । यसको उद्देश्य भारतका विविध भाषिक क्षेत्रलाई नजिक ल्याउने अर्थात् बिहारकी छात्राले मलयालम वा केरलाका छात्रले बंगाली सिकून् भन्ने हो । जवाहरलाल नेहरूको समयको ‘राष्ट्रिय एकता’को धारणा यसमा जोडिएको थियो । तर, एकता भाषिक एकरूपताको नभई परस्पर बुझाइ र विविधताको सम्मानमा आधारित हुनुपर्छ । एउटै भाषा वा संस्कृति लाद्ने राजनीतिक प्रयास भ्रामक छन् । कुनै पनि भाषालाई राष्ट्रव्यापी ‘प्रथम भाषा’ मान्ने प्रवृत्ति अस्वीकार्य हुनुपर्छ ।

अझ विडम्बनापूर्ण के छ भने तथाकथित हिन्दीभाषी राज्यले नै तीन-भाषा सूत्र कार्यान्वयनमा सबैभन्दा कम गम्भीरता देखाएका छन् । दक्षिण तथा उत्तरपूर्वी राज्यमा हिन्दी दोस्रो वा तेस्रो भाषाका रूपमा पढाइन्छ, तर उत्तर प्रदेश, बिहार वा राजस्थानजस्ता राज्यले तेस्रो भाषाका रूपमा संस्कृत रोजेका छन् । तीन-भाषा सूत्रको मूल भावनाअनुसार हिन्दी क्षेत्रमा मलयालम, तमिल वा बंगालीजस्ता भारतीय भाषा पढाइनुपर्थ्यो । तर, त्यो कार्यान्वयन नहुनु धोका हो । यति हुँदा पनि यी राज्यमा संस्कृत शिक्षाको गुणस्तर अत्यन्तै कमजोर छ । यो असंगतिले सूत्रको मूल भावना कमजोर बनायो र अविश्वास उत्पन्न गरायो । स्वाभाविक रूपमा दक्षिण भारतका जनताले हिन्दीभाषी क्षेत्रले भाषिक उदारताको प्रत्युत्तर दिइरहेका छैनन् भन्ने महसुस गरेका छन् ।

फेरि दोहोऱ्याउनुपर्ने के हो भने विशेषतः प्राथमिक तहमा तीन भाषा अनिवार्य रूपमा सिकाउनैपर्छ भन्ने



चित्र : विकिमिडिया कमन्स

धारणालाई कुनै शैक्षिक अनुसन्धानले समर्थन गरेको छैन । विद्यार्थीले दोस्रो वा तेस्रो भाषा कहिले सिक्ने भन्नेमा निश्चित वैज्ञानिक नियम छैन । वास्तवमा सन्दर्भ महत्त्वपूर्ण हुन्छ । कुनै एक भाषामा दक्षता भए अन्य भाषा सिक्न सजिलो हुन्छ भन्ने प्रमाण पर्याप्त छन् । त्यसो भए प्रश्न उठ्छ, किन भाषाको संख्या तीनमा सीमित गर्ने ? किन दुई वा चार नगर्ने ? भाषानीति संख्यामा होइन, सन्दर्भअनुसार निर्देशित हुनुपर्छ । अमेरिका, चीन, अफ्रिकी मुलुकलगायत विश्वका विभिन्न देशमा दोस्रो भाषा सिक्न सुरु गर्ने उमेर फरक-फरक हुन्छ । भारतमा ऐतिहासिक कारणले उत्तर र दक्षिण दुवै क्षेत्रमा अंग्रेजी तीन भाषामध्ये एक बनेर पढाइँदै आएको छ । उपनिवेशकालको प्रतीक मानिएको अंग्रेजी अहिले व्यावहारिक आवश्यकता बनिसकेको छ । तर, अंग्रेजी शिक्षाको सुरुवात कहिलेदेखि गर्ने भन्नेमा अहिलेसम्म राष्ट्रिय सहमति छैन ।

प्रभावशाली वर्गका बालबालिका पढ्ने प्रतिष्ठित निजी विद्यालयले अंग्रेजी पहिलो कक्षादेखि पढाउन थाले । जसका कारण समाजमा अंग्रेजीको प्राथमिक शिक्षा आदर्श हो भन्ने धारणा फैलिन थाल्यो । यिनै विद्यालयले अंग्रेजीलाई शिक्षण माध्यम बनाउने काम पनि गरे, जसलाई पछि सरकारी विद्यालयले पनि सामाजिक दबाबका कारण अवलम्बन गर्न थाले । तर, भाषा शिक्षा कहिले सुरु गर्ने भन्ने प्रश्नभन्दा पनि अझ महत्त्वपूर्ण विषय शिक्षकमैत्रीपन र गुणस्तर हो ।

उदाहरणका लागि हिन्दीभाषी क्षेत्र उत्तर प्रदेशमै सन् २०१८ देखि २०२० सम्म ८ देखि ११ लाख विद्यार्थी हिन्दीमै अनुत्तीर्ण भए, जबकी हिन्दी यी विद्यार्थीको पहिलो भाषा हो । यसले शिक्षानीतिमा गम्भीर आत्मसमीक्षाको खाँचो देखाउँछ । तर, यसको सट्टा तमिलनाडु वा तेलंगानाका विद्यार्थीले हिन्दी किन पढेनन् भन्ने गुनासोमा ऊर्जा खर्च भइरहेको छ । यहाँ मुद्दा हिन्दी आफैँ होइन, मुद्दा तेस्रो भाषा प्राथमिक शिक्षामा आवश्यक छ कि छैन भन्ने हो । तीन-भाषा सूत्र लागू भएको ६० वर्षभन्दा बढी भइसकेको छ र यस नीतिलाई अन्तर्राष्ट्रिय भाषा शिक्षासम्बन्धी अनुसन्धानको आलोकमा पुनर्विचार गर्ने वेला भएको छ ।

(अपूर्वानन्द दिल्ली विश्वविद्यालयमा हिन्दी अध्यापन गर्छन्)
द वायरबाट

भण्डारीको आगमनमा आशंका किन ?

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन दुवै सम्मानित पदमा पुगेका व्यक्ति हुन् । दुवै अवकाशपछि पार्टीको सक्रिय राजनीतिमा फर्केका छन् । तर, एकजनाको आगमनमा सम्बन्धित दलले रातो कार्पेट बिछ्यायो भने अर्काको आगमनमा दलका नेताले शत्रुको जस्तो व्यवहार देखाइरहेका छन् । यो कस्तो अचम्मको विषय हो ? पुनलाई माओवादीले पार्टीमा फर्किनासाथ उपाध्यक्ष पदसमेत दियो । तर बिडम्बना, उस्तै अवस्थामा भण्डारीकै पतिको विचार र सिद्धान्तबाट जन्मेको एमाले अध्यक्षसहित केही नेता भने तिनै भण्डारी पुनः पार्टीको सक्रिय राजनीतिमा फर्केको विषयमा कुनै खुसी देखिएनन् ।

के सिंगो एमाले पंक्ति भण्डारी पुनः पार्टी राजनीतिमा फर्केकामा खुसी छैन हो ? कि त्यो केवल ओली गुटको त्रासले बोल्न नसकेको मात्र हो । के एमालेका नेता कार्यकर्ताजति सबै अध्यक्ष ओलीका झोले मात्र हुन् त ? कि त्यहाँभित्र पनि इमान र विवेक भएका निडर नेता-कार्यकर्ता पनि छन् ? छन् भने तिनले खुलेर बोल्ने वेला आएको छ । किनकि, दास मानसिकताले पार्टी र देश दुवै बन्दैन । ओली नेतृत्वमा आएपछि एमालेको आन्तरिक लोकतन्त्र कोमामा पुगेको छ । त्यहाँ नेतृत्वको सानो आलोचना गर्दा पनि भीम रावल, घनश्याम भुसाललाई जस्तो पाखा लगाइन्छ । आखिर पूर्वराष्ट्रपति भण्डारीको पार्टी फिर्तीबाट किन त्रसित छ एमाले नेतृत्व ? के एमालेमा लोकतन्त्र छैन हो ?

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्वमा जलवायुजन्य प्रदूषणले वार्षिक ७० लाख मानिसको मृत्यु

न्युयोर्क/ बालुवा र धुलोको आँधीले वार्षिक ७० लाख मानिसको अकाल मृत्यु हुने गरेको छ। त्यस्तै, यस्तो प्रदूषणले विश्वव्यापी ३३ करोड मानिस प्रभावित भएका छन्। संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनले यस्तो जानकारी दिएको हो। संयुक्त राष्ट्रसंघको विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ)को प्रतिवेदनले जलवायु परिवर्तनले तीव्र बनाएको बालुवा र धुलोको आँधीले गम्भीर स्वास्थ्य र वातावरणीय समस्या निम्त्याएको र एक सय ५० देशका ३३ करोडभन्दा बढी मानिसलाई असर गरिरहेको अल जजिराले जनाएको छ। धुलो र बालुवाका कणले मुख्यतया श्वासप्रश्वास र हृदय रोग निम्तिने गरेको प्रतिवेदनमा उल्लेख छ।



यसैबिच, संयुक्त राष्ट्रसंघको महासभाले सन् २०२५-२०३४ लाई बालुवा र धुलोको आँधीसँग लड्ने संयुक्त राष्ट्रसंघको दशकका रूपमा मनाउने घोषणा गरेको छ।

'यी आँधी हाम्रो समयको सबैभन्दा बेवास्ता गरिएका, तर व्यापक पहुँच भएका विश्वव्यापी चुनौतीमध्ये एक बन्दै छन्। जलवायु परिवर्तनले यसलाई झनै जटिल बनाएको छ,' महासभाका अध्यक्ष फिलेमोन याङ्ले भने।

डब्लुएमओका महासचिव सेलेस्टे साउलोले आँधीको प्रभाव दीर्घकालीन रहेको बताए। उनले यसले जनस्वास्थ्यलाई उल्लेखनीय रूपमा असर गरेको र कृषि, यातायात र सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जाका स्रोतमा बाधा पुऱ्याएको उल्लेख गरे।

आँधीले बालीको उत्पादन २५ प्रतिशतसम्म घटाउन सक्छ, भोकमरी बढाउन सक्छ र जबर्जस्ती बसाइँसराइ गराउँछ। संयुक्त राष्ट्रसंघका लागि डब्लुएमओका प्रतिनिधि लौरा प्याटरसनले पनि वार्षिक रूपमा दुई अर्ब टन धुलो वायुमण्डलमा छोडिने गरेको बताए। यो धुलोको ८० प्रतिशतभन्दा बढी उत्तरी अफ्रिका र मध्यपूर्वको मरुभूमिबाट उत्पन्न हुन्छ, तर हजारौँ किलोमिटर यात्रा गरेर यसको स्रोतबाट टाढाका क्षेत्रलाई असर गर्दछ।

यसैबिच, संयुक्त राष्ट्रसंघका उपमहासचिव तथा पश्चिमी एसियाका लागि आर्थिक तथा सामाजिक आयोगका प्रमुख रोला दस्तीले धुलो र बालुवाको कणले ठुलो आर्थिक क्षति गरेको बताए। मध्यपूर्व र उत्तरी अफ्रिकामा मात्रै बालुवा र धुलोको आँधीसँग जुध्न वार्षिक लागत एक खर्ब ५० अर्ब अमेरिकी डलर आवश्यक पर्छ, जुन यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को दुई दशमलव पाँच प्रतिशत हो।

इराकमा आँधीले अस्पतालमा असर गरेको छ भने कुवेत र इरानमा विद्यालय र कार्यस्थललाई क्षति पुऱ्याएको छ। सहारा मरुभूमिबाट निस्कने धुलो क्यारेबियन र फ्लोरिडासम्म पुगेको छ।

नेचरमा प्रकाशित एक अनुसन्धानअनुसार अमेरिकामा धुलो र आँधीका कारण सन् २०१७ मा एक खर्ब ५४ अर्ब अमेरिकी डलर मूल्यबराबरको क्षति भएको छ। यो सन् १९९५ को तुलनामा चार गुणा बढी हो। डब्लुएमओ र विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बढ्दो स्वास्थ्य संकटको चेतावनी दिँदै भनेका छन्, 'सन् २०१८ र सन् २०२२ को बिचमा विश्वको आधा जनसंख्या डब्लुएचओ सुरक्षास्तरभन्दा माथिको धुलोको सघनताको सम्पर्कमा आएको थियो।

इतिहासमा आज

जुलाई १५

सन् २००६ : ज्याक डोर्सी, इभान विलियम्स र विज स्टोनले माइक्रोब्लगिङ सेवा ट्विटर सार्वजनिक गरे। एक दशकमै यो ३० करोड प्रयोगकर्ता बनाउन सफल भयो। अर्बपति एलन मस्कको स्वामित्वमा आएपछि यसको नाम एक्स राखिएको छ।

सन् १८८३ : आफ्नो समयका चर्चित सर्कस प्रदर्शक चार्ल्स स्ट्राटोन (जो विश्वभर जनरल टम थम्बका नामले परिचित थिए)को आजकै दिन ४५ वर्षको उमेरमा मृत्यु भयो।

सन् १९२२ : सन् १९८८ मा भौतिकशास्त्रमा नोबेल पुरस्कार जितेका लियोन म्याक्स लेडरम्यानको जन्म दिन।

सन् १९७८ : अमेरिकन गायक तथा गीतकार बब डाइलनले बेलायतमा दुई लाख मानिससामु प्रदर्शनी दिए।

सन् १९८८ : चर्चित थ्रिलर फिल्म डाई हार्ड अमेरिकामा सार्वजनिक भयो।

सन् १९९७ : इटालियन फेसन डिजाइनर गियानी भरसेकलाई सिरियल किलर एन्ड्रयु कुनानले हत्या गरे।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्सः +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: गणेश च्यूरा मिल**, प्रोप्राईटर तथा जमानीकर्ता: बिन्देश्वरी साह तेली दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. २३५२/२१८ दर्ता मिति २०६२/०३/२६, ठेगाना: जिल्ला रौतहट, कटहरिया गा.वि.स. वडा नं. ५
	धितोको विवरण
	१) झवु सा तेलीको नाती, महेन्द्र सा तेलीको छोरा, बारा जिल्ला, श्रीनगर बैरीया गा.वि.स. वडा नं. ७ बस्ने बिन्देश्वरी साह तेलीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ९ क (हाल कटहरिया न.पा. वडा नं. ५) स्थित कित्ता नं. २९२ को क्षेत्रफल ०-५-२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) प्रभु साह तेलीकी छोरी, महेन्द्र साकी बुहारी, बिन्देश्वरी साह तेलीकी पत्नी, रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५ बस्ने ललिता देवी तेलिनको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पिप्रा पोखरीया गा.वि.स. वडा नं. ९ (हाल कटहरिया न.पा. वडा नं. ८) स्थित कित्ता नं. १६९ को क्षेत्रफल ०-५-१५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) गणेश च्यूरा मिलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ति (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**१) ऋणी फर्म: मुक्ति दर्शन ट्रेडर्स**, प्रोप्राईटर तथा जमानतकर्ता: गोविन्द प्रसाद गौतम दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्रा.फ.र.नं. १५१९१३/०७६/०७७, दर्ता मिति: २०७३/०७/१९, ठेगाना: जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा नं. ८
	२) ऋणी: गोविन्द प्रसाद गौतम स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, वाडेगाउँ गा.वि.स. वडा नं. ८, हालको ठेगाना: काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८, बाबु: तेज प्रसाद गौतम, बाजे: तेज नाथ गौतम
	धितोको विवरण
	१) तेजनाथ गौतमको नाती, तेज प्रसाद गौतमको छोरा, सिन्धुपाल्चोक जिल्ला, वाडेगाउँ गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८, माकलबारी बस्ने गोविन्द प्रसाद गौतमको नाममा भुमि सुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ३ (हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. २२८ को क्षेत्रफल १३५४.५२ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) मुक्ति दर्शन ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
३)	**ऋणी फर्म: वादल गल्ला भण्डार**, प्रोप्राईटर तथा जमानीकर्ता: राम श्रेष्ठ प्रसाद चनौ दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं.: ९६३६/५५६, दर्ता मिति: २०७७/०६/२९, ठेगाना: जिल्ला रौतहट, पूरेनवा गा.वि.स. वडा नं. ४ (हाल गौर न.पा. वडा नं. ४)
	धितोको विवरण
	१) महादेव राय चनौको नाति, महन्थ राय चनौको छोरा, रौतहट जिल्ला, टिकुलिया गाउँ पञ्चायत वडा नं. ७ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गौर न.पा. वडा नं. ६ बस्ने राम श्रेष्ठ प्रसाद चनौको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. १ (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४७३, १४७५, १४७६ र १४७७ को क्षेत्रफल क्रमश: ०-१-६१/२, ०-१-०, ०-१-० र ०-१-६१/२ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) महादेव राय चनौको नाति, महन्थ राय चनौको छोरा, रौतहट जिल्ला, टिकुलिया गाउँ पञ्चायत वडा नं. ७ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गौर न.पा. वडा नं. ६ बस्ने राम श्रेष्ठ प्रसाद चनौको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १९९२ को क्षेत्रफल ०-१-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) वादल गल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४)	**१) ऋणी फर्म: धनमाया स्टोर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: धन गुरुङ दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय दमौली तनहुँमा प्रा.फ.र.नं. ५३०/०६५/०६६ दर्ता मिति: २०६५/०७/२६, ठेगाना: जिल्ला तनहुँ, बन्दिपुर गा.वि.स. वडा नं. १
	२) ऋणी: धन गुरुङ स्थायी ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: बिचमान गुरुङ, ससुरा: वालुमान गुरुङ, पति: आस बहादुर गुरुङ
	धितोको विवरण
	१) बिचमान गुरुङकी छोरी, वालुमान गुरुङकी बुहारी, आस बहादुर गुरुङकी पत्नि, तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १, स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १ बस्ने धन गुरुङको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७४५, १७२६ र १७२१ को क्षेत्रफल क्रमश: ०-५-१-३, ०-२-३-३ र ०-३-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) धनमाया स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) पिङ्की गुरुङ** स्थायी ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर न.पा. वडा नं. १, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: आस बहादुर गुरुङ, बाजे: वालुमान गुरुङ
	जमानीकर्ताहरु: १) धन गुरुङ, स्थायी ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: बिचमान गुरुङ, ससुरा: वालुमान गुरुङ, पति: आस बहादुर गुरुङ **२) आस बहादुर गुरुङ**, स्थायी ठेगाना: लमजुङ जिल्ला, गौडा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: वालुमान गुरुङ, बाजे: कर्ण सिं गुरुङ, **३) अजय गुरुङ**, स्थायी ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर न.पा. वडा नं. १, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: आस बहादुर गुरुङ, बाजे: वालुमान गुरुङ
५)	**ऋणी फर्म: सगरमाथा ट्रेड लिंक**, प्रोप्राईटर तथा जमानीकर्ता: अनिता कुमारी सिंह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ४२५०/२०७१/०७२, दर्ता मिति २०७१/१०/०४, ठेगाना: जिल्ला सिरहा, रामनगर गा.वि.स. वडा नं. ३ (हाल मिर्चैया न.पा. वडा नं. ५)
	धितोको विवरण
	१) बौजन सिंहको नाती, नन्दी सिंह दनुवारको छोरा, सिरहा जिल्ला, महेशपुर गाउँ पञ्चायत वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने राम प्रसाद सिंह दनुवारको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, महेशपूर हरिनगर गा.वि.स. वडा नं. ९ (हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १७० को क्षेत्रफल ०-६-७ (विगाह) को जग्गा र सिरहा जिल्ला, लक्ष्मीपूर प्र.ध. गा.वि.स. वडा नं. ६/क (हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४३ को क्षेत्रफल ०-२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) प्रेमकुमार सिंहकी छोरी, राम प्रसाद सिंहकी बुहारी, देब कुमार सिंहकी पत्नी, सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने अनिता कुमारी सिंहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, बडहरामाल गा.वि.स. वडा नं. ७/क (हाल कर्जन्हा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३१७४ को क्षेत्रफल ०-०-१९-२ (विगाहा) को जग्गा र सिरहा जिल्ला, सिक्रोन गा.वि.स. वडा नं. २ (हाल मिर्चैया न.पा. वडा नं. १२) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) सगरमाथा टेड् लिंकको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**१) ऋणी कम्पनी: एन. जानकी स्टोर प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: गोविन्द आचार्य दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यलय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४७८२०/०७७/०७८, दर्ता मिति: २०७७/०८/०७, ठेगाना: जिल्ला भक्तपुर, मध्यपुर थिमी न.पा. वडा नं. ४
	२) ऋणी: गोविन्द आचार्य, स्थायी ठेगाना: अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १३, हालको ठेगाना: भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४, बाबु: लक्ष्मण आचार्य, बाजे: वासुदेव आचार्य
	धितोको विवरण
	१) वासुदेव आचार्यको नाती, लक्ष्मण आचार्यको छोरा, अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४ बस्ने गोविन्द आचार्यको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डी नाला गा.वि.स. वडा नं. ६ (हाल बनेपा न.पा वडा नं. ६) स्थित कित्ता नं. १०७४ र १०७५ को क्षेत्रफल क्रमश: १-१२-०-० र ०-१४-१-३ (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) एन.जानकी स्टोर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) ऋणी: रोलक भट्ट** स्थायी ठेगाना: गोरखा जिल्ला, बकाङ गा.वि.स. वडा नं. ३, हालको ठेगाना: भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४, बाबु: बाबुराम भट्ट, बाजे: भिम दत्त भट्ट
७)	**१) ऋणी फर्म: गुरुङ कृषि तथा पशुपंक्षि फर्म**, प्रोप्राईटर तथा जमानीकर्ता: राम बहादुर गुरुङ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) मा उद्योग दर्ता नं. १४७७/०७७/०७८, दर्ता मिति: २०७७/१०/२६, ठेगाना: जिल्ला नवलपरासी, कावासोती न.पा. वडा नं. १२
	२) ऋणी: राजन गुरुङ स्थायी ठेगाना: नवलपरासी जिल्ला, पिठौली गा.वि.स. वडा नं. २, हालको ठेगाना: नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १२, बाबु: दुध बहादुर गुरुङ, बाजे: पदम बहादुर गुरुङ
	धितोको विवरण
	१) हर्क सिंहको नाती, पदम बहादुर गुरुङको छोरा, नवलपरासी जिल्ला, पिठौली गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १२ बस्ने दुत बहादुर गुरुङको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, पिठौली गा.वि.स. वडा नं. २घ स्थित कित्ता नं. १०१ र १०२ को क्षेत्रफल क्रमश: ०-१-२-० र ०-१०-१९-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) गुरुङ कृषि तथा पशुपंक्षी फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
८)	**ऋणी: हिरा बहादुर तामाङ** स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, मथुरापाटी फुलवारी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, बाबु: कृष्ण बहादुर तामाङ, बाजे: सुताब सिं तामाङ
	धितोको विवरण
	सुताब सिं तामाङको नाति, कृष्ण बहादुर तामाङको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, मधुरापाटी फुलवारी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने हिरा बहादुर तामाङको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, बाँड भन्ज्याङ गा.वि.स. वडा नं. ९ङ (हाल चन्द्रागिरी न.पा. वडा नं. २) स्थित कित्ता नं. ८० को क्षेत्रफल २८६.११ (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
९)	**ऋणी: अस्मान तामाङ** स्थायी ठेगाना: काभ्रेपलान्चोक जिल्ला, सिसाखानी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बाबु: ङेमा दोर्जे लामा, बाजे: जित बहादुर लामा
	धितोको विवरण
	जित बहादुरको नाति, ङेमा दोर्जे लामाको छोरा, काभ्रेपलान्चोक जिल्ला, सिसाखानी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बस्ने आस्मान तामाङको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, फुलवारी गा.वि.स. वडा नं. ५ (हाल नमोबुद्ध न.पा. वडा नं. २) स्थित कित्ता नं. २६७० को क्षेत्रफल ०-३-०-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१०)	**ऋणी: प्रेम बहादुर भण्डारी** स्थायी ठेगाना: नवलपरासी जिल्ला (ब.सु.पू) विनयीत्रिवेणी गा.पा. वडा नं. ६, हालको ठेगाना: भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६, बाबु: ठाकुर बहादुर भण्डारी, बाजे: मन बहादुर भण्डारी
	धितोको विवरण
	मन बहादुर भण्डारीको नाति, ठाकुर बहादुर भण्डारीको छोरा, नवलपरासी जिल्ला, विनयीत्रिवेणी गा.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६ बस्ने प्रेम बहादुर भण्डारीको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंको, लगतमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, बाँडभन्ज्याङ गा.वि.स. वडा नं. ९ क (हाल चन्द्रागिरी न.पा. वडा नं. २) स्थित कित्ता नं २२८ को क्षेत्रफल ०-१२-२-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
११)	**ऋणी फर्म: न्यू एस एम ट्रेडर्स एण्ड सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: मदिना खातुन दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा प्रा.फ.र.नं. ९१६६/२०७८/७९, दर्ता मिति २०७८/०४/३१, ठेगाना: जिल्ला सप्तरी, राजविराज न.पा. वडा नं. ४
	धितोको विवरण
	१) ओली मिया मियाँको नाती, करिम खान मियाँको छोरा, सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. २ स्थायी ठेगाना भई सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १ बस्ने मो. समसादको नाममा भूमिसुधार तथा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, चनौरापडरिया गा.वि.स. वडा नं. ३ (हाल राजविराज न.पा. वडा नं. २) स्थित कित्ता नं. ९२७ को क्षेत्रफल ०-०-११-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) न्यु एस एम ट्रेडर्स एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१२)	**ऋणी कम्पनी: प्रत्युषा इन्टरप्राइजेज प्रा.लि.**, संचालक तथा जमानीकर्ता: साबित्री अधिकारी दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२७३२१/०७६/०७७, दर्ता मिति: २०७६/०७/१४, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३१
	धितोको विवरण
	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं २२७३२१/०७६/०७७ अन्तर्गत मिति २०७६/०७/१४ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ स्थित रजिष्टर्ड कार्यालय रहेको प्रत्युषा इन्टरप्राइजेज प्रा.लि.को नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल गा.वि.स. वडा नं. ५ (हाल चाँगुनारायण न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९९९ को क्षेत्रफल ४१९.२४ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) प्रत्युषा इन्टरप्राइजेज प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१३)	**ऋणी: सुन्दर लामा भोलन** स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ३, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बाबु: चन्द्र बहादुर भोलन लामा, बाजे: लालबिर भोलन
	धितोको विवरण
	शम्शेर बहादुर योञ्जनकी छोरी, चन्द्र बहादुर भोलनकी बुहारी, सुन्दर लामा भोलनकी पत्नि, मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बस्ने कुन्चन योञ्जनको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा वडा नं. १५) स्थित कित्ता नं १६८१ को क्षेत्रफल ०-३-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१४)	**ऋणी: सविन श्रेष्ठ** स्थायी ठेगाना: दोलखा जिल्ला, काटाकुटी गा.वि.स. वडा नं. ९, हालको ठेगाना: भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६, बाबु: ध्रुव कुमार श्रेष्ठ, बाजे: पदम बहादुर श्रेष्ठ
	धितोको विवरण
	पदम बहादुर श्रेष्ठको नाति, ध्रुव कुमार श्रेष्ठको छोरा, दोलखा जिल्ला, काटाकुटी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६ बस्ने सविन श्रेष्ठको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स. वडा नं. ४क (हाल सुर्यविनायक न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६९५ को क्षेत्रफल २५४.३२ (व.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा प्रोप्राईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।


बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ३१ असार ०८२

मौद्रिक नीतिपछि पनि बढ्न सकेन सेयर बजार

आइतबार २९ अंकले बढे पनि सोमबार ३५.०९ घट्यो



■ न्यून ब्याजदरले बजार बढाउने अनुमान



राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत ब्याजदर करिडोरका दरहरूलाई घटाएको थियो। माथिल्लो (नीतिगत दर) र तल्लो सीमा (निक्षेप संकलन दर)को ब्याजदरलाई घटाएको हो। यसबाट मुद्दती निक्षेपको ब्याजदर घटाउन मद्दत पुग्ने देखिन्छ। सामान्यतया ब्याजदर सस्तो भएका वेलामा निक्षेपतर्फको आकर्षण घट्ने र सेयर बजारमा लगानी बढ्ने प्रवृत्ति हुन्छ। बैंक तथा वित्तीय संस्थाले लागू गर्ने नयाँ निक्षेपको ब्याजदर घटेर आएपछि सेयर बजारमा लगानी बढ्ने आकलन विज्ञहरूको छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

राष्ट्र बैंकले पुँजी बजारलक्षित लचिलो नियमसहित मौद्रिक नीति ल्याए पनि सेयर बजारमा भने तीव्र उचारचढाव देखिएको छ। आगामी आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीतिमार्फत गभर्नर विश्वनाथ पौडेलले बैंक तथा वित्तीय संस्थाहरूबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जासीमा १५ करोड रुपैयाँबाट बढाई २५ करोड रुपैयाँ पुऱ्याएका छन्। सेयर धितो कर्जाको सीमा बढाएपछि त्यसको मनोवैज्ञानिक असर लगानीकर्तामा पर्ने र नेप्से परिसूचक बढ्ने अपेक्षा गरिएको थियो। मौद्रिक नीतिपछि बजार खुलेको पहिलो दिन आइतबार २९ अंकले बढेर परिसूचक २७६०.८ विन्दुमा पुगेको पनि थियो। तर, दोस्रो दिन सोमबार परिसूचक ३५.०९ अंकले घटेर २७२५.७१ विन्दुमा पुगेको छ।

राष्ट्र बैंकले खुकुलो बनाएको यो नियामकीय व्यवस्थालाई कार्यान्वयनमा आउनका लागि बैंक तथा वित्तीय संस्थालाई परिपत्र गर्नुपर्ने भएकाले लगानीकर्ता अझै 'पर्ख र हेर'को अवस्थामा रहेको देखिन्छ। विगतमा राष्ट्र बैंकले मौद्रिक नीतिमा नियामकीय व्यवस्था खुकुलो बनाए पनि परिपत्रमा कर्जाको जोखिमभार बढाएर कसिलो बनाउने गरेको थियो। त्यसबाहेक नियामकीय व्यवस्था खुकुलो बनिसकेपछि बैंक तथा वित्तीय संस्थाबाट जाने कर्जा प्रवाहले पनि सेयर बजार वृद्धि हुन सक्ने आकलन गरिएको छ।

सोमबार कारोबारमा आएका अधिकांश परिसूचक घटेका छन्। जलविद्युत् समूहको परिसूचकमा भने वृद्धि भएको छ। जलविद्युत् समूहको परिसूचक ०.१५ प्रतिशतले घटेको छ। बैंकिङ समूहको परिसूचक २.४६ प्रतिशतले घटेको छ भने विकास बैंक समूहको परिसूचक १.४८ प्रतिशतले घटेको छ। फाइनान्स समूहको परिसूचक १.१३ प्रतिशतले घटेको छ। होटेल तथा पर्यटन समूहको परिसूचक ०.२५ प्रतिशतले घटेको छ। लगानी समूहको परिसूचक १.२५ प्रतिशतले घटेको छ। जीवन बिमा १.३६ प्रतिशत, उत्पादन तथा प्रशोधन ०.७८ प्रतिशत, माइक्रोफाइनान्स १.२३ प्रतिशत, सामूहिक लगानी कोष ०.१७ प्रतिशत, निर्जीवन बिमा १.०५ प्रतिशत, व्यापार समूह ०.६४ प्रतिशत र अन्य समूह १.२४ प्रतिशतले घटेको छ। सेयर बजारमा सोमबार आठ अर्ब १७ करोड रुपैयाँको कारोबार भएको छ। दुई करोड ११ लाख दुई हजार पाँच सय ४० कित्ताको सेयर किनबेच भएको छ।

बैंकिङ क्षेत्र सुधार्न कार्यदलले बुझायो प्रतिवेदन

पुँजी बजारमा राष्ट्र बैंकको हस्तक्षेप रोक्न सुझाव



काठमाडौं/ पुँजी बजारमा नेपाल राष्ट्र बैंकको हस्तक्षेप रोक्नेलगायतका सुझावसहित बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलले नेपाल राष्ट्र बैंकलाई प्रतिवेदन बुझाएको छ। सोमबार डा. रेवतबहादुर कार्की संयोजक रहेको कार्यदलले गभर्नर प्राडा विश्वनाथ पौडेललाई प्रतिवेदन बुझाएको हो। पुँजी बजारमा हुने कर्जा प्रवाह बैंक र ग्राहकको समझदारीका आधारमा हुनुपर्ने संयोजक डा. कार्कीको भनाइ छ। त्यस्तै, कृषि, ऊर्जालगायतका क्षेत्रमा जाने निर्देशित कर्जाको व्यवस्था पुनरावलोकन गर्नुपर्ने सुझाव कार्यदलले दिएको छ। नेपालमा अन्तर्राष्ट्रिय बैंक र तिनका शाखा नेपाल प्रयास गर्ने, बैंक तथा वित्तीय संस्थामाथि नियमन कम र सहजीकरण बढी गर्नुपर्ने, ग्रामीण क्षेत्रमा राष्ट्र बैंक कार्यक्रम चलाउनुपर्ने, युवालाई सूचना प्रविधिका क्षेत्रमा प्रोत्साहित गर्नुपर्ने, सहुलियतपूर्ण कर्जालाई पुनर्विचार गर्नुपर्ने सुझाव दिएको डा. कार्कीले जानकारी दिए।

मधेशमा विपक्षी दलको बहिष्कारबिच प्रदेश सभाबाट बजेट पारित

अर्थमन्त्री सुनीलकुमार यादवले ल्याएको ४६ अर्ब ९८ करोड ३३ लाखको बजेट आवश्यक छलफल र प्रक्रिया नै पूरा नगरी पास

विपक्षी ६ दलका ३५ सांसदले बहिष्कार गरेको विषयलाई सभामुख रामचन्द्र मण्डलले नजरअन्दाज गरेर विनियोजन विधेयकमाथि छलफल चलाए, ध्वनिमतका आधारमा सर्वसम्मतिले बजेट पारित भएको घोषणा गरे

जनकपुरधाममा **हदिश खुद्दार**

विपक्षी दलहरूले बहिष्कार गरेको प्रदेश सभाको बैठकबाट मधेश प्रदेशको अगामी आर्थिक वर्ष ०८२/८३ को बजेट पारित भएको छ।

बजेटमा रहेको कमजोरी तथा त्रुटि सच्याउन गरेको सहमति सरकारले कार्यान्वयन नगरेपछि सोमबार दोस्रोपटक बसेको प्रदेश सभाको बैठक ६ विपक्षी दलहरूले बहिष्कार गरेका थिए। सभामुख रामचन्द्र मण्डलले प्रतिपक्षीको बहिष्कारलाई बेवास्ता गर्दै विनियोजन विधेयकमाथिको छलफल गर्ने कार्यसूची अगाडि बढाएलगत्तै बहुमतले बजेट पारितको घोषणासमेत गरे।

प्रदेशका अर्थमन्त्री सुनीलकुमार यादवले १ असारमा प्रदेश सभामा प्रस्तुत गरेको ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट आवश्यक छलफल र प्रक्रिया पूरा नै नगरी पारित गरिएको हो। प्रतिपक्ष दलले बजेटमा बिचौलिया हाबी भएको तथा मन्त्रीहरूले आफ्ना जिल्लामा जबर्जस्ती बढी बजेट राखेको आरोप लगाएका छन्। सरकारले नै बजेटमा त्रुटि भएको स्वीकार गरे पनि सच्याउन दुईपटक कार्यदल गठन भए पनि कुनै निकास ननिस्किएपछि सोमबार बिहान कार्यदल भंग गरिएको थियो।

सुरुमा सभामुख रामचन्द्र मण्डलको संयोजकत्वमा ६ सदस्यीय समिति गठन भएको थियो। तर, समितिमा मन्त्रीसमेत राखेपछि प्रतिपक्षी दलले मानेनन्। त्यसपछि उपसभामुख बबिताकुमारी राउतको संयोजकत्वमा १४ सदस्यीय समिति गठन गरिएको थियो। तर, सांसदलाई बजेटको रेडबुक नै फरक बाँडिएपछि प्रतिपक्षले आपत्ति जनाए। त्यसपछि सरकारले समिति नै भंग गरिदिएको हो।



प्रतिपक्षको बेन्च खाली राखेर मधेश प्रदेश सभाबाट बजेट पारित गरिएको दृश्य

विपक्षी दलहरूले सधैं अनावश्यक माग मात्रै राखे

● **सतिशकुमार सिंह**, मुख्यमन्त्री

विपक्षी दलहरूको माग सरकारले सम्बोधन गर्ने प्रयत्न गरिरहेको छ। तर, पटक-पटक अनावश्यक माग उठाउने गरिएको छ। उहाँहरूको मागअनुसार कार्यदल गठन गरे पनि विपक्षीले विभिन्न बहानामा सरकारलाई बदनाम गर्ने मानसिकता मात्रै बनाउनुभयो।

रेडबुकका योजना हटाएर सरकारले आर्थिक अपराध गऱ्यो

● **सरोजकुमार यादव**, संसदीय दलका नेता, जसपा नेपाल

सरकारले रेडबुकको २९४ पृष्ठ गायब गरेर तीन अर्बको आठ हजारका योजना लुकायो। यस्तो कहीं हुँदैन, सरकारले रेडबुकको पृष्ठ नै गायब गरी आर्थिक अपराध गरेको छ। त्यसकारण हामी विपक्षी दलहरूले सभाको बैठक बहिष्कार गरेका थियौं। बहुमत भएको सरकारले पूरा बजेट नै गायब गर्दा हुन्थ्यो नि। किन सभामा बजेट ल्याउनुपऱ्यो।

विपक्षी दलले सभामुखको राजीनामा माग गर्ने



रामचन्द्र मण्डल

प्रमुख प्रतिपक्ष जनता समाजवादी पार्टी (जसपा) नेपालसहित ६ दलका ३५ सांसदले बैठक बहिष्कार गर्दासमेत सभामुख रामचन्द्र मण्डलले विनियोजन विधेयकलाई अगाडि बढाएपछि प्रतिपक्ष रुष्ट भएका छन्। उनीहरूले सभामुख मण्डलको राजीनामा माग्ने जनाएका छन्। विपक्षीले बहिष्कार गरेको सभा सञ्चालन गरेर सभामुख मण्डलले निष्पक्षता समाप्त गरेको जसपा संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले आरोप लगाए।

आय-व्यय अनुमान समेटिएको रेडबुक नै फरक पारेको विपक्षीको आरोप

आय र व्यय अनुमान समेटिएको बजेटको रेडबुक ७५५ पृष्ठको छ। तर, सांसदलाई ४६१ पृष्ठको रेडबुक वितरण गरिएकोप्रति प्रतिपक्षी सांसदले अर्थमन्त्री यादवको राजीनामासमेत मागेका छन्। सरकारले रेडबुकको २९४ पृष्ठ गायब गरेर तीन अर्बको आठ हजारका योजना लुकाएको प्रमुख प्रतिपक्षी जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले आरोप लगाए।



सुनीलकुमार यादव, अर्थमन्त्री

पूरै रेडबुक अर्थ मन्त्रालयको वेबसाइटमा राखिएको अवस्थामा योजना लुकाउने काम हुँदैन। सूत्रमा आइसकेका योजना कार्यान्वयनमा गएपछि सबैले जानकारी पाउने नै हो। अहिले पनि रेडबुकमा छुटेका योजनाको सूची तयार गरी सबै सांसदलाई बाँडिएको छ। यो अभ्यास नयाँ होइन, यो संघीय सरकारमा पनि विगतदेखि हुँदै आएको अभ्यास हो।

अघुरो रेडबुक प्रदेश सभामा प्रस्तुत गरिएको दाबी गर्दै उनले भने, 'यस्तो कहीं हुँदैन, सरकारले रेडबुकको पृष्ठ नै गायब गरी आर्थिक अपराध गरेको छ। त्यसकारण हामी विपक्षी दलहरूले सभाको बैठक बहिष्कार गरेका थियौं। बहुमत भएको सरकारले पूरा बजेट नै गायब गर्दा हुन्थ्यो नि। किन सभामा बजेट ल्याउनुपऱ्यो।' मधेश प्रदेश सभामा १० दल रहेकामा जनमत पार्टीको नेतृत्वमा रहेको मधेश प्रदेश सरकारमा नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी सम्मिलित रहेको छ। बाँकी रहेका ६ दल जनता समाजवादी पार्टी, नेपाल, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, राप्रपा, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टी नेपाल प्रतिपक्षमा रहेका छन्।

कमलामा छाडियो दुई लाख माछाका भुरा

कर्जन्हा नगरपालिका र मत्स्य विकास केन्द्रले जैविक विविधता संरक्षण गर्न डेढ लाख रुपैयाँका भुरा छाडे

लहानमा **मणिलाल विश्वकर्मा**

स्थानीयको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यसहित बिहीबार सिराहाको पश्चिमवर्ती कर्जन्हा नगरपालिका- १, उत्तरवाहिनीस्थित कमला नदीमा माछाका भुरा छाडिएको छ। कर्जन्हा- १ जनप्रतिनिधि, मत्स्य विकास केन्द्रका प्रतिनिधि र स्थानीय बासिन्दाको उपस्थितिमा रहु र नैनी प्रजातिका करिब दुई लाख माछाका भुरा छाडिएको कर्जन्हा- १ का वडाध्यक्ष



फणीन्द्रप्रसाद पोखरेलले जानकारी दिए। उनका अनुसार वडा कार्यालयको सहजीकरण र समन्वय तथा लहानस्थित मत्स्य विकास केन्द्रको सहयोगमा माछाका भुरा छाडिएको हो।

'सिराहा, धनुषा र उदयपुरको संगम पवित्र धार्मिकस्थल उत्तरवाहिनीमा छाडिएका माछा हुर्किएपछि माछा मारेर जीविका चलाउँदै आएका स्थानीयलाई टेवा पुग्ने अपेक्षा गरिएको छ,' उनले भने, 'कमला नदीमा प्राकृतिक रूपमा रैथाने प्रजातिका माछा पनि पाइन्छन्, नदीको पानीमा हुर्किन सक्ने उन्नत प्रजातिका भुरा हालिएकाले नदीमा आश्रित बासिन्दाका लागि राम्रो हुन्छ।' 'सार्वजनिक जलाशयमा जैविक विविधता संरक्षणका लागि माछाका भुरा छाड्ने कार्यक्रम'अन्तर्गत कमला नदीमा भुरा छाडिएको



केन्द्रकी प्रमुख प्रियंका यादवले बताइन्। उनका अनुसार जैविक जलाशयको संरक्षणसहित स्थानीयको जीविकामा सहयोग पुऱ्याउन सरकारी दररेटमा प्रतिगोटा ७५ पैसाका दरले डेढ लाख रुपैयाँ मूल्यको भुरा छाडिएको हो। चालू आवको कार्यक्रमअन्तर्गत भुरा छाडिएको उनले बताइन्।

संक्षेप

फुङफुङे झरना पर्यटन महोत्सवमा सात लाख बचत

ताप्लेजुङ/ जिल्लाको पर्यटकीय स्थल फुङफुङेमा गत मंसिर पहिलो साता सञ्चालित अध्यक्ष कप तथा फुङफुङे झरना पर्यटन महोत्सवको आय-व्यय सार्वजनिक गरिएको छ। आयोजकले आइतबार पत्रकार सम्मेलन गरी महोत्सवमा सात लाख रुपैयाँभन्दा बढी बचत भएको सार्वजनिक गरेको छ।

आयोजक कमिटी अध्यक्ष विजय साँवा लिम्बूले २३ लाख ९८ हजार रुपैयाँ खर्च भएको जानकारी दिए। पर्यटन महोत्सवमा एक लाख ५२ हजार रुपैयाँ नगद बचत गरेको तथा विकास समितिले पाँच लाख ५० हजार मूल्यबराबरको संस्थालाई चाहिने विभिन्न सामग्रीसमेत खरिद गरेको उनले बताए।

'पोखराबाट उडान विस्तारका लागि प्रयासरत छौं'



काठमाडौं/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई दिगो रूपमा सञ्चालन गर्न विभिन्न अन्तर्राष्ट्रिय विमान सेवाप्रदायक कम्पनीहरूसँग निरन्तर छलफल र समन्वय भइरहेको बताएका छन्।

प्रतिनिधिसभाको सोमबारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित प्रश्नको उत्तर दिँदै मन्त्री पाण्डेले विमानस्थलको दिगो सञ्चालनका लागि आवश्यक कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा रहेको बताए। उनले पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरू सञ्चालन गर्न विभिन्न प्रकारका सहुलियत प्रदान गरिएको र यसले उडान संख्या वृद्धि हुने सम्भावना रहेको उल्लेख गरे।

बिमा कम्पनीको नवीकरण र म्यादी शुल्क अनिवार्य

काठमाडौं/ जीवन बिमा कम्पनी र लघु जीवन बिमा कम्पनीले नवीकरण र म्यादी जीवन बिमाशुल्कलाई पनि व्यावसायिक लक्ष्यमा अनिवार्य रूपमा समावेश गर्नुपर्ने भएको छ। हाल कम्पनीहरूले मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक लक्ष्य निर्धारण गर्दा प्रथम बिमाशुल्क अनिवार्य छ। अब नवीकरण बिमाशुल्क तथा म्यादी जीवन बिमाशुल्क संकलनलाई पनि व्यावसायिक लक्ष्यमा राख्नुपर्ने भन्दै नेपाल बिमा प्राधिकरणले सोमबार निर्देशन दिएको हो।

'कम्पनीहरू सावधिक र एकल बिमाशुल्क भुक्तानी हुने बिमालेखलाई मात्र प्राथमिकता दिने गरेका गुनासा आउने गरेको, बिमकहरू ठुलो रकमको बिमाशुल्क संकलनमा केन्द्रित हुँदा बिमाको पहुँच न्यून आय भएका वर्गसम्म पुग्न नसकेको, बिमा अवधि नपुदै बिमालेख व्यतीत तथा समर्पण हुनेलगायतका समस्या देखापरेको र त्यसबाट गुणस्तरीय एवं भरपर्दो बिमा सेवा प्रवाहमा चुनौती थपिएकाले यस्तो निर्देशन दिएको हो,' निर्देशनमा भनिएको छ।

चुलो बाल्न दाउरा बिक्री

अरूको चुलोमा आगो बाल्न पुग्ने दाउरा बेचेर गुजारा गर्नेहरूको कथा

उदयपुरमा **विदुर कटुवाल**

त्रियुगा नगरपालिका- १३, बहेड्वाका ४९ वर्षीय मानबहादुर राई र उनकी श्रीमती सरनमाया आजभोलि टाउकोमा नाम्लो लगाएर एक भारी दाउरा बेच्न एकाबिहानै गाईघाट बजार निस्कने गरेका छन्। बाटोमा कसैले बोलायो भने पनि धेरै नबोली हिँड्छन् किनभने गाईघाट बजारमा दाउरा बेचेर दिउँसो घर आई साँझ पुनः दाउरा संकलन गर्न जंगल पुनुपर्ने उनीहरूको दिनचर्या छ।

मदन भण्डारी लोकमार्गको गाईघाट-बेल्टार खण्डमा पर्ने दनुबारीमा पैदल भेटिएका मनबहादुरले एक भारी दाउरा तीन सय रुपैयाँमा बेच्ने गरेको सुनाए। 'एक भारी दाउराको तीन सय पर्छ, किन्ने भए किन्नुस्, नत्र हामीलाई बाटोमा नरोक्नुस्' थाकेको स्वरमा मानबहादुरले भने, 'गाईघाट बजारमा दाउरा बेचेर फर्कन हाम्लाई ढिला हुन्छ।' गाईघाट नपुग्ने बाटोमै कसैले खरिद गर्न चाहे घरसम्मै लगिदिने गरेको उनले सुनाए। मनबहादुर बोल्दै गर्दा सरनमायाले भनिन्, 'चिरुवा दाउरा छैन। चिरुवा भएको भए एक भारीको पाँच सय पर्छ। गोलो दाउरा तीन सयमै दिन्छौं।'

राई दम्पतीको घर बहेड्वाबाट गाईघाट बजार डेढ घण्टाको दूरीमा छ। आजभोलि उनीहरूले एक भारी दाउरा बोकेर बजार आउजाउ गर्ने गरेका छन्। आफ्नो घरको चुलो बाल्न जंगलबाट दाउरा संकलन गर्ने र बेच्ने गरेको उनले दुःखेसो सुनाए। 'ऐलानी जग्गामा थालकले छाएको घर छ। अरू खेतबारी केही छैन,' उनले भने, 'परिवार पाल्न दाउरा नै बेच्नुपर्छ।' आम्दानीको अन्य स्रोत केही नभएकाले



जंगलबाट दाउरा संकलन गरेर बेच्दै आएको उनले बताए।

जंगलमा दाउरा टिप्नका लागि सधैं खुला हुँदैन। बहेड्वा सामुदायिक वन उपभोक्ता समूह, त्रियुगा नगरपालिका- १३ का अध्यक्ष राजकुमार चौधरीले हप्ताको दुई दिन शुक्रबार र शनिबार वनमा दाउरा संकलनका लागि खुला गर्ने गरेको बताए। 'विशेष गरेर स्थानीय उपभोक्तालाई मात्र दाउरा संकलनको इजाजत दिन्छौं। उपभोक्ताले संकलन गरेको दाउरा बजार लगेर पनि बेच्ने पनि गरेका छन्। दाउरा नबेचीकन खानै नपुग्ने उपभोक्ता छन्। त्यसैले अनुमति दिनुपर्ने बाध्यता छ,' अध्यक्ष चौधरीले भने।

दाउरा संकलन गर्न नपाएको दिनमा सरनमायाले घाँस छिप्ने र बेच्ने गरेकी छिन्। 'सामुदायिक वनमा दाउरा खुलेको छ। त्यसैले अहिले धेरै दाउरा संकलन गरेर बेच्न दौडिएका छौं,' सरनमायाले भनिन्, 'संकलन बन्द भएको वेला ल्याउन पाइँदैन। त्यतिवेला ल्याएको भेट्यो भने सामुदायिक वनले पैसा तिराउँछ। कतिपयले दाउरा होटेलमा बेच्छन्। तर, राई दम्पती भने यसरी भारी डुलाएर बजार लगेर बेच्दै आएका छन्।

दाउरा बेचेरै ६ जनाको परिवार पाल्दै सुखीदया चौधरी



बहेड्वाकै ३६ वर्षीया सुखीदया चौधरीको ६ जनाको परिवार छ। सासू-ससुरा, श्रीमान्-श्रीमती र छोरा-छोरीको खर्च दाउरा बेचेर आएको पैसाले नै धान्दै आएको उनले बताइन्। दाउरा बेचेरै उनले साइकल किनेकी छिन्। जंगलमा संकलन गरेको दाउरा त्यहीं साइकलमा बाँधेर बिक्रीका लागि बजारसम्म लैजाने गरेकी छिन्। 'साइकलमा बोकेर ल्याएको एक भारी दाउराको पाँच सय पर्छ,' उनले भनिन्।

बहेड्वालगायतका गाउँबाट दैनिक २० देखि २५ भारी दाउरा गाईघाट बजारमा बिक्री हुने गरेको उनले सुनाइन्। 'अहिले दाउरा संकलन खुलेको छ। खुलेका वेला दाउरा संकलन गरेर घरमा जम्मा गर्छौं। सिजनमा सस्तोमै बेच्छौं, अरू वेला महँगो पर्छ,' सुखीदयाले भनिन्। १८ धुर ऐलानी जग्गामा बस्दै आएको उनको परिवार दाउरा बिक्रीबाट मात्र खर्च धान्न नपुगेर मजदुरीसमेत गर्दै आएको उनले सुनाइन्।

रिलायन्स र चौधरी ग्रुपको सहकार्यमा नेपालमा क्याम्पा कोला उत्पादन



काठमाडौं/ भारतको प्रतिष्ठित औद्योगिक समूह रिलायन्स इन्डस्ट्रिजले औद्योगिक घराना चौधरी ग्रुपसँगको सहकार्यमा लोकप्रिय कोल्ड ड्रिंक ब्रान्ड क्याम्पा कोला नेपाली बजारमा ल्याएको छ। क्याम्पा कोला रिलायन्स इन्डस्ट्रिजको एफएमसिजी विंग रिलायन्स कन्ज्युमर प्रोडक्ट्स लिमिटेड (आरसिपिएल)द्वारा उत्पादित अन्तर्राष्ट्रिय रूपमा लोकप्रिय भारतीय कोल्ड ड्रिंक ब्रान्ड हो।

क्याम्पा कोलाले भारतको प्रतिष्ठित आइपिएलजस्ता इभेन्टहरू स्पोन्सर गर्दै आएको छ। क्याम्पा कोलाको नेपाल आगमनले रिलायन्सको चौधरी ग्रुपसँगको व्यावसायिक सम्बन्धको विस्तार तथा समग्र नेपालप्रतिको दीर्घकालीन प्रतिबद्धतालाई थप पुष्टि गर्ने रिलायन्सले जनाएको छ।

'चौधरी ग्रुपजस्तो प्रतिष्ठित साझेदारसँग मिलेर नेपालमा क्याम्पा ब्रान्ड ल्याउन पाउँदा हामी अत्यन्त उत्साहित छौं,' आरसिपिएलका कार्यकारी निर्देशक केतन मोदीले भने, 'क्याम्पा कोला ५० वर्षभन्दा पुरानो ऐतिहासिक भारतीय ब्रान्ड हो, जसले धेरै पुस्तालाई जोड्ने भावनात्मक सन्देश दिन्छ। हामी नेपालमा दीर्घकालीन लगानीको सोचसहित आएका छौं।' क्याम्पा कोला गल्फ कोअपरेसन काउन्सिल (जिसिसी) मुलुकहरूमा पहिल्यै स्थापित भइसकेको ब्रान्ड हो। अब नेपालमा पनि चौधरी ग्रुपले यसको स्थानीय उत्पादन र वितरण गर्नेछ। यो ब्रान्डले नेपाली युवाको 'अडिग आत्मबल र लक्ष्यप्रतिको प्रतिबद्धता'को प्रतिनिधित्व गर्ने विश्वास दुवै कम्पनीले लिएका छन्।

कम्पनीका अनुसार क्याम्पा पोर्टफोलियोअन्तर्गत क्याम्पा कोला, क्याम्पा लेमन, क्याम्पा अरेन्ज, क्याम्पा इनर्जी गोल्ड बुस्ट र क्याम्पा इनर्जी बेरी किक उपलब्ध हुनेछन्। २५० मिलिलिटर कार्बोनेटेड सफ्ट ड्रिंक (सिएसडी) बोतल (क्याम्पा कोला, क्याम्पा लेमन र क्याम्पा अरेन्ज)को उपभोक्ता मूल्य ३० रुपैयाँ रहेको छ भने क्याम्पा २५० मिलिलिटर इनर्जी बेरी किकको मूल्य ४० रुपैयाँ रहेको छ।

चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले नेपालमा क्याम्पा कोला ल्याउन रिलायन्ससँग सहकार्य गर्नु चौधरी ग्रुप र समग्र देशका लागि गौरवको विषय रहेको बताए। 'यो साझेदारीले नेपाली उपभोक्तालाई गुणस्तरीय र ऐतिहासिक पेय पदार्थको स्वादमा रम्ने अवसर दिनेछ,' उनले भने।

तीन कम्पनीको लाभांश पारित

काठमाडौं/ तीन कम्पनीका साधारणसभाले लाभांशसहित विभिन्न प्रस्ताव पारित गरेका छन्। सोमबार सम्पन्न लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) (एलआइसी), एसियन लाइफ इन्स्योरेन्स र युनाइटेड अजोड इन्स्योरेन्सका छुट्टा-छुट्टै सभाले यी प्रस्ताव पारित गरेका हुन्।

एलआइसीको साधारणसभाले हाल कायम चुक्ता पुँजीको १० प्रतिशत बोनस सेयर र ०.५२६ प्रतिशत नगद लाभांश (करसहित) पारित गरेको छ। त्यसैगरी एसियन लाइफको साधारणसभाले ५.१० प्रतिशत बोनस सेयर र ०.२६८४ प्रतिशत नगद लाभांश (करससहित) पारित गर्नुका साथै पाँचजना स्वतन्त्र सञ्चालक पनि चयन गरेको छ। त्यस्तै, युनाइटेड अजोडको सभाले पनि १० प्रतिशत बोनस र ०.५२६३ प्रतिशत कर तथा नगद लाभांश पारित गरेको छ। साथसाथै १०.१ अनुपातमा हकप्रद निष्कासन गर्ने प्रस्ताव पनि अनुमोदन भएको छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०३/३१)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेलः info@nimb.com.np
वेबसाइटः www.nimb.com.np

यस बैंक (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०४/०५

बोलपत्र खोलिने मिति २०८२/०४/०६ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : समिक्षा एण्ड सागर किराना स्टोर (अधिविकर्ष कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर,** प्रा.फ.र.नं.: ३-३५-३८३-१५८६३६/२०७७/७८, ठेगाना : कागेश्वरी मनोहरा न.पा. ०९, काँडाघारी काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. समिक्षा खड्का -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २१३०४७/१३५२, मिति २०६३/११/०७ मा जि.प्र.का.रामेछापबाट जारी भएको), पति: सागर कुमार कार्की, ससुरा : दल बहादुर कार्की **२. सागर कुमार कार्की -जमानीकर्ता** (ना.प्र.नं. २०३०१६/८३, मिति २०६३/१०/०६ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको), बाबु : दल बहादुर कार्की, बाजे : केशर बहादुर कार्की	सागर कुमार कार्कीको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ०६ (घ) स्थित कि.नं. २६१४ (०-०-१०-० विगाहा) तथा ऐ.ऐ. जलकन्या चपौली गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं.१९४ (२-३-०-० रोपनी) र कि.नं. २१३ (३-३-१-३ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सिन्धुलीमाडी

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

बाल अस्पताल निर्माण गर्न नेपाल लाइफको एक करोड सहयोग



काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले बाल स्वास्थ्यमा काम गरिरहेको गैरनाफामूलक संस्था काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच)लाई एक करोड रुपैयाँ सहयोग प्रदान गरेको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रवीणरमण पराजुलीले किओचका संस्थापक अध्यक्ष डा. भगवान कोइरालालाई उक्त सहयोग हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा बोल्दै कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवालले डा. भगवान कोइरालाको अग्रसरतामा सुरु भएको यस परियोजनाले नेपालमा रहेका बालबालिकाको स्वास्थ्यको अवस्था सुधार गर्न अतुलनीय भूमिका निर्वाह गर्ने बताए। यस्ता परियोजनाले राज्यले लिएको नीतिलाई समेत सघाउ पुग्ने र आगामी दिनमा पनि निजी स्तरबाट नै यस किसिमका परियोजनाको सफल कार्यान्वयन गर्न सकिएमा आमनागरिक उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य हुने बताए।

साथै, यस कार्यमा नेपाल लाइफ जोडिन पाउँदा आफू खुसी भएको बताए। यसै क्रममा कम्पनीका सिइओ पराजुलीले नेपालमा बाल स्वास्थ्यमा रूपान्तरण ल्याउन सुरु गरिएको यसलाई आगामी दिनमा पनि सहयोग गर्न आफू प्रतिबद्ध रहेको बताए।

विभिन्न संघ-संस्थालाई मञ्जुश्री फाइनान्सको सहयोग



काठमाडौं/ मञ्जुश्री फाइनान्सले विभिन्न संघ-संस्थालाई सहयोग गरेको छ। फाइनान्सले बुटवल शाखाबाट सुरु गरेको सहयोग कार्यक्रम, वीरगन्ज, पोखरा, मुर्गिया, इटहरी, धरानसम्म पुगेको थियो। यसअन्तर्गत फाइनान्सले शिक्षा, स्वास्थ्य तथा बालगृहलगायतका विभिन्न क्षेत्रमा काम गरिरहेका संघ-संस्थालाई सहयोग गरेको हो ।

फाइनान्सको पोखरा शाखाले अमोर बालगृहलाई एक लाख रुपैयाँबराबरको दैनिक आवश्यकताका सामग्री प्रदान गरेको छ भने मुर्गिया शाखा, रुपन्देहीले भने सैनामैना नगरपालिका मुर्गियास्थित परोहा बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्यनरत विद्यार्थीलाई आवश्यक पुस्तक वितरण गरेको छ। धरान शाखाले पनि धरानस्थित श्री पञ्चकन्या माध्यमिक विद्यालय तथा श्री सावित्री माध्यमिक विद्यालयलाई पाठ्यक्रमका सामग्री वितरण गरेको छ। त्यस्तै, बुटवल शाखाले रक्तदान र निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

एपेक्स मकालु हाइड्रोपावर लिमिटेड
विशेष साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८२/०३/३१)

आदरणीय शेयरधनी महानुभावहरू,
मिति २०८२/०३/२५ गते बुधवार बिहान ११:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान
मिति : २०८२/०४/०९ गते, शुक्रबार अर्थात जुलाई २५, २०२५।
समय : २:०० बजे, दिउँसो।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय।

छलफलका विषयहरू
१. प्रबन्धपत्रको दफा ६ को (क) (ख) (ग) (घ) संशोधन गर्ने सम्बन्धमा।
२. जारी पूँजीको २० प्रतिशत बराबरको साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा।
३. सार्वजनिक निष्काशनबाट प्राप्त रकमको खर्च प्रयोजन सम्बन्धमा।
४. प्रबन्धपत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने, नियामक निकायहरूबाट थपघट/फेदबदल/परिमार्जन गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गराउँदा सामान्य केही हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड
विशेष साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८२/०३/३१)

आदरणीय शेयरधनी महानुभावहरू,
मिति २०८२/०३/२५ गते बुधवार दिउसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान
मिति : २०८२/०४/०९ गते, शुक्रबार अर्थात जुलाई २५, २०२५।
समय : ११:०० बजे, बिहान।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय।

छलफलका विषयहरू
१. प्रबन्धपत्रको दफा ६ को (क) (ख) (ग) (घ) संशोधन गर्ने सम्बन्धमा।
२. जारी पूँजीको २० प्रतिशत बराबरको साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा।
३. सार्वजनिक निष्काशनबाट प्राप्त रकमको खर्च प्रयोजन सम्बन्धमा।
४. प्रबन्धपत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने, नियामक निकायहरूबाट थपघट/फेदबदल/परिमार्जन गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न वा अभिलेख गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०३/३१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ साउन ०६ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

बरहथवा, सर्लाही शाखा

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागको कार्यालयमा मिति २०७२/११/०५ मा दर्ता नं. ४०३०/०७२/०७३ कायम भई सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **देवराज ईन्टरप्राइजेज ।**
प्रोप्राईटर - देवेन्द्र प्रसाद महतो

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **देवेन्द्र प्रसाद महतो**
ना.प्र.नं.- १९३०८४/१५२
जारी मिति - २०६३/११/०५, जि.प्र.का. सर्लाही
बाबु - आनन्द प्रसाद महतो कोईरी
बाजे - राम नारायण महतो कोइरी
स्थायी ठेगाना- सर्लाही जिल्ला, शंकरपुर गा.वि.स/ न.पा. वडा नं. ०८
हालको ठेगाना - सर्लाही जिल्ला, बागमती गा.वि.स/ न.पा. वडा नं. ०९

२. **बीणा देबी**
ना.प्र.नं.- ०८९०१६७८०
जारी मिति - २०५३/१२/३०, जि.प्र.का. सर्लाही
बाबु - नथुनी महतो कोइरी
बाजे - ससुरा राम नारायण महतो कोइरी
पति - आनन्द प्रसाद महतो कोइरी
स्थायी ठेगाना- सर्लाही जिल्ला, शंकरपुर गा.वि.स/ न.पा. वडा नं. ०८
हालको ठेगाना - सर्लाही जिल्ला, बागमती गा.वि.स/ न.पा. वडा नं. ०९

३. **संगीता कुमारी महतो**
ना.प्र.नं.- १९/२०८४/५०१
जारी मिति - २०६९/०४/१०, जि.प्र.का. सर्लाही
बाबु - रामलाल महतो
पति - देबेन्द्र प्रसाद महतो
स्थायी ठेगाना- सर्लाही जिल्ला, शंकरपुर गा.वि.स/ न.पा. वडा नं. ०८
हालको ठेगाना - सर्लाही जिल्ला, बागमती गा.वि.स/ न.पा. वडा नं. ०९

४. **आनन्द प्रसाद महतो कोईरी**
ना.प्र.नं.- ४९७/१०६६०
जारी मिति - २०४६/१२/३०, जि.प्र.का. सर्लाही
बाबु - रामनारायण महतो कोईरी
बाजे - बक्का महतो
स्थायी ठेगाना- सर्लाही जिल्ला, शंकरपुर गा.वि.स/ न.पा. वडा नं. ०८

लिलाम हुने सम्पतिको विवरण

१. **आनन्द प्रसाद महतो कोईरी**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, राजघाट गा.वि.स/न.पा वडा नं. शंकरपुर स्थित कित्ता नं. ३३० को क्षेत्रफल ०-९-१७-० (बि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनि कुमारी बैंक लि. र ऋणी **देवराज इन्टरप्राईजेज** कायम भई प्रदेश नं. २ यातायात व्यवस्था कार्यालय, वीरगंजमा दर्ता कायम रहेको चे.नं. MAT464602LSR12975, ई.नं. 4SPCR10PZX627160, सवारी नं. प्रदेश २-०३ ००१-च-२७०६, को XENON YODHA थान १ ।

मंलगवा, सर्लाही शाखा

१. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७६/११/०५ मा दर्ता नं. २३४७७८/०७६/०७७ कायम भई दर्ता रहेको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **माँ राजदेवी एक्सपोर्ट ईम्पोर्ट प्रा.लि.।**

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **सन्तोष वरही**
ना.प्र.नं.- १७१०७१/६२७
जारी मिति - २०७०/०२/०८, जि.प्र.का. धनुषा
बाबु - विमल वरही
बाजे - विश्वनाथ वरही
स्थायी ठेगाना- धनुषा जिल्ला, वहेडा बेला गा.वि.स., वडा नं. ०१
हालको ठेगाना - धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा., वडा नं ०५

२. **विमल वरही**
ना.प्र.नं.- ५१०२४०३७
जारी मिति - २०४५/०१/२६, जि.प्र.का. धनुषा
बाबु - विश्व नाथ वरही
बाजे - लक्ष्मेश्वर वरही
पत्नि - दिलो देवी
स्थायी ठेगाना- धनुषा जिल्ला, वहेडा बेला गा.वि.स., वडा नं. ०१
हालको ठेगाना - धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा., वडा नं. ०५

३. **दिलो देवी**
ना.प्र.नं.- ४०३२
जारी मिति - २०५७/०७/०७, जि.प्र.का. धनुषा
बाबु - अवध वरही
बाजे - मनरुप ठाकुर
ससुरा - विश्व नाथ वरही
पति - विमल वरही
स्थायी ठेगाना- धनुषा जिल्ला, वहेडा बेला गा.वि.स., वडा नं. ०१
हालको ठेगाना - धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा., वडा नं. ०५

४. **किरण देवी**
ना.प्र.नं.- १७१०७१/३५७९
जारी मिति - २०७१/०३/०४, जि.प्र.का. धनुषा
बाबु - भोगेन्द्र वडही
बाजे - जुगे ठाकुर
ससुरा - विमल वरही
पति - रमेश वडही
स्थायी ठेगाना- धनुषा जिल्ला, वहेडा बेला गा.वि.स., वडा नं. ०१
हालको ठेगाना - धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा., वडा नं. ०५

५. **रमेश वरही**
ना.प्र.नं.- १७१०७१/४
जारी मिति - २०६४/०१/२६, जि.प्र.का. धनुषा
बाबु - विमल वरही
बाजे - विश्वनाथ वरही
पत्नि - किरण देवी
स्थायी ठेगाना- धनुषा जिल्ला, वहेडा बेला गा.वि.स., वडा नं. ०१
हालको ठेगाना - धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा., वडा नं. ०५

६. **शम्भु वरही**
ना.प्र.नं.- १७-०१-७४-१०००७
जारी मिति - २०७४/०८/२८, जि.प्र.का. धनुषा
बाबु - विमल वरही
बाजे - विश्वनाथ वरही
स्थायी ठेगाना- धनुषा जिल्ला, वहेडा बेला गा.वि.स., वडा नं. ०१
हालको ठेगाना - धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा., वडा नं. ०५

लिलाम हुने सम्पतिको विवरण

१. **दिलो देवी**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तिखोर गा.वि.स./न.पा., वडा नं. ६/क स्थित कित्ता नं. ३० र २३ को क्षेत्रफल क्रमश १-६-९-० र ०-४-५-० (बिगाहा) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **माँ राजदेवी एक्सपोर्ट ईम्पोर्ट प्रा.लि.**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स./न.पा., वडा नं. ४/क स्थित कित्ता नं. ८५२ को क्षेत्रफल ०-८-८-८ (बिगाहा)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **दिलो देवी**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, देवडिहा गा.वि.स./न.पा., वडा नं. २/क स्थित कित्ता नं. १८२८ को क्षेत्रफल ०-१-१९-५ (बिगाहा)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

खैरेनी, रुपन्देही शाखा

१. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य बिभाग, रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय उद्योग विकास शाखा परासी, नवलपारासीमा मिति २०७४/०९/१३ मा प्रा.फ.द.नं. १२२७/१०८२८/०७४/०७५ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **आर.के. कोल्ड स्टोर ।**
प्रोप्राईटर - रामलाल पोखेल

लिलाम हुने सम्पतीको विवरण

१. **ज्ञानुमाया पोखेल**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स/न.पा. वडा नं. ८ स्थित कित्ता नं. ४१७ र ४१९ को क्षे.फ. क्रमशः ०-२-१३-० र ०-२-१-० (बि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **रामलाल पोखेल**
ना.प्र.नं.- २८८१४,
जारी मिति - २०६१/११/२४, जि.प्र.का. रुपन्देही
बाबु - छविलाल पोखेल
बाजे - मनिकन्ठ पोखेल
स्थायी ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं.०५
हालको ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ०५

२. **ज्ञानुमाया पोखेल**
ना.प्र.नं.- ३७३००३/६६२,
जारी मिति - २०६३/१२/०२, जि.प्र.का. रुपन्देही
बाबु - ऋषीराम अधिकारी
बाजे - थाहा नभएको
स्थायी ठेगाना- रुपन्देही जिल्ला, देवदह गा.वि.स.,वडा नं.०१
हालको ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०५

३. **केशव पोखरेल**
ना.प्र.नं.- ३७-०२-७४-०२९८८,
जारी मिति - २०७४-०४-११, जि.प्र.का. रुपन्देही
बाबु - छविलाल पोखेल
बाजे - मनिकन्ठ पोखेल
स्थायी ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ०५
हालको ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ०५

४. **गोपाल पोखेल**
ना.प्र.नं.- ३९७१२,
जारी मिति - २०६३/०७/१९, जि.प्र.का. रुपन्देही
बाबु - छविलाल पोखेल
बाजे - मनिकन्ठ पोखेल
स्थायी ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं.०५
हालको ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ०५

५. **सावित्री भुसाल पोखेल**
ना.प्र.नं.- ६५-०१-७१-०५५४२ वर्दिया,
जारी मिति - २०७१/०९/०३, जि.प्र.का. रुपन्देही
बाबु - दिर्गलाल भुसाल
बाजे - डामाराम भुसाल
स्थायी ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं.०५
हालको ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ०५

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८२ साउन ०५ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८२ साउन ०६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ साउन ०६ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

त्रिवि क्रिकेट मैदान समयमै नबनेपछि सरकारलाई प्रचण्डको प्रश्न

प्रधानमन्त्री केपी ओलीले आफ्नो पहिलो क्याबिनेटको बैठकबाटै तीन सय दिनभित्रै त्रिवि क्रिकेट मैदानमा फ्लडलाइट र प्यारापिटले पूर्णता पाउने निर्णय गरेका थिए, तर मिति सकिँदा पनि निर्माण कार्यले अझै पूर्णता पाएन

रमेश सुवेदी/नयाँ पत्रिका

■ प्रचण्डको प्रश्न



मेरो नेतृत्वको सरकारले कीर्तिपुरमा रहेको क्रिकेट रंगशाला निर्माणको काम अघि बढायो। फ्लड्लाइट जडान गर्न ठेक्का पनि भयो। तर, त्यही वेला हामी सरकारबाट बाहिरिनुपऱ्यो। अनि प्रधानमन्त्रीकै भाषामा शक्तिशाली दुईतिहाइको सरकार बनेपछि उहाँले प्रतिष्ठाकै विषय बनाउँदै पहिलो निर्णय नै तीन सय दिनभित्र फ्लडलाइट र प्यारापिटसहितको अन्तर्राष्ट्रिय रंगशाला बनाउने घोषणा गर्नुभयो। तर, आज एक वर्ष बित्यो, जोडियो त फ्लडलाइट ? बन्यो त प्यारापिट ?

■ प्रधानमन्त्री ओलीको उत्तर



पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालजीले आज प्रश्न सोध्नुभएछ, कीर्तिपुरको मैदानमा खोइ फ्लडलाइट ? खोइ प्यारापिट ? मेरो उहाँलाई आग्रह छ, बनिरहेको प्यारापिट हेर्न जानुस्, जडान हुँदै गरेको फ्लडलाइटका पोल हेर्न जानुस्। बनिरहेको छ। तपाईं प्रधानमन्त्री हुँदा कुनै पनि कामलाई टाइमलाइन तोकेर गर्छु भन्नुभएन र तपाईंले केही गर्नु पनि परेन र गर्नु पनि भएन। सरकारको कामबारे तथ्य तथ्यांक राखेर तपाईंले प्रधानमन्त्रीको रूपमा जवाफ पनि दिनुपरेन। तपाईंका न कुनै वाचा, न कुनै निर्णय, न कुनै संकल्प, न कुनै काम।

थप भएको दुई महिनाको समय सकियो

ओलीले आफ्नो पहिलो क्याबिनेटको बैठकबाटै तीन सय दिनभित्रै त्रिवि क्रिकेट मैदानले पूर्णता पाउने निर्णय गरेका थिए। तर, त्रिवि क्रिकेट मैदानको निर्माण कार्य सुस्तगतिमा भइरहेको छ। सरकारले ९० दिनमा पहिलो चरण काम सकिने भनिएको थियो। समयमै काम नसकिएपछि गत वैशाखमा दुई महिनाको समय थप भयो। अहिले थप भएको समय गत साता नै सकिएको थियो। सरकारले अहिले फेरि मिति थप्ने तयारी गरिरहेको छ। हाल मैदानमा प्यारापिट बनाउने र कुर्सी जडान गर्ने काम चलिरहेको छ। तर, मैदानको अर्को महत्त्वपूर्ण काम फ्लडलाइटको जडान काम निकै सुस्त छ।

प्रचण्डले आफू सरकारमै हुँदा फ्लडलाइट जडान गर्ने तयारी सुरु गरे पनि सरकारबाट बाहिरिनुपर्दा पूरा गर्न नसकेको बताए। उनको समयमा त्रिवि मैदानमा डिजिटल स्कोरबोर्ड जडान भएको थियो। 'मेरो नेतृत्वको सरकारले कीर्तिपुरमा रहेको क्रिकेट रंगशाला निर्माणको काम अघि बढेको थियो। फ्लडलाइट जडान गर्न ठेक्का पनि भयो। तर, त्यही वेला हामी सरकारबाट बाहिरिनुपऱ्यो,' प्रचण्डले भने।

फ्लडलाइट जडानका लागि ललितपुरको विशन-ईश्वरी जोइन्ट भेन्चरले ४२ करोड १९ लाख ९१ हजार ६५३ रुपैयाँमा ठेक्का पाएको छ। प्यारापिटका लागि बिकेओआई-केसिडिसी-बिजी जेभी, टंगालले ४३ करोड ७७ लाख ३० हजार १३ रुपैयाँको ठेक्का पाएको छ।

पूर्वप्रधानमन्त्री तथा प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालाको निर्माण समयमै नबनेपछि सरकारलाई प्रश्न गरेका छन्। प्रतिनिधिसभामा सोमबार बोल्दै प्रचण्डले केपी ओलीको नेतृत्वमा रहेको सरकारले तीन सय दिनभित्रै फ्लडलाइट र प्यारापिटसहितको अन्तर्राष्ट्रिय रंगशाला बनाउने गरेको घोषणा पूरा नहुँदा प्रश्न उठाएका हुन्।

'जोडियो त फ्लडलाइट ? बन्यो त प्यारापिट ?' उनले प्रश्न गरे, 'प्रधानमन्त्रीकै भाषामा शक्तिशाली दुईतिहाइको सरकार बनेपछि उहाँले प्रतिष्ठाकै विषय बनाउँदै पहिलो निर्णय नै तीन सय दिनभित्र फ्लडलाइट र प्यारापिटसहितको अन्तर्राष्ट्रिय रंगशाला बनाउने घोषणा गर्नुभयो। तर, आज एक वर्ष बित्यो।'

प्रचण्डले प्रतिनिधिसभामा राखेको प्रश्न गरेलगत्तै प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालबाट त्यसको उत्तर फर्काएका छन्। ओलीले प्रचण्डलाई मैदानमा गएर उपलब्धि हेर्न सुझाव दिएका छन्। 'बनिरहेको प्यारापिट हेर्न जानुस्, जडान हुँदै गरेको फ्लडलाइटका पोल हेर्न जानुस्। बनिरहेको छ। तपाईं प्रधानमन्त्री हुँदा कुनै पनि कामलाई टाइमलाइन तोकेर गर्छु भन्नुभएन र तपाईंले केही गर्नु पनि परेन र गर्नु पनि भएन,' ओलीको प्रतिप्रश्न रह्यो।

क्यानले नै एनपिएलको ट्रेडमार्क प्रयोग गर्न पाउने

जोरा स्पोर्टस् म्यानेजमेन्टका प्रमुख अमिर अख्तरले एनपिएलको ट्रेडमार्कका लागि राखेको दाबीमा प्रमाण नपुगेको उद्योग विभागको ठहर

नयाँ पत्रिका

नेपाल प्रिमियर लिग (एनपिएल)मा ट्रेडमार्कसम्बन्धी मुद्दामा उद्योग विभागले सोमबार नेपाल क्रिकेट संघ (क्यान)को पक्षमा फैसला सुनाएको छ। जोरा स्पोर्टस् म्यानेजमेन्टका प्रमुख अमिर अख्तरले एनपिएलको ट्रेडमार्कको दाबी गर्दै विभागमा मुद्दा हालेका हुन्। तर, विभागले ट्रेडमाकसम्बन्धी जोरा स्पोर्टस् म्यानेजमेन्टको दाबी नपुग्ने भनी क्यानलाई लोगो र ट्रेडमार्क प्रयोग गर्न पाउने गरी फैसला गरेको हो।

विभागको फैसलासँगै दोस्रो एनपिएलको आयोजना गर्न क्यानलाई बाटो खुला भएको छ। क्यानले दोस्रो संस्करणको प्रतियोगिताको तयारी सुरु गरिसकेको छ। सहभागी विभिन्न आठ फ्रेन्चाइजले खेलाडी रिटेन र रिलिज गरिसकेका छन्। आगामी अगस्टमा एनपिएलको अक्सन हुनेछ।

अख्तरले ०७१ सालमा नेपाल प्रिमियर लिग (एनपिएल) आयोजना गरेका थिए। धनगढीको फाप्ला मैदानमा पञ्चकन्या तेजले जगदम्बा जायन्टलाई ९७ रनले हराउँदै उपाधि जितेको थियो। धनगढीमा भएको एनपिएलमा ६ टोलीले भाग लिएका थिए। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)बाट प्रतिबन्ध फुकुवा भएपछि क्यानले आधिकारिक रूपमा नेपाल प्रिमियर लिग सम्बन्धित क्रिकेट बोर्डले मात्र गर्न पाउने र अरूले गर्न नमिल्ने बताएको थियो।

क्यानको यस निर्णयपछि अख्तरले त्यसको विरोध गरेका थिए। त्यसपछि उनले प्रतियोगिताको नाम फेरेर एभरेस्ट प्रिमियर लिग (इपिएल)बाट टी-२० फ्रेन्चाइज आयोजना गरे। अख्तरले एभरेस्ट प्रिमियर लिगका केही संस्करणसमेत आयोजना गरेका थिए। यद्यपि, क्यानले गत वर्ष मंसिरमा एनपिएल आयोजनाको घोषणा रेपछि अख्तरले उद्योग विभागमा नेपाल प्रिमियर लिग प्राल आफ्नो नाममा रहेकाले यस नामबाट कसैले पनि प्रतियोगिता आयोजना गर्न नपाउने उजुरी राखेका थिए।

उनले गत वर्षको २५ कात्तिकमा सर्वोच्च अदातलमा पनि एनपिएल रोक्न भनी रिट राखे। यसवेला उनले एनपिएल सञ्चालन गर्न क्यानले आफूसँग १० वर्षको सम्झौता गरेको दाबी गरेको थियो। तर, क्यानले मात्र फ्रेन्चाइज लिग आयोजना गर्न पाउने र अन्य कुनै पनि कम्पनीले त्यस किसिमको टी-२० फ्रेन्चाइज आयोजना गर्न नपाउने निर्णय गरेको छ।

■ थप अनुसन्धान गर्न कार्यदलको सुझाव

पहिलो संस्करणको एनपिएलको अनियमितता सम्बन्ध गठन भएको छानबिन कार्यदलले थप अनुसन्धान गर्न सुझाव दिएको छ। छानबिन कार्यदलले खेलकुदमन्त्री तेजुलाल चौधरीलाई प्रतिवेदन बुझाएको छ। प्रतिवेदनमा क्यानले छानबिनमा असहयोग गरेको र यस विषयमा थप छानबिन गर्न सुझाव दिएको हो।

राखेपको बोर्ड सदस्य रञ्जना प्रधान संयोजक रहेको छानबिन कार्यदलमा राखेपअन्तर्गत आर्थिक प्रशासन शाखाका प्रमुख ऋषिराम पोखरेल र कानुन शाखाका प्रमुख नारायण अर्याल थिए। क्यान अध्यक्ष चतुरबहादुर चन्दले छानबिनमा सहयोग गर्ने बताउँदै आए पनि छानबिन कार्यदलले आवश्यक सहयोग नपाएको गुनासो गरेको छ।

यसअघि राष्ट्रिय खेलकुद परिषद्ले राखेपकै बोर्ड सदस्य अञ्जन धमलाको संयोजकत्वमा एनपिएल छानबिन कार्यदल गठन गरेको थियो। समितिले छानबिनपछि प्रतिवेदन तयार पारे पनि प्रतिवेदन बुझाउन नपाउँदै खेलकुदमन्त्री चौधरीले अर्को छानबिन कार्यदल गठन गरेका थिए। पहिलो छानबिन कार्यदलले राम्रोसँग काम नगरेको भन्दै अर्को छानबिन कार्यदल गठन गर्नुपरेको चौधरीले बताएका थिए।

■ कर्णालीको प्रशिक्षकमा ज्ञानेन्द्र

कर्णाली याक्स स्पोर्टस् प्रालिले ज्ञानेन्द्र मल्लाईलाई प्रशिक्षक रूपमा निरन्तरता दिएको छ। प्रशिक्षक तथा क्रिकेट निर्देशकमा मल्लाईलाई नियुक्त गरेको कर्णाली याक्स स्पोर्टस् प्रालिका निर्देशक गृहेन्द्र घिमिरेले जानकारी दिएका छन्। पहिलो संस्करणमा पाएको सफलतामा पूर्वअन्तर्राष्ट्रिय खेलाडी मल्लेले महत्त्वपूर्ण भूमिका गरेको घिमिरेले बताए। सम्झौताको अवधि एक वर्षको रहनेछ। गत वर्षको १५ मंसिर देखि ६ पुससम्म भएको एनपिएलमा कर्णालीले दोस्रो क्वालिफायर यात्रा गरेको थियो।

गत वर्षको १५ मंसिरदेखि ६ पुससम्म भएको एनपिएलमा कर्णालीले दोस्रो क्वालिफायर यात्रा गरेको थियो



'नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तानसमेत रहेका मल्लको प्रशिक्षणमा हाम्रो टोलीले पहिलो संस्करणमा शीर्ष चारमा रहँदै प्लेअफसम्मको यात्रा तय गरेको थियो, आगामी संस्करणमा पनि हामीले उहाँको प्रशिक्षणमा टोलीले सफलता हात पार्ने विश्वास छ,' घिमिरेले भने।

मल्ल दोस्रो संस्करणमा अनुबन्ध हुने दोस्रो प्रशिक्षक तथा पहिलो नेपाली हुन्। यसअघि काठमाडौं गोर्खाजले नेपालकी राष्ट्रिय टोलीका पूर्वप्रशिक्षक मोन्टी देसाईलाई प्रशिक्षकमा नियुक्त गरेको थियो। कर्णालीले प्रतियोगिताका लागि मार्कीसहित सात खेलाडीलाई रिटेन गरिसकेको छ।

कर्णालीका नवनियुक्त प्रशिक्षक मल्लले दोस्रो संस्करण काम गर्न उत्साहित भएको बताएका छन्। 'कर्णालीले एकपटक फेरि मलाई विश्वास गरेर जिम्मेवारी दिएको छ। पछिल्लोपटक हामीले निकै राम्रो गरेका थियौं,' उनले भने, 'योपटक त्यस्तै प्रदर्शन गर्दै उपाधि जिताउने योजना बनाएको छु।'

रोमाञ्चक तेस्रो टेस्टमा इंग्ल्यान्ड २२ रनले विजयी

एजेन्सी

इंग्ल्यान्डले सोमबार भारतविरुद्धको तेस्रो टेस्टको पाँचौं दिनमा २२ रनको रोमाञ्चक जित निकालेको छ। जितसँगै इंग्ल्यान्डले पाँच टेस्ट सिरिजमा २-१ को अग्रता लिएको छ। इंग्ल्यान्डले जितका लागि एक सय ९३ रन दिएको थियो। लर्ड्स मैदानमा सहज देखेको लक्ष्य पछ्याएको भारत एक सय ७० रनमा समेटिँदा इंग्ल्यान्डले बाजी मारेको हो।

पहिलो इनिङ्समा इंग्ल्यान्डले तीन सय ८७ रन तथा दोस्रो इनिङ्समा एक सय ९२ रन जोडेको थियो। भारतले पहिलो इनिङ्समा तीन सय ८७ रन बनाएको थियो। दोस्रो इनिङ्समा भारतका शीर्ष तथा मध्यक्रमका ब्याट्समान चल्न नसक्दा इंग्लिस बलर हाबी भए। इनिङ्सको एक समय भारत ८२-७ को नाजुक स्थितिमा थियो। नितीशकुमार रेड्डी र रवीन्द्र जडेजाले आठौं विकेटका लागि ३० रनको साझेदारी गर्दै टोलीलाई ११२-८ को अवस्थामा राखे।



जडेजाले अन्तिमसम्म भारतलाई जितको आशा दिलाएका थिए। उनले जसप्रित बुमरासँग नवौं विकेटका लागि ३५ रन जोडे। भारतले आठौं र नवौं विकेट गुमाउँदा जडेजाले लगभग सबै स्ट्राइक आफूमा राखेका थिए। उनले ओभरको अन्तिम बलमा रन लिँदै स्ट्राइक लिएका थिए। तर, उनलाई पुछारका ब्याट्समान्यले गतिलो साथ दिएनन्। नितीशले ५३ बलमा १३ चौका प्रहार गरे।

अन्तिमसम्म आउट नभएका जडेजाले एक सय ८१ बलमा ६१ रन जोडे। तेस्रो टेस्टमा इंग्ल्यान्डका वेन स्टोक्स म्यान अफ दी म्याच भए। उनले पहिलो इनिङ्समा ४४ रन जोड्नुका साथै दुई विकेट लिए। लक्ष्य रक्षा गरेको इनिङ्समा उनले तीन विकेट हात पारे।

■ सप्तरी प्राइड लिग

राजविराज र तिरहुत सेमिफाइनलमा

सप्तरी/ सातौं सप्तरी प्राइड लिगअन्तर्गत सोमबार राजविराज राजदेवी रोयल्स र राजगढ वारियर्सले अंक बाँडेका छन्। अर्को खेलमा तिरहुत टाइगर्सले रुपनी राइडर्सलाई पराजित गरेको छ। समूह 'ए'बाट राजविराज र समूह 'बी'बाट साबिक विजेता तिरहुत सेमिफाइनल प्रवेश गरेका छन्। पबि स्कुल मैदानमा राजविराजले पहिलो ब्याटिङ गरी १४. १ ओभरमा चार विकेट गुमाएर १५० रन बनाएको थियो।

राजविराजका ओपनर रोहन विकले सर्वाधिक ५१ रन बनाए। उनले २४ बलमा समान चार चौका र छक्का प्रहार गरे। राजगढका रोशन यादवले सर्वाधिक तीन विकेट लिएका थिए। दोस्रो खेलमा तिरहुत टाइगर्सले रुपनीमाथि १० विकेटको जित निकाल्यो। वर्षाका कारण १२ ओभरमा घटाइएको खेलमा पहिलो ब्याटिङ गरेको रुपनीले ९.४ ओभरमा ५८ रन बनायो। ५९ रनको सामान्य लक्ष्य तिरहुतले विनाविकेट क्षति पूरा गऱ्यो।

उनले २३ बलमा पाँच चौका र दुई छक्का प्रहार गरे। तिरहुत बलर चित्रबहादुर विष्ट पाँच विकेट लिए। म्यान अफ दी म्याच विष्टले तीन ओभरमा १२ रन खर्चेका थिए। अजय यादवले १० रन खर्चेर तीन विकेट हात पारे।

खेल संक्षेप

सुस्मिता विश्व मुवाथाई वरीयताको १२औं स्थानमा

काठमाडौं/ नेपालकी सुस्मिता थापामगर विश्व मुवाथाई परिषद्को महिला वरीयतामा सूचीकृत हुने नेपाली खेलाडी बनेकी छिन्। डब्लुबिसीले सोमबार सार्वजनिक गरेको वरीयताअनुसार सुस्मिता ५२ केजीतर्फ १२औं स्थानमा परेकी हुन् । २१ वर्षीया सुस्मिता गण्डकी विश्वविद्यालयमा खेल विषयमा स्नातक तहमा अध्ययनरत रहेकी छिन्। आइटिएफ तेक्वान्दोमा राष्ट्रिय च्याम्पियन सुस्मिताले त्यही पृष्ठभूमिबाट मुवाथाईतर्फको यात्रा थालेकी हुन्। प्रशिक्षक खगेन्द्र क्षेत्रीले सुस्मिता २५ जुलाईमा श्रीलंकामा आयोजना हुने मुवाथाई प्रतिस्पर्धामार्फत आफ्नो अन्तर्राष्ट्रिय डेब्यु गर्नेछिन्।

जेभियर बास्केटबल आजदेखि

काठमाडौं/ काठमाडौं जेभियर पब्लिक स्कुलको आयोजनामा दोस्रो काठमाडौं जेभियर पब्लिक श्री बाई श्री बास्केटबल प्रतियोगिता मंगलबारदेखि हुने भएको छ। प्रतियोगितामा ६४ टोलीको सहभागिता रहने काठमाडौं जेभियरका संस्थापक प्रिन्सिपल आरबी अधिकारीले जानकारी गराए। सिनियर र जुनियर पुरुषमा समान २४ टोलीले भाग लिनेछन्। सिनियर महिलामा १६ टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा हुने अधिकारीले बताए। दुवै समूहको विजेताले सात हजार र उपविजेताले पाँच हजार नगद पुरस्कार पाउने काठमाडौं जेभियरका इसिए इन्चार्ज खड्ग केसीले बताए।

राष्ट्रपति ट्रम्पले खेलाडीलाई दिए 'सरप्राइज'

क्लब विश्वकपको फाइनल खेल हेर्न रंगशालामा पुगेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विजेता तथा उपविजेतालाई पदक वितरण गर्दा सबै अचम्मित

एजेन्सी

फिफा क्लब विश्वकप फुटबल प्रतियोगितामा चेल्सीले युरोपियन च्याम्पियन्स लिग विजेता पेरिस सेन्ट जर्मेन (पिएसजी)लाई ३-० को स्तब्ध पार्दै पहिलोपटक उपाधि हात पाऱ्यो। क्लब विश्वकपको फाइनलमा युरोपियन विजेतामाथिको एकपक्षीय जित सबैलाई अप्रत्याशित थियो। उत्कृष्ट फर्ममा रहेको पिएसजीले क्लब विश्वकपमा नकआउट चरणमा युरोपका बलिया क्लबविरुद्ध सानदार जित हात पारेको थियो। यसले उसलाई प्रमुख दाबेदार रूपमा हेरिएको थियो। तर, फाइनलमा चेल्सीले यस्तो खेल्यो कि पिएसजीको केही लागेन। पहिलो हाफमा चेल्सीले पिएसजीमाथि तीन गोल ठोक्दै उपाधि नै पक्का पाऱ्यो।

पिएसजीका समर्थकका लागि यो सरप्राइज नतिजा थियो। तर, खेलपछि पुरस्कार र ट्रफी वितरणमा हजारौं दर्शकले अर्को 'सरप्राइज' देखे। त्यो थियो, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प स्वयंले विजेता चेल्सीका खेलाडीलाई ट्रफी वितरण गरे। फिफाले आयोजना गर्ने प्रतियोगितामा अध्यक्षले ट्रफी वितरण गर्ने चलन छ। सोमबार बिहान पनि व्यवस्थापनले यस्तै कार्यक्रम तयार पारेका थिए। यद्यपि, चेल्सी र पिएसजीको फाइनल खेल हेर्न राष्ट्रपति ट्रम्प आउने पूर्व जानकारी सबैले पाएका थिए।

तर, ट्रम्प रंगशालामा कति समयसम्म रहने कसैलाई पनि थाहा थिएन। ट्रम्प खेलको अन्तिमसम्मै बसेर फाइनल खेल हेरे। अर्को वर्ष अमेरिकाले नै विश्वकप आयोजना गर्दै छ। त्यसको प्रोमोसन गर्न पनि उनले उपाधि भिडन्तको पूरै खेल हेरेको विज्ञहरू बताउँछन्। पुरस्कार वितरण समारोह र स्टेजमै गएर ट्रम्पले खेलाडीलाई पुरस्कृत गर्ने अनुमान कसैले गरेका थिएनन्।

■ ट्रम्पले दिए ट्रफी



फिफा अध्यक्ष गिआनी इन्फाटिन्होले भिआइपी बक्समा राष्ट्रपति ट्रम्पलाई खेलको बारेमा जानकारी दिइरहेका थिए। मेटलाइफ रंगशालामा ट्रम्पले उत्सुकतापूर्वक खेल हेरेनन्, गिआनीको विश्लेषणसमेत सुनेर बसेका थिए। रंगशालामा फाइनल खेल हेर्ने ८१ हजार एक सय १८ जना दर्शक थिए। स्टेजमा ट्रम्पसँगै गोलरक्षक रोबर्ट सान्चेज र फिफा अध्यक्ष थिए। सान्चेजले विश्वकै शक्तिशाली राष्ट्रपति ट्रम्पसँगै बस्दा 'सपना वा विपना'जस्तै भएको प्रतिक्रिया दिएका छन्। 'मलाई अझै पनि विश्वास लागेको छैन, मसँगै अमेरिकी राष्ट्रपतिसँगै थिए,' सान्चेजले भने, 'आयोजकले हामीसँग राष्ट्रपतिको आगमन हुने मात्र जानकारी दिएको थियो, तर स्टेजमा उहाँसँगै बस्ने जानकारी थिएन।' ट्रम्पलाई चेल्सीको खेल खुबै मन परेको रहेछ। गोलरक्षक सान्चेजलाई ट्रम्पले उनले भने, 'चेल्सीले उत्कृष्ट खेल्यो, वास्तवमा चेल्सीका खेलाडी च्याम्पियन हुन्।' पिएसजीको पोस्टमा कोले पाल्मेरले दुई गोल गरेका थिए। पाल्मेर पनि ट्रम्प स्टेजमा देख्दा अच्चम्मा परेका रहेछन्। 'मलाई यति थाहा थियो, राष्ट्रपति फाइनल खेल हेर्न आउनेछन्, तर ट्रफी नै वितरण गर्ने थाहा थिएन,' पाल्मेरले भने, 'सुरुमा उहाँले मेडल वितरण गरिरहँदा म झुक्किएँ।'

फिफा अध्यक्ष मिल्ने साथी

फाइनलअघि ट्रम्पले एउटा टेलिभिजन कार्यक्रममा फिफा अध्यक्ष गिआनीलाई मिल्ने साथीका रूपमा बताएका थिए। 'तपाईंहरूलाई थाहा नहुन सक्छ। गिआनी मेरो मिल्ने साथीमा पर्छन्, वास्तवमा फिफा अध्यक्षले क्लब विश्वकपमा उत्कृष्ट काम गरेको पाएँ,' गिआनीको प्रशंसा गर्दै ट्रम्पले भने, 'फिफाको परिभाषामा यसलाई फुटबल भनिन्छ, तर हामीहरूले यसलाई सकर भन्छौं।' अर्को वर्ष विश्वकप फुटबल प्रतियोगितामा पनि गिआनीबाट यस्तै उत्कृष्ट प्रतियोगिताको व्यवस्थापनको अपेक्षा ट्रम्पले लिएका छन्। ट्रम्पलाई खेलकुद व्यवस्थापन र खेलाडीको आत्मबल कसरी बढाउनुपर्छ भन्ने थाहा छ। सन् १९९० को दशकमा उनी अमेरिकाको डब्लुडब्लुईका व्यवस्थापकसमेत थिए। डब्लुडब्लुईको अनुभवबाटै ट्रम्पलाई खेलाडीसँग कसरी कुराकानी गर्नुपर्छ भन्ने ज्ञात भएको हो। क्लब विश्वकपको ट्रफी वितरण गरिरहँदा उनले संक्षिप्तमा खेलाडीसँग खेलको बारेमा कुरा गर्न भ्याए।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिफारिस समितिको सचिवालय

विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिको कार्यकारी निर्देशक पदका लागि

आवेदन माग्को सूचना

प्रथम पटक प्रकाशन मिति : २०८२/०३/३१

विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिको कार्यकारी निर्देशक पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकाले विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ बमोजिम इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयभित्र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन सोही निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिनेछ।

१. आवश्यक योग्यता :

क) नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, जन प्रशासन, कानून, इन्जिनियरिङ वा मानविकी तथा समाजशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव र व्यवस्थापकीय क्षमता भएको

ख) विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ को दफा ६ को उपदफा (५) बमोजिम अयोग्य नभएको

२. पारिश्रमिक तथा सुविधाहरु :

नेपाल सरकारबाट तोकिए बमोजिम

३. दरखास्त फारामसाथ संलग्न राख्नुपर्ने कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
ख) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
ग) व्यक्तिगत विवरण
घ) अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि
ङ) शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२क. बमोजिमको स्वघोषणापत्र
च) विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिको व्यावसायिक कार्य योजना (५ हजार शब्दमा नबढाई) को छुट्टै सिलबन्दी खाम

नोट: दरखास्त फाराम शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) मा बुझाउनुपर्नेछ। फारमको ढाँचा वा अन्य आवश्यक जानकारीका लागि (कार्यालय समयभित्र ४२११८७६) मा सम्पर्क गर्न सकिनेछ। विस्तृत जानकारी मन्त्रालयको वेबसाइट ***www.moud.gov.np*** बाट समेत प्राप्त गर्न सकिनेछ।

द्रष्टव्य: व्यावसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुने मिति, समय र स्थान उम्मेदवारहरूको अन्तिम सूची प्रकाशन गर्दा तोकिनेछ।

-सिफारिस समिति

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com